सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२२ वैशाख २०८३, मंगलबार (5 May 2026, Tuesday) ■ नेपाल संवत् ११४६ ■ वर्ष २० ■ अंक २२ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

दुई दिन बिदाले अस्तव्यस्त ठुला सरकारी अस्पताल

आइतबार पनि ओपिडी बन्द गर्ने निर्णयपछि सरकारी अस्पतालमा सोमबार बिरामीको चाप, महँगो शुल्क तिरेर बिरामी निजी अस्पताल जान बाध्य







सोमबार वीर अस्पतालमा उपचारका लागि आएका बिरामीको भिड

■ आइतबार बिदा हुँदा यसरी बढेको छ सोमबार बिरामीको चाप

बिदा नहुँदा	अस्पताल	बिदा हुँदा
२,२३०	**वीर अस्पताल**	४,५००
५८०	**ट्रमा सेन्टर**	८९०
९५०	**निजामती अस्पताल**	१,३००
१,६५०	**पाटन अस्पताल**	२,१००
६२०	**कान्ति बाल अस्पताल**	८२०
१९००	**त्रिवि शिक्षण अस्पताल**	२,४००

शिवहरि घिमिरे / नयाँ पत्रिका

सरकारले आइतबार सार्वजनिक बिदा लागू गरेपछि देशका ठुला सरकारी अस्पतालहरूको सेवाप्रवाह गम्भीर प्रभावित भएको छ। बिदाको व्यवस्थाले बिरामीको चाप एकै दिनमा केन्द्रित हुँदा उपचार सेवा अस्तव्यस्त बनेको छ। सीमित स्रोत-साधन र जनशक्तिका कारण सबै बिरामीलाई तत्काल सेवा दिन सम्भव नभएकाले अवस्थाअनुसार प्राथमिकता निर्धारण गर्दै उपचार गर्नुपर्ने बाध्यता रहेको अस्पतालहरूले जनाएका छन्।

संविधानले नै स्वास्थ्य सेवालाई आकस्मिक तथा अत्यावश्यक सेवाका रूपमा परिभाषित गरेको छ। कानुनले जुनसुकै अवस्थामा पनि स्वास्थ्य सेवा अवरुद्ध हुन नहुने व्यवस्था गरेको छ। तर, सरकारले आइतबार बिदा लागू गरेसँगै अस्पतालको नियमित सेवासमेत प्रभावित भइरहेको छ। पहिलेदेखि नै शनिबार सार्वजनिक बिदाका कारण अस्पतालहरूमा बिरामीको चाप उच्च हुने गरेकोमा अहिले आइतबार पनि सेवा बन्द हुँदा सोमबार बिरामीको संख्या थेगिनसक्नु भएको छ। परिणामस्वरूप सर्यौं बिरामी समयमै उपचार नपाई प्रभावित भइरहेका छन्। भिडका कारण टिकट काटेका बिरामी पनि जाँचबाट वञ्चित भइरहेका छन्।

सरकारले ६ वैशाखदेखि स्वास्थ्यमा पनि आइतबार बिदा हुने नियम लागू गरेको छ। जसले अधिकांश अस्पतालमा बिरामीको चाप एकै दिनमा अत्यधिक बढेको छ। तथ्यांकअनुसार वीर अस्पतालमा आइतबार औसत दुई हजार २३० बिरामी आउने गर्थे। तर, बिदा लागू भएपछि सोमबार यो संख्या झन्डै दोब्बर हुँदै चार हजार पाँच सय पुगेको छ। यस्तै, ट्रमा सेन्टर मा आइतबार ५८० बिरामी आउने गरेकोमा अहिले सोमबार ८९० पुगेको छ। निजामती अस्पतालमा ९५० बाट बढेर एक हजार तीन सय पुगेको छ भने पाटन अस्पतालमा एक हजार ६५० बाट दुई हजार एक सय पुगेको छ।

बालबालिकाको उपचार हुने कान्ति बाल अस्पतालमा पनि उस्तै प्रवृत्ति देखिएको छ। आइतबार औसत ६२० बिरामी आउने गरेकोमा सोमबार यो संख्या ८२० पुगेको छ। त्यस्तै, त्रिवि शिक्षण अस्पतालमा आइतबार एक हजार नौ सय बिरामी आउने गरेकोमा अहिले सोमबार दुई हजार चार सय बिरामी पुग्ने गरेका छन्।

सोमबार वीरमा करिब चार हजार पाँच सय बिरामीले टिकट लिएका थिए। तर, करिब तीन हजार पाँच सयले मात्र जाँच गराउन पाए। बाँकी पालो नपाई फर्किन बाध्य भए। 'बुबाको दाँतसम्बन्धी समस्या थियो, आज अति भिड रहेछ, कुर्दाकुर्दा पालो आएन, अन्तिममा भोलि आउनु आज ओपिडी बन्द भयो भनेर कर्मचारीले भने,' वीर अस्पतालमा भेटिएका सुर्खेतका हरिशकुमार धामीले भने, 'गाउँबाट आएको सामान्य उपचारका लागि पनि यति धेरै भिड हुने रहेछ, भाडामा बस्नुपरेको छ, अस्पताल आउँदा पालो नै आएन।'

» पृष्ठ २ मा क्रमशः

समन्वय गरिरहेका छौं, सेवाप्रवाह सहज भइरहेको छ

● **निशा मेहता**, स्वास्थ्यमन्त्री



हामी आएपछि वीर र अन्य अस्पतालको सेवा सुधारिएको छ, दिउँसो २ बजेपछि अस्पतालमा बिरामीको संख्या कम हुन्छ, पहिलेजस्तो छैन। हामीले समन्वय गरिरहेका छौं, सेवा सहज भइरहेको छ।

स्वास्थ्यकर्मीलाई मात्र बिदा नदिनु व्यावहारिक हुँदैन

● **सुधा शर्मा**, पूर्वस्वास्थ्यमन्त्री



अरूलाई बिदा दिँदा स्वास्थ्यकर्मीलाई नदिँदा व्यवस्थापन कठिन हुन्छ, सट्टा बिदा दिन पनि जनशक्ति पुग्दैन। बरु इमर्जेन्सी सेवा बलियो बनाउनुपर्छ र नियमित सेवा दिने दिनहरूलाई अझ प्रभावकारी बनाउनु आवश्यक छ।

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

■ संवैधानिक परिषद् अध्यादेश पुनः शीतलनिवासमा

जारी गर्ने तयारीमा राष्ट्रपति

मन्त्रिपरिषद् बैठकले कुनै परिमार्जन नगरी अध्यादेश पुरानै स्वरूपमा पुनः सिफारिस गरेपछि राष्ट्रपति पौडेल नैतिक संकटमा, फेरि फिर्ता गर्ने संवैधानिक व्यवस्था नरहेकाले जारी गर्ने तयारी



प्रधानमन्त्री कार्यालयमा सोमबार बसेको मन्त्रिपरिषद् बैठक

कमलराज भट्ट / नयाँ पत्रिका

सरकारले संवैधानिक परिषद्सम्बन्धी (पहिलो संशोधन) अध्यादेश जारी गर्न राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष पुनः सिफारिस गरेको छ। संवैधानिक र संसदीय अभ्यासअनुसार पुनर्विचार आवश्यक रहेको भन्दै राष्ट्रपति पौडेलले आइतबार फिर्ता गरेको अध्यादेश सरकारले पुरानै स्वरूपमा अर्को दिन पुनः सिफारिस गरेपछि शीतलनिवास नैतिक संकटमा परेको छ। दोहोऱ्याएर आएको अध्यादेश फिर्ता गर्ने संवैधानिक व्यवस्था नरहेकाले अब जारी गर्ने संकेत राष्ट्रपति कार्यालयले दिएको छ।

सोमबार बसेको मन्त्रिपरिषद् बैठकले कुनै परिमार्जन नगरी पुरानै स्वरूपमा अध्यादेश पुनः सिफारिस गर्ने निर्णय गरेको सरकारका प्रवक्ता तथा शिक्षामन्त्री सस्मित पोखरेलले बताए। 'पहिला जस्तो थियो, जस्ताको तस्तै पठाइएको छ। त्यसमा कुनै परिमार्जन छैन,' उनले भने।

राष्ट्रपति पौडेलले आइतबार अध्यादेशका प्रावधान संविधान र बहुमतीय प्रणालीको अभ्यासविपरीत रहेको भन्दै पुनर्विचार गर्न मन्त्रिपरिषद्लाई फिर्ता पठाएका थिए। तर, सरकारले राष्ट्रपतिको चासो सम्बोधन नगरी हुबहु शीतलनिवास पठाएको छ।

मन्त्रिपरिषद्ले १४ वैशाखमा संवैधानिक परिषद्सहित आठवटा अध्यादेश सिफारिस गरेको थियो। तीमध्ये सातवटा अध्यादेश राष्ट्रपति पौडेलले जारी गरिसकेका छन् भने संवैधानिक परिषद्सम्बन्धी अध्यादेशमा भने उनले असहमति जनाएका थिए।

यसअघि पनि संवैधानिक परिषद्सम्बन्धी विधेयक तथा अध्यादेश होल्ड गर्दै आएका राष्ट्रपति पौडेलले यसपटक पुनः संवैधानिक र संसदीय अभ्यासअनुसार एकपटक पुनर्विचार आवश्यक रहेको भन्दै फिर्ता पठाएका थिए। तर, सरकारले त्यसलाई नसमेटी पुनः उही प्रस्ताव पठाएपछि प्रक्रिया कुन दिशामा जाने भन्ने अन्योल छ।

कानुनविद्हरूले भने अब राष्ट्रपतिसँग अध्यादेश जारी गर्नुको विकल्प नभएको बताएका छन्। राष्ट्रपतिका कानुनी सल्लाहकार बाबुराम कुँवरका अनुसार खटिएका थिए भने सादा पोसाकमा खटिएका प्रहरीले निगरानी राखेका थिए।

काठमाडौंबाट आएको टोली मुख्यमन्त्री बानियाँको हेटौंडास्थित निवासमा सोमबार मध्याह्न १२ बजे पुगेको थियो। करिब दुई घण्टा निवासमा बिताएको टोली त्यहाँबाट करिब २ बजे बाहिरिएको थियो। सो क्रममा केही महत्त्वपूर्ण कागजात नियन्त्रणमा लिइएको बताइए पनि त्यसको विवरण भने सार्वजनिक गरिएको छैन। त्यसअघि बिहान ९ बजे काठमाडौंमा छापा हानेको थियो। अनुसन्धानमा संलग्न अधिकारीहरूका अनुसार अवैध सम्पत्ति संकलन तथा लुकाइएको धनसम्पत्तिबारे प्रारम्भिक अनुसन्धान अघि बढाइएको छ।

विभागले काठमाडौंमा छापा हानिरहेका वेला मुख्यमन्त्री बानियाँ भने कांग्रेस बागमती प्रदेश संसदीय दलको बैठकमा थिए। बैठकमा सभामुख चयन तथा मन्त्रिपरिषद् हेरफेरबारे आन्तरिक छलफल भइरहेको थियो।

» पृष्ठ २ मा क्रमशः

● **बाबुराम कुँवर**, राष्ट्रपतिका कानुनी सल्लाहकार

आज (सोमबार) अफिस आवरपछि अध्यादेश आएको हो। भोलि बिहान राष्ट्रपतिसमक्ष पेस हुन्छ। त्यसपछि उहाँले अध्ययन गरेर निर्णय गर्नुहुन्छ। सम्भवतः भोलि नै टुंगो लाग्छ। किनभने अब संसद्को अधिवेशन सुरु हुने वेला भयो। फर्केर आइसकेपछि रोक्ने कुरा छैन। एकपटकको निम्ति विचार गर्न पठाएको हो, सधैं पठाउने कुरा भएन।

● **चन्द्रकान्त ज्ञवाली**, संविधानविद्

अब राष्ट्रपतिले होल्ड गर्ने संवैधानिक अवस्था छैन। होल्ड गर्दा पकेट भिटोको अवस्था आउन सक्छ, जुन संविधानले चिन्दैन। अब निर्णयको जिम्मेवारी सरकारले लिनुपर्छ। परीक्षण संसद्ले गर्ने हो। किन अध्यादेश ल्याएको हो कारण र आधारसहित संसद्मै फेस गर्ने हो।

● **भीमार्जुन आचार्य**, संविधानविद्

राष्ट्रपतिसँग धेरै विकल्प हुन्न। सरकारले पुनर्विचार गरेको भए हुन्थ्यो। जारी गर्नुबाहेक विकल्प छैन। होल्ड गरे पनि एक दिन गर्नैपर्ने हुन्छ।

● **विपिन अधिकारी**, संविधानविद्

अध्यादेश नियमित प्रक्रियाको विधेयक होइन। राष्ट्रपतिले नभएको अधिकार दाबी गर्दा प्रधानमन्त्रीको कार्यकारी अधिकार प्रभावित हुन जान्छ। उच्च तहमा पनि संविधानको स्पष्ट रूपमा परिपालन भएन भने संविधान सुरक्षित रहँदैन।

मुख्यमन्त्री बानियाँको घर र निर्माण कम्पनीमा सम्पत्ति शुद्धीकरणको छापा

सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले कांग्रेस बागमती सभापतिसमेत रहेका बानियाँको घर र निर्माण कम्पनीबाट नियन्त्रणमा लियो महत्त्वपूर्ण कागजात

हेटौंडामा **पोष्टराज अधिकारी**



कांग्रेस नेतासमेत रहेका बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँको घर तथा उनको निर्माण कम्पनीको कार्यालयमा सोमबार सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागको टोलीले छापा मारेको छ। अवैध सम्पत्ति आर्जनसम्बन्धी उजुरीका आधारमा विभागले काठमाडौंका नक्साल र सुन्धारा तथा हेटौंडा उपमहानगरपालिका- ५, पिप्लेमा रहेका बानियाँ निर्माण सेवा (बिएनएस)को कार्यालय तथा पिप्लेस्थित निवासमा छापा हानेको हो। पिप्ले क्षेत्रमा मात्रै चारजना विभागीय कर्मचारी र तीन प्रहरी



■ सांसदहरूका स्वकीयसचिवबारे दलहरू विभाजित



रास्वपा राख्ने पक्षमा, विपक्षी दलहरू विपक्षमा

(विस्तृत पृष्ठ ३)

तमिलनाडु राजनीतिको केन्द्रमा फिल्म स्टार थलपति



अभिनय हुँदै राजनीतिमा प्रवेश गरेका विजय थलपति नेतृत्वको तमिलागा वेट्री कंजगम (टिभिके) पार्टी २३४ सदस्यीय विधान सभा निर्वाचनमा १०८ सिटमा अगाडि छ।

(विस्तृत पृष्ठ ५)

धान रोपाइँलाई मल आपूर्ति सहज गर्न भारतसँग जिटुजी सम्झौताको निर्णय

भारतबाट ८० हजार टन मल ल्याइने



(विस्तृत पृष्ठ ६)

■ जिसस झापा प्रमुखकै सहकारीले गऱ्यो कृषि अनुदान दुरुपयोग

खोर छ बाख्रा छैनन्, अनुदान लिएर खेती गर्ने छाड्यो सहकारीले



■ पूर्वसचिव **गोपीनाथ मैनाली** भन्छन्-

अनुदान नतिजामूलक हुन सकेन भने त्यो दुरुपयोग हो। अनुदान दिगोपनाका लागि दिइन्छ, केवल रकम लिउन्जेल काम गर्ने र पछि छाड्नु सरकारको लगानी खेर फाल्नु हो।

झापामा **चिरञ्जीवी घिमिरे**

जिल्ला समन्वय समिति (जिसस) झापाका प्रमुख विश्वनाथ बराल अध्यक्ष रहेको सहकारीले सरकारी अनुदानको चरम दुरुपयोग गरेको पाइएको छ। दमक नगरपालिका- ३, आमचोकस्थित मानसरोवर कृषि सहकारीले कोशी प्रदेश सरकार र कृषि ज्ञान केन्द्र झापाबाट पाँच वर्षमा प्राप्त गरेको एक करोड २९ लाख २१ हजार अनुदान बालुवामा पानी हालेसरह भएको हो।

एमाले नेतासमेत रहेका बरालको पहुँचका आधारमा सो सहकारीले आर्थिक वर्ष ०७५/०७६ देखि ०७८/०७९ सम्म निरन्तर अनुदान लिएको कोशी प्रदेशको उद्योग, कृषि

» पृष्ठ २ मा क्रमशः



रित्तो बाख्राको खोर

बाख्रापालनका लागि दमक नगरपालिका- ३, आमचोकस्थित मानसरोवर कृषि सहकारीले २५ लाख अनुदान लिएर बनाएको फलामे खोर अहिले बाख्राविहीन छ। खोरमा खिया लागेको छ। अनुदान लिँदा ५३ वटा बाख्रा रहेको दाबी गरिए पनि अहिले एउटा पनि बाख्रा छैन।



ठेक्कामा खेती

प्रांगारिक खेतीका लागि १५ बिघा जग्गा उपयोग गर्ने भनिए पनि सहकारीले आफैं खेती गर्न छाडेको दुई वर्ष भइसकेको छ। अहिले उक्त जग्गा र टनेल दधिबल चापागाईंलाई ठेक्कामा दिइएको छ। प्रांगारिक खेतीको नाममा अनुदान लिए पनि रासायनिक मल र विषादी प्रयोग भइरहेको छ।

सशस्त्र प्रहरीका नवनियुक्त महानिरीक्षक पौडेलले सम्हाले कमान्ड

'बोर्डर इन्टरऱ्याक्सन टिम' परिचालन गर्ने, संगठनलाई प्रविधिमैत्री बनाउने

नयाँ पत्रिका

सशस्त्र प्रहरी बलका नवनियुक्त महानिरीक्षक नारायणदत्त पौडेलले सोमबार पदभार सम्हालेका छन् । गृह मन्त्रालयमा आयोजित दर्ज्यानी चिह्न सुशोभन कार्यक्रमपछि हलचोकस्थित सशस्त्र प्रहरी मुख्यालयमा उनले पदभार ग्रहण गरी कर्मचारीलाई निर्देशन पनि दिएका छन् ।

नवनियुक्त महानिरीक्षक पौडेलले नेपाल-भारत सीमावर्ती क्षेत्रमा सुरक्षा र सेवाप्रवाहलाई थप प्रभावकारी बनाउन 'बोर्डर इन्टऱ्याक्सन टिम' परिचालन गर्ने नयाँ नीति लिएका छन् ।

सशस्त्र प्रहरीका प्रवक्ता डिआइजी विष्णुप्रसाद भट्टका अनुसार मुख्य-मुख्य सीमानाकाबाट सुरु गरिने यो टिमलाई सीमामा आवतजावत गर्ने सर्वसाधारणलाई सहजीकरण गरी स्थानीय समुदायसँग समन्वय बढाउने, सूचनाको आदान-प्रदानलाई व्यवस्थित गर्ने तथा सीमापार अपराधको निगरानी र नियन्त्रणमा सक्रिय भूमिका निर्वाह गर्ने गरी परिचालनबारे परामर्श समितिको बैठकबाट निर्णय भएको हो । यसबाट सीमाक्षेत्रमा विश्वासको वातावरण निर्माण हुनुका साथै प्रारम्भिक चरणमै सुरक्षा चुनौतीको पहिचान र व्यवस्थापन गर्न सहयोग पुग्ने उनले बताए ।



संगठनका कार्यादेशबमोजिमका विभिन्न काममा प्रविधि संयोजन तथा प्रविधिसम्बन्धी नीतिनिर्माण गर्ने कार्यमा मार्गनिर्देश गर्ने उद्देश्यका साथ आइटी स्टेरिङ कमिटी गठन गर्ने गरिएको छ । संगठनभित्र प्रयोग हुने सूचना प्रविधि प्रणालीको प्राथमिकता निर्धारण, नीति तथा मापदण्डहरूको विकास तथा कार्यान्वयनको मार्गनिर्देशन गर्न यस्तो समिति गठन गरिएको सशस्त्र प्रहरीले जनाएको छ । यसबाट प्रविधि प्रयोगमा दोहोरोपन घट्ने, निर्णय प्रक्रिया छिटो र तथ्यमा आधारित हुने तथा डिजिटल रूपान्तरणलाई संस्थागत रूपमा अघि बढाउन सहयोग पुग्ने भट्टले बताए ।

सशस्त्र प्रहरी महानिरीक्षकको कार्यालयअन्तर्गत रहेको हालको नीति तथा योजना महाशाखालाई स्तरोन्नति गरी अनुसन्धानमा आधारित नीति-निर्माणलाई संस्थागत गर्न 'नीति अनुसन्धान तथा योजना निर्देशनालय' स्थापना प्रक्रिया अघि बढाउन छलफल भएको छ । संगठनको नीति तथा योजना, तथ्यमा आधारित निर्णय, दीर्घकालीन सोच र परिणाममुखी कार्यान्वयनलाई प्रवर्द्धन गर्दै संगठनलाई अझ व्यवस्थित, उत्तरदायी र सक्षम बनाउन निर्देशनालय बनाउन लागिएको सशस्त्र प्रहरीले जनाएको छ ।

मधेश सरकारलाई दिएको समर्थन फिर्ता लियो जनमतले

जनकपुरधाम/ जनमत पार्टीले कांग्रेस नेता कृष्णप्रसाद यादव नेतृत्वको मधेश प्रदेश सरकारलाई दिएको समर्थन फिर्ता लिएको छ । यादव गत वर्ष १९ मंसिरमा मुख्यमन्त्री बनेका थिए । जनमतले सरकारलाई दिएको समर्थन फिर्ता लिएको भनी प्रमुख सचेतक चन्दनकुमार सिंहको हस्ताक्षरसहितको पत्र सोमबार प्रदेश प्रमुखको कार्यालयमा पुगेको हो । प्रदेश प्रमुखको कार्यालयका सचिव नारायणप्रसाद दाहालका अनुसार पत्र कार्यालय समयपछि प्राप्त भएको पुष्टि गरे ।

प्रमुख सचेतक चन्दनकुमार सिंहले समर्थन फिर्ता लिएको पुष्टि गरे । संसदीय दलका नेता तथा अर्थमन्त्री महेश यादवले भने यस विषयमा आफू अनभिज्ञ रहेको प्रतिक्रिया दिए । सचेतक सिंहले पार्टी अध्यक्ष डा. सिके राउतसँग सल्लाह गरी समर्थन फिर्ता लिएको दाबी गरेका छन् । मधेश प्रदेश सभामा जनमतका १२ सांसद छन् । यो दलबाट महेश यादव अर्थ र वसन्त कुशवाहा खेलकुदमन्त्री छन् । मधेश प्रदेशमा कायम १०४ जना प्रदेश सभा सदस्यमध्ये ७७ जनाको समर्थनमा यादव गत वर्ष १९ मंसिरमा मुख्यमन्त्री बनेका थिए । १२ सिटको जनमतले समर्थन फिर्ता लिए पनि कांग्रेस नेतृत्वको सरकारालाई जसपा, लोसपा, माओवादी र एकीकृत समाजवादीको समर्थन कायमै छ । यद्यपि, यादव नेतृत्वको सरकारसँग बहुमत छ ।

का.म.न.पा. ३० वडा डिल्लिबजार स्थित एलायन्स टावर (Alliance Tower) मा रहेको घरमा बस्ने काठमाडौं म.न.पा. वडा नं. ३० बस्ने राम सिंहको छोरो सुरज सिंह (प्यान नं. ११५६६१८८८) को नाममा कोठा खालि गरिदिने बारे काठमाडौं महानगरपालिका ३० नं. वडाको १५ दिने सार्वजनिक सुचना ।

यस का.म.न.पा. ३० वडा डिल्लिबजार स्थित एलायन्स टावर (Alliance Tower) घरको कित्ता ३२०१ को क्षे.फ.१-८-३-३ मा बनेको एलायन्स टावरको पछाडि रहेको २ तल्ला घरको माथिल्लो तल्लामा रहेको ३ वटा कोठा तपाई श्री सुरज सिंहले २० वर्ष देखि बस्दै आएको र विगत ९ महिना देखि भाडा नदिई हाल दुई महिना देखि सम्पर्क विहिन हुनुभएकोले तपाईको नाममा कोठा खाली गरिदिने सम्बन्धी नयाँ पत्रिकामा मिति २०८२/१२/११ मा ३५ दिनको सूचना प्रकाशित भएकोमा समेत उपस्थित हुनु नभएको कारण कोठा खाली गराई पाऊँ भनि यस कार्यालयमा निवेदन दिनु भएकोले काठमाडौं महानगरपालिका घरबहाल व्यवस्था निर्देशिका, २०७९ दफा २७ को उपदफा (३) बमोजिम तपाई श्री सुरज सिंहको नाममा १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । सूचनामा उल्लेखित समयावधि भित्र यस वडा कार्यालयमा उपस्थित हुन जानकारी गराईन्छ । अन्यथा प्रचलित कानून बमोजिम भई जाने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईन्छ ।

काठमाडौं महानगरपालिका वडा नं. ३०

Call for Proposal

Forum for Women, Law, and Development (FWLD) is seeking proposals from individuals/organizations/companies for the production of an info-graphic/animated video. The interested individuals/organizations/companies are requested to submit the Letter of Interest; the technical and financial proposals must be submitted in separate sealed envelopes, each bearing an authorized signature, a registration certificate under the law of Nepal, the latest Tax clearance certificate, budget proposal in a separate envelope. The sealed proposal should be submitted no later than 15 May, 2026, by the close of business (Office Hours: 5:30 PM).

Late applications will not be reviewed.

For detail, please visit FWLD's website:
https://fwld.org/job/call-for-proposal-for-infographic-animated-video-on-the-economic-rights-of-women/

FWLD
Working for Non-discrimination and Equality

Forum for Women, Law and Development (FWLD)
72 Adarsha Marg, Thapathali Kathmandu, Nepal
Tel: 977-1-5333525 | 1-5333524 | 1-5366415
Email: fwld2013@gmail.com | info@fwld.org

जारी गर्ने...

पृष्ठ १ बाट क्रमशः

मन्त्रिपरिषद्को निर्णय प्राप्त भइसकेपछि संवैधानिक स्पिरिटअनुसार निर्णय हुने बताए । 'अहिले अफिस आवरपछि आएको हो । भोलि बिहान राष्ट्रपतिसमक्ष पेस हुन्छ । त्यसपछि उहाँले अध्ययन गरेर निर्णय गर्नुहुन्छ । सम्भवतः भोलि नै टुंगो लाग्छ,' उनले भने, 'किनभने अब संसद्को अधिवेशन सुरु हुने वेला भयो । फर्केर आइसकेपछि रोक्ने कुरा छैन । एकपटकको निम्ति विचार गर्न पठाएको हो, सधैँ पठाउने कुरा भएन,' उनले भने ।

संविधानविद् चन्द्रकान्त ज्ञवालीले पनि अब राष्ट्रपतिसँग अध्यादेश जारी गर्नुबाहेक विकल्प नरहेको बताए । 'अब होल्ड गर्ने संवैधानिक अवस्था छैन । होल्ड गर्दा पकेट भिटोको अवस्था आउन सक्छ, जुन संविधानले चिन्दैन । अब निर्णयको जिम्मेवारी सरकारले लिनुपर्छ,' उनले भने, 'परीक्षण संसद्ले गर्ने हो । किन अध्यादेश ल्याएको हो कारण र आधारसहित संसद्मै फेस गर्ने हो ।'

उनका अनुसार अब विवाद संसद्मा छलफल हुँदै अन्ततः आवश्यक परे संवैधानिक इजलाससम्म पुग्ने प्रक्रिया रहन्छ । 'संविधानअनुकूल छ-छैन भनेर एकपटक पुनर्विचार गर्न पठाइसकेको अवस्थामा हुबहु आउँदा अब संसद्ले हेर्ने हो । त्यहाँ पनि बाझियो भने संवैधानिक इजलासले परिक्षण गर्छ,' उनले भने, 'त्यहाँ पनि भएन भने त्यसको लेखाजोखा चुनावमा जनताले जवाफदेही बनाउने वा सजाय दिने गर्छ । यो परिप्रेक्ष्यमा हुबहु पठाएको अध्यादेश राष्ट्रपतिले जारी गर्नुपर्छ ।'

संविधानविद् भीमार्जुन आचार्यले राष्ट्रपतिसँग अध्यादेश जारी गर्नुको विकल्प नभएको बताए । 'उहाँसँग धेरै विकल्प हुन्न । सरकारले पुनर्विचार गरेको भए हुन्थ्यो । अब जारी गर्नुबाहेक विकल्प छैन । होल्ड गरे पनि एक दिन गर्नैपर्ने हुन्छ,' आचार्यले भने ।

संविधानविद् विपिन आचार्यले संवैधानिक राष्ट्रपतिलाई कुनै पनि अध्यादेश फिर्ता गर्ने अधिकार नभएको र अब जारी गर्नैपर्ने बताए । 'अध्यादेश नियमित प्रक्रियाको विधेयक होइन । राष्ट्रपतिले नभएको अधिकार दाबी गर्दा प्रधानमन्त्रीको कार्यकारी अधिकार प्रभावित हुन जान्छ,' उनले भने, 'उच्च तहमा पनि संविधानको स्पष्ट रूपमा परिपालना भएन भने संविधान सुरक्षित रहँदैन ।'

कानुन, न्याय तथा संसदीय मामिलामन्त्री सोविता गौतमले छिटो र प्रभावकारी काम अघि बढाउन संविधानअनुसार अध्यादेश ल्याइएको बताइन् । 'यो सरकार काम तीव्र गतिमा गर्न चाहन्छ । केही क्षेत्रमा कानुनको अभाव वा अस्पष्टताका कारण काम अगाडि बढाउन कठिन भइरहेको थियो । त्यस्ता कानुनी अवरोध हटाएर तत्काल निर्णय गर्न कानुन आवश्यक थियो र हामीले अध्यादेश ल्यायौँ,' उनले भनिन्, 'सबै अध्यादेशहरू संसद्मा पेस हुन्छन् । संसद्मार्फत कानुन पारित गर्न सक्ने क्षमता यो सरकारसँग पर्याप्त छ । सामान्य प्रक्रियाबाट विधेयक पारित गर्दा तीन-चार महिना लाग्न सक्छ । त्यसैले छिटो र प्रभावकारी काम गर्न अध्यादेश सिफारिस गरिएको हो ।'

उनले अध्यादेशको उद्देश्य कुनै छद्म वा व्यक्तिगत स्वार्थ नभई जनताका समस्या छिटो समाधान गर्न ल्याइएको दाबी गरिन् । 'यी अध्यादेशहरू कुनै छद्म उद्देश्यका लागि होइनन् । छिटो काम गर्न, राम्रो काम गर्न र जनताको समस्या समाधान गर्न ल्याइएका हुन् । सरकारले जे गर्छ, पारदर्शी रूपमा जनहितमा काम गर्छ,' मन्त्री गौतमले भनिन् ।

राष्ट्रपतिले किन फिर्ता गरेका थिए अध्यादेश ?

सातवटा अध्यादेश जारी गरेका राष्ट्रपति पौडेलले संविधानमा प्रस्ट नरहेको 'अधिकार प्रयोग' गरेर संवैधानिक परिषद्सम्बन्धी अध्यादेश पुनर्विचारका लागि भन्दै फिर्ता गरेका थिए । फिर्ता गर्दा पौडेलले यसअघि फिर्ता गरिएको विधेयक र जारी नभएको अध्यादेश स्मरण गराएका छन् ।

राष्ट्रपति कार्यालयका प्रवक्ता रितेशकुमार शाक्यद्वारा जारी विज्ञप्तिमा छ, 'राष्ट्रपति रामचन्द्र पौडेलज्यूले नेपालको संविधानबमोजिम यसअघि संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि)सम्बन्धी ऐन, २०६६ लाई संशोधन गर्न बनेको विधेयक प्रमाणीकरणका लागि मिति २०८२ असार २५ मा पेस भएकोमा सन्देशसहित उक्त विधेयक फिर्ता पठाइएको, तत्कालीन मन्त्रिपरिषद्को मिति २०८२ मंसिर ०२ को निर्णयबमोजिम प्राप्त भएको संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) (पहिलो संशोधन) अध्यादेश, २०८२ जारी नभएकोसमेत स्मरण गराउँदै संवत् २०८३ वैशाख १४ गतेको मन्त्रिपरिषद्को निर्णयबमोजिम सिफारिस भई आएको संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) (पहिलो संशोधन) अध्यादेश, २०८३ को विषयवस्तुका सन्दर्भमा पुनर्विचार गर्न पठाउनुभएको छ ।'

राष्ट्रपतिका कानुनी सल्लाहकार बाबुराम कुँवरका अनुसार राष्ट्रपतिको मुख्य चासो लोकतान्त्रिक र संसदीय प्रणालीभित्र बहुमतीय निर्णय प्रक्रियालाई निरन्तरता दिनुपर्ने विषयमा केन्द्रित छ । अघिल्लो विधेयकमा तय गरिएको मापदण्डलाई नै निरन्तरता दिइएको उनको दाबी छ । पुनर्विचारका लागि फिर्ता गरिएको अवस्थामा पनि पुनः सोही विषय समावेश भएर आएपछि राष्ट्रपतिसँग संवैधानिक र कानुनी दायित्व उठेको उनले बताए । 'पुनः त्यही व्यवस्था आएपछि राष्ट्रपतिज्यू संवैधानिक र कानुनी बन्धनमा पर्नुभएको हो,' कुँवरले भने । संवैधानिक परिषद्मा निर्णय सर्वसम्मतिबाट हुनुपर्ने र सर्वसम्मति नभएमा बहुमत नै अन्तिम आधार बन्नुपर्ने बुझाइ राष्ट्रपति पक्षको रहेको उनले बताए ।

के छ संवैधानिक व्यवस्था ?

संविधानको धारा ११४ मा संसद् नभएको वेला सरकारले अध्यादेश सिफारिस गर्ने, राष्ट्रपतिले जारी गर्न सक्ने भनिएको छ । तर, कति दिनभित्र जारी गर्ने वा पुनर्विचारका लागि पठाउने भन्ने व्यवस्था छैन । धारा ११४(१) मा 'संघीय संसदको दुवै सदनको अधिवेशन चलिरहेको अवस्थामा बाहेक अन्य अवस्थामा तत्काल केही गर्न आवश्यक परेमा मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिले अध्यादेश जारी गर्न सक्नेछ' भनिएको छ । जारी भएको अध्यादेश ऐनसरह मान्य हुने, जारी भएपछि बसेको संघीय संसद्को दुवै सदनमा पेस गरिने र दुवै सदनले स्वीकार नगरेमा स्वतः निष्क्रिय हुने, राष्ट्रपतिबाट जुनसुकै वेला खारेज हुन सक्ने र निष्क्रिय वा खारेज नभएकामा दुवै सदनको बैठक बसेको ६० दिनभित्र स्वतः निष्क्रिय हुने व्यवस्था धारा ११४(२) मा छ । संविधानको व्यवस्थाले अध्यादेशको हकमा पुनर्विचारका लागि फिर्ता पठाउने विषय बोलेको छैन । यद्यपि, धारा ११३ को विधेयक प्रमाणीकरणमा भने राष्ट्रपतिलाई १५ दिनको समयसीमा तोकिएको छ । दुवै सदनले पारित गरेर पठाएको विधेयक १५ दिनभित्र प्रमाणीकरण वा पुनर्विचारका लागि फिर्ता पठाउनुपर्ने बाध्यकारी राष्ट्रपतिलाई बनाइएको छ ।

प्रमुख प्रतिपक्ष दल कांग्रेसको टिप्पणी- अध्यादेश संविधानविरोधी र बदनियतपूर्ण

सरकारले संविधानको मर्मविपरीत सरकारले संवैधानिक परिषद्सम्बन्धी अध्यादेश ल्याएको भन्दै कांग्रेसले अविलम्ब फिर्ता लिन र संविधानप्रति पूर्ण प्रतिबद्ध रहन सचेत गराएको छ । कांग्रेसले अध्यादेश संविधानविरोधी मात्र नभई बदनियतपूर्ण रहेको पनि टिप्पणी गरेको छ । 'पूर्ववर्ती सरकारले संविधानको मर्मविपरीत ल्याएको संवैधानिक परिषद्सम्बन्धी व्यवस्थाकै दुरुस्त हुने गरी वर्तमान सरकारले आफूअनुकूल राजनीतिक निर्णय गर्न ल्याएको अध्यादेश पूर्णतः संविधानविरोधी र बदनियतपूर्ण छ' कांग्रेसको निर्णयमा छ ।

संवैधानिक परिषद्को संरचना परिवर्तन गर्न संविधान संशोधनमार्फत मात्र सम्भव हुने, तर अध्यादेशमार्फत गर्न नसकिने कांग्रेसको भनाइ छ । 'संवैधानिक परिषद्बाट हुने नियुक्ति व्यवस्थित, पारदर्शी र निश्चित मापदण्डका आधारमा गर्न उक्त ऐनमा सुधार गर्नुपर्ने थुप्रै विषय छन् । त्यसका लागि सरकारले संसद्मा विधेयक ल्याओस्, द्रुत गतिमा कानुन बनाएर काम गर्न कांग्रेसको सहयोग रहनेछ,' कांग्रेस निर्णयमा छ, 'यदि संवैधानिक परिषद्को हालको संरचना नै बदल्ने हो भने संविधान संशोधनको वैधानिक बाटोबाट जानुपर्छ र त्यसमा छलफल गर्न सकिन्छ । तर, जबसम्म संविधानको वर्तमान व्यवस्था कायम छ, यसको मर्म मर्ने गरी कानुन बनाउन मिल्दैन ।'

दुई दिन...

पृष्ठ १ बाट क्रमशः

लगातार दुई दिन बिदापछि अस्पताल खुल्दा मुख्य वीरमा गेटदेखि नै भिड देखिन्छ । टिकट काउन्टरमै एक घण्टाभन्दा बढी लाइन बस्नुपरेको गुनासो सर्वसाधारणले गरेका गरेका छन् । 'बिहान ७ बजे आएको, हरेक पाइला-पाइलामा भिड छ, ढाड दुख्ने समस्या थियो, डाक्टरले एक्सरे गर्नु भनेका छन्, तर सोमबार पालो आएन,' दीलिपा बस्नेतले भनिन्, 'आइतबार बिदा हुँदा सोमबार अति भिड हुने गरेको रहेछ, यहाँ आएपछि थाहा पाएँ ।'

बाहिर मात्र होइन, सोमबार वीरका अधिकांश वार्ड र विभागमा खचाखच थियो । ओपिडी, एक्स-रे, सिटिस्क्यान, दन्त, अर्थो, मुटु, न्युरो र सर्जरी विभागमा खचाखच भिड हुन्छ । बिरामीको चापले उपचार सेवासमेत अस्तव्यस्त हुँदै छ । 'पहिलेभन्दा बिरामी धेरै बढेका छन्,' वीरका एक चिकित्सकले भने, 'सरकारकै निर्णयले बिरामी मारमा परेका छन् । हामीले आइतबार पनि बिरामी हेर्छौं भनेकै हो । तर, सरकारले डाक्टरलाई सित्तैमा काम लगाउन खोज्छ । बिरामीले उपचार नपाएकोबारे ध्यान नै दिएन ।'

बिहान आठ बजेदेखि साँझ पाँच बजेसम्म मात्रै ओपिडी सञ्चालन हुने हुँदा धेरै बिरामीले टिकट काटेपछि पनि जाँचबाट वञ्चित भइरहेका छन् । अस्पतालमा आएरसमेत उपचार गराउन नपाएका बिरामीलाई एकैदिन अस्पताल प्रशासनले अर्को दिन आउन भन्दै फर्काउने गरेको छ । वीरका अर्का एक चिकित्सकले सुनाए, 'स्वास्थ्य क्षेत्रमा लगातार दुई दिन बिदाको निर्णय गलत छ । यसले नागरिकको स्वास्थ्य अधिकारको अपहरण गरेको छ । सरकारले नै नागरिक स्वास्थ्यलाई गौण ठानेपछि अरूले के गर्न सक्छन् ?'

ती चिकित्सकका अनुसार वीरमा अस्थायी स्वास्थ्यकर्मी कटौती भएपछि जनशक्ति अभाव झन् गम्भीर बनेको छ । करारको चार हजार जनशक्ति फिर्ता भइसकेको उनको भनाइ छ । कतिपय विभाग सातामा सीमित दिन मात्रै सञ्चालन हुन्छन् । उदाहरणका लागि, युरोलोजी विभाग हप्तामा दुई दिन मात्रै खुल्ने भएकाले त्यहाँ बिरामीको चाप अत्यधिक हुन्छ ।

वीरको युरोलोजीमा आइतबार बिदा हुनुपूर्व २५० बिरामी हुन्थे । अहिले बढेर पाँच सय पुगेको छन् । तर, ती बिरामी हेरेर र राम्ररी जाँचेर भ्याउने अवस्था नहुने युरोलोजी विभागका चिकित्सकहरू नै बताउँछन् । 'आइतबार बिदा हटाएर पालो प्रणाली लागू गरेको भए यस्तो समस्या हुँदैनथ्यो । स्वास्थ्य सेवा प्रशासनिक क्षेत्रजस्तो होइन,' ती चिकित्सकले भने ।

पूर्व स्वास्थ्यमन्त्री सुधा शर्माका अनुसार सबै क्षेत्रलाई बिदा दिँदा स्वास्थ्यकर्मीलाई बाहिर राख्नु व्यावहारिक हुँदैन । उनले स्वास्थ्य बिमाको भुक्तानी र सेवाप्रवाह सहज बनाउन तथा हाल अध्यादेशमार्फत खारेज गरिएका स्वास्थ्यकर्मी नियुक्ति तत्काल पूर्ति गर्न सरकारलाई सुझाव दिइन् ।

'अरूलाई बिदा दिँदा स्वास्थ्यकर्मीलाई नदिँदा व्यवस्थापन कठिन हुन्छ, सट्टा बिदा दिन पनि जनशक्ति पुग्दैन,' उनले भनिन्, 'बरु इमर्जेन्सी सेवा बलियो बनाउनुपर्छ र नियमित सेवा दिने दिनहरूलाई अझ प्रभावकारी बनाउनु आवश्यक छ ।'

स्वास्थ्यमन्त्री निशा मेहताले पछिल्लो समय सेवाप्रवाह सहज भइरहेको दाबी गरिन् । 'हामी आएपछि वीर र अन्य अस्पतालको सेवा सुधारिएको छ, दिउँसो दुई बजेपछि अस्पतालमा बिरामीको संख्या कम हुन्छ, पहिलेजस्तो छैन,' उनले भनिन्, 'हामीले समन्वय गरिरहेका छौँ, सेवा सहज भइरहेको छ ।'

बिमाका बिरामी वीरमा ओइरिए

मुटुसम्बन्धी विशिष्टीकृत गंगालाल हृदयरोग केन्द्रमा गत माघदेखि स्वास्थ्य बिमा सेवा ठप्प छ । त्यस्तै, त्रिवि शिक्षण अस्पतालमा पनि १ माघदेखि नै बिमा सेवा बन्द गरिएको छ । यी दुई ठुला अस्पतालमा बिमा सेवा रोकिएपछि त्यहाँका बिरामी वीर अस्पतालमा केन्द्रित हुन थालेका छन् । वीर अस्पतालका निर्देशक डा. दिलीप शर्माका अनुसार, बिमा सेवा बन्द हुनुअघि दैनिक करिब ५०० बिरामीले सेवा लिने गर्थे र अहिले त्यो संख्या बढेर दैनिक करिब १,००० पुगेको छ । उनले भने, 'दुई ठुला अस्पतालमा बिमा सेवा बन्द भएपछि बिरामी हाम्रोतर्फ सरेका छन् । त्यसैले वीरको भिड कम गर्न अन्य अस्पतालले बिमा सेवा रोक्नुहुँदैन । आइतबार बिदाको निर्णयमा पनि पुनर्विचार आवश्यक छ ।' वीरमा एमआरआई र सिटिस्क्यानका लागि १५ दिनभन्दा बढी पालो कुर्नुपरेको बिरामीले गुनासो गरेका छन् ।

निजामती अस्पतालमा पनि बढ्यो बिरामीको भिड

आइतबार बिदा लागू भएपछि निजामती अस्पतालमा पनि बिरामीको चाप उल्लेख्य रूपमा बढेको छ । अस्पताल प्रशासनका अनुसार नियमित सेवा बन्द हुँदा बिरामीहरू अन्य दिनमा केन्द्रित हुन थालेका छन्, जसले सेवा व्यवस्थापनमा दबाब सिर्जना गरेको छ । अस्पतालका निर्देशक डा. मोहनचन्द्र रेग्मीका अनुसार बिदापछि सेवाप्रवाह असहज बनेको छ । 'मन्त्रालयको निर्देशनअनुसार आइतबार सेवा बन्द गरेका छौँ, तर यसको प्रत्यक्ष असर बिरामीमा परेको छ,' उनले भने, 'अहिले दैनिक करिब १,३०० बिरामी आउने गरेका छन्, जबकि पहिले औसत ९५० मात्रै हुन्थे ।' उनका अनुसार शल्यक्रियाका लागि पर्खिने बिरामीको संख्या पनि बढ्दो छ । हाल अस्पतालमा दैनिक २०-२५ वटा शल्यक्रिया हुँदै आए पनि मागअनुसार सेवा दिन नसक्दा कतिपय बिरामीले पाँच महिनासम्म पालो कुर्नुपरेको अवस्था छ ।

गंगालालमा छैन आइतबार बिदा

मुटुरोगसम्बन्धी विशिष्टीकृत गंगालाल हृदयरोग केन्द्रले आइतबार पनि ओपिडी सेवा निरन्तर सञ्चालन गर्दै आएको छ । यहाँ आइतबार औसत ७५० बिरामी ओपिडीमा आउने गरेका छन् भने अन्य दिनमा औसत ८३२ बिरामी उपचारका लागि पुग्ने गरेका छन् । अस्पतालका निर्देशक डा. रवि मल्लका अनुसार, सेवा अवरुद्ध नगरी बिदा व्यवस्थापन गर्दै ओपिडी र शल्यक्रिया दुवै सञ्चालन गरिएका छन् । 'हामीले सेवा बन्द गरेका छैनौँ, आन्तरिक रूपमा बिदा मिलाएर काम गरिरहेका छौँ,' उनले भने, 'सरकारले केही विकल्प निकाल्छ भन्ने अपेक्षासहित अहिले पनि ओपिडी सञ्चालनमा राखेका छौँ ।' उनले ओपिडी सेवा बन्द गर्दा बिरामीहरू प्रत्यक्ष रूपमा प्रभावित हुने भएकाले यस्तो निर्णय व्यावहारिक नहुने बताए । 'ओपिडी बन्द हुँदा बिरामीले ठुलो सास्ती भोग्नुपर्छ,' उनले भने, 'यसबाट धेरै बिरामीलाई राहत मिलिरहेको छ, त्यसैले सेवा निरन्तर राख्नु आवश्यक छ ।'

अन्य अस्पतालमा पनि उस्तै भिड

आइतबार बिदा लागू भएपछि अन्य सरकारी अस्पतालहरूमा पनि बिरामीको चाप उल्लेख्य रूपमा बढेको छ । ट्रमा सेन्टरमा आइतबार बिदाअघि औसत ४८० बिरामी आउने गरेकोमा अहिले सोमबार यो संख्या बढेर ५८० पुगेको छ ।

यस्तै, कान्ति बाल अस्पताल मा पनि बिरामीको चाप तीव्र रूपमा बढेको छ । यहाँ आइतबार बिदाअघि औसत ६२० बिरामी आउने गरेका थिए भने अहिले सोमबार ९५० बिरामी पुग्ने गरेका छन् । आइतबार ओपिडी सेवा बन्द भएपछि कान्तिमा इमर्जेन्सी सेवामा अत्यधिक भिड हुने गरेको छ, जहाँ आइतबार मात्रै ५५० भन्दा बढी बिरामी आउने गरेका छन् ।

बिरामीको चाप बढेसँगै उपचार सेवा प्रभावित हुन थालेको छ । कान्ति बाल अस्पतालमा बालबालिकाका सामान्य शल्यक्रियाको पालो चार महिनासम्म धकेलिएको छ भने ट्रमा सेन्टरमा पनि कतिपय चोटपटकसम्बन्धी शल्यक्रियाका लागि एक महिनासम्म कुर्नुपर्ने अवस्था देखिएको छ ।

ललितपुरको पाटन अस्पतालमा पनि बिरामीको चाप अत्यधिक बढेको छ । यहाँ आइतबार बिदा लागू हुनुपूर्व सोमबार बिरामी संख्या औसतमा एक हजार ६५० थियो । तर, हाल सोमबार आउने बिरामीको औसत संख्या दुई हजार एक सय पुगेको छ । अस्पतालमा दर्ता बिरामीको तथ्यांक हेर्दा सबैभन्दा धेरै सोमबार बिरामी आउने गरेका छन् ।

त्रिवि शिक्षण अस्पतालमा आइतबार बिदा लागू नहुँदासम्म दैनिक औसत बिरामी संख्या एक हजार ९०० हुन्थ्यो । तर, आइतबार सेवा बन्द गर्दा सोमबार आउने बिरामीको औसत संख्या झन्डै साढे दुई हजार पुगेको छ । 'अहिले बिरामीको भिड धेरै छ । आइतबारको बिरामी सोमबारमा थपिन्छन्' अस्पतालका सूचना अधिकारी कालीप्रसाद रोशायराले भने ।

सरकारीमा दुई दिन बिदा भएपछि बिरामी निजी अस्पतालतिर

सरकारी अस्पतालहरू आइतबार बन्द भएपछि त्यस दिन उपचार गर्नैपर्ने बिरामी निजी अस्पतालतिर मोडिने गरेका छन् । केही निजी अस्पतालमा स्वास्थ्य बिमा सेवा उपलब्ध भएकाले पनि बिरामी त्यतै जान बाध्य हुने अवस्था देखिएको छ । सोमबार वीर अस्पतालमा भेटिएका रमेशकुमार दुलालले भने, 'सरकारी अस्पताल बन्द भएको दिन बिरामी नहुने त हुँदैन । बिरामी परेको वेला जहाँ खुलेको हुन्छ त्यहीँ जानुपर्छ । अघिल्लो साता आमालाई एपेन्डिक्सको समस्या भएर काठमाडौं मेडिकल कलेज लगेको थिएँ । आज बुबाको दाँतको उपचारका लागि वीर आएको छु, तर यहाँ पनि पालो कुर्नुपरेको छ ।' उनले निजी अस्पतालमा उपचार महँगो पर्ने भएकाले सरकारीमै आउन चाहेको भए पनि व्यवस्थापन कमजोर हुँदा सास्ती भोग्नुपरेको बताए । 'निजीमा खर्च धेरै हुन्छ, त्यसैले सरकारीमै जाऊँ भन्ने लाग्छ,' उनले भने, 'तर यहाँ सेवा व्यवस्थापन भद्रगोलजस्तो छ ।'

खोर...

पृष्ठ १ बाट क्रमशः

तथा सहकारी मन्त्रालय तथा मातहतको कृषि ज्ञान केन्द्र झापाको तथ्यांकले देखाउँछ ।

अनुदान प्राप्त गरेपछि सहकारीले टनेल र बाख्राको खोर निर्माण गरेको भए पनि हाल टनेल भाडामा दिइएको छ भने खोर खाली छ । सहकारीले बाख्रापालनका लागि २५ लाख लिएको थियो । अनुदान लिँदा ५३ वटा बाख्रा रहेको दाबी गरिए पनि अहिले एउटा पनि बाख्रा छैन ।

त्यस्तै, प्रांगारिक खेतीका लागि १५ बिघा जग्गा उपयोग गर्ने भनिए पनि सहकारीले आफैँ खेती गर्न छाडेको दुई वर्ष भइसकेको छ । उक्त जग्गा र टनेल व्यक्ति (दधिबल चापागाईं)लाई ठेक्कामा दिइएको छ । त्यति मात्र होइन, प्रांगारिक खेतीको नाममा अनुदान लिए पनि हाल त्यहाँ रासायनिक मल र विषादी प्रयोग गरी खेती भइरहेको ठेक्का लिने चापागाईंले स्वीकार गरे । यसअघि सहकारीले दमक- ३ का वीरेन्द्र पोखरेलको नाममा रहेको तीन बिघा जग्गा लिजमा लिएर अन्य स्थानीयको जग्गासहित करिब १५ बिघामा प्रांगारिक खेती गरेको दाबी गर्दै आएको थियो ।

सहकारीका सेयर सदस्यसमेत रहेका दमक- ४ का दधिबल चापागाईंले १ साउन ०८२ देखि उक्त जग्गा ठेक्कामा लिएका छन् । उनले प्रतिबिघा ५० हजार रुपैयाँका दरले जग्गाधनीलाई भुक्तानी गर्ने सर्तमा खेती गर्दै आएका छन् । चापागाईं यसअघि सहकारीकै कृषि प्राविधिक थिए ।

हाल उक्त क्षेत्रमा प्रांगारिक खेती बन्द भई रासायनिक खेती भइरहेको छ । चापागाईंका अनुसार बजार अभाव र उच्च लागतका कारण प्रांगारिक खेती निरन्तर गर्न नसकिएको हो ।

यसैगरी, सहकारीले प्रांगारिक कृषि प्रवर्द्धनका विभिन्न कार्यक्रममार्फत पाँच लाख ४० हजारदेखि ६८ लाख ६६ हजार रुपैयाँसम्मका अनुदान लिएको अभिलेखमा उल्लेख छ । तर, अनुदान प्राप्त भए पनि न त बाख्रापालन निरन्तर रह्यो, न त खेती नै । कोशी प्रदेश सरकारले बनाएको कृषि व्यवसाय प्रवर्द्धन अनुदान ऐन तथा नियमावलीअनुसार अनुदान लिएको कार्यक्रम कम्तीमा पाँच वर्ष निरन्तर सञ्चालन गर्नुपर्ने व्यवस्था छ । तर, सहकारीले तीन वर्ष पनि निरन्तरता नदिई खेती ठेक्कामा दिएको देखिएको छ ।

पूर्वसचिव गोपीनाथ मैनालीका अनुसार अनुदानले अपेक्षित परिणाम दिन नसके त्यसलाई दुरुपयोग मानिन्छ । 'अनुदान कृषिलाई दिगो बनाउनका लागि दिइन्छ । निरन्तरता नभए दुरुपयोग मानिन्छ,' उनले भने ।

उद्योग, कृषि तथा सहकारी मन्त्रालयका प्रवक्ता पशुपति पोखरेलले पनि अनुदान पाएपछि कार्यक्रम निरन्तर सञ्चालन गर्नुपर्ने बताए ।

सहकारीका अध्यक्ष विश्वनाथ बराल भने अनुदान दुरुपयोग नभएको दाबी गर्छन् । कामदार अभावका कारण खेती क्षेत्र घटाइएको र हाल पनि प्रांगारिक उत्पादन भइरहेको उनको भनाइ छ ।

यद्यपि, सरकारी अभिलेखअनुसार सहकारीले एक करोड २९ लाख २१ हजार रुपैयाँ अनुदान प्राप्त गरेको देखिन्छ । बरालले भने कम रकम मात्रै लिएको दाबी गरेका छन् ।

यसैबिच, सहकारीले बचतकर्ताको रकमसमेत फिर्ता दिन नसकेको भन्दै केही समयअघि बचतकर्ताले कार्यालय घेराउ गरेका थिए ।

उक्त सहकारीले प्रांगारिक कृषि र बाख्रापालनका लागि आर्थिक वर्ष ०७५/०७६ देखि ०७८/०७९ सम्म लगातार पाँच आर्थिक वर्ष कोशी प्रदेश सरकार तथा कृषि ज्ञान केन्द्र झापाबाट अनुदान लिएको थियो । एमाले नेतासमेत रहेका बराललले एमाले सत्तामा रहेका वेला पहुँचका आधारमा आफ्नो सहकारीमा एक करोडभन्दा बढी अनुदान ल्याएको आरोप छ । कोशी प्रदेशको उद्योग, कृषि तथा सहकारी मन्त्रालय तथा मातहतको कृषि ज्ञान केन्द्र झापाबाट पाँच आर्थिक वर्षमा कृषि र बाख्रापालनका लागि एक करोड २९ लाख २१ हजार रुपैयाँ अनुदान प्राप्त भएको मन्त्रालयले जनाएको छ ।

सहकारीले प्रांगारिक उत्पादनका नाममा दमक नगरपालिकाबाट एक वर्षसम्म कृषि प्राविधिकको पारिश्रमिकसमेत लिएको थियो । नगरपालिकाबाट मासिक २५ हजार रुपैयाँका दरले प्राविधिकको पारिश्रमिक उपलब्ध गराइएको थियो । त्यतिवेला दमकमा एमालेबाट निर्वाचित नगरप्रमुख रोमनाथ ओलीलगायत जनप्रतिनिधि रहेका थिए ।

एकै वर्ष दोहोरो अनुदान

सहकारीले आर्थिक वर्ष ०७६/०७७ मा दुई फरक शीर्षकबाट अनुदान लिएको पाइएको छ । सो वर्ष कृषि-पशु प्रसार सेवा टेवा कार्यक्रमअन्तर्गत २५ लाख तथा कृषि ज्ञान केन्द्र झापाबाट प्रांगारिक कृषि प्रवर्द्धन अभियानअन्तर्गत ६८ लाख ६६ हजार रुपैयाँ अनुदान प्राप्त भएको अभिलेखमा उल्लेख छ ।

मुख्यमन्त्री...

पृष्ठ १ बाट क्रमशः

राजनीतिक र व्यावसायिक क्षेत्रमा बानियाँको प्रभाव

कांग्रेस बागमती सभापतिसमेत रहेका मुख्यमन्त्री इन्द्रकुमार बानियाँ राजनीतिक र व्यावसायिक दुवै क्षेत्रमा प्रभाव राख्दै आएका छन् । बानियाँ निर्माण सेवा (बिएनएस)का सञ्चालक रहेका उनी 'ए' वर्गका निर्माण व्यवसायी हुन् । २०५५ मा स्थापना भएको बानियाँ निर्माण सेवाले सडक, राजमार्ग, पुल, ढल निकास, सिँचाइ, पानी आपूर्ति, जलविद्युत्, विद्युतीय प्रसारण र वितरण लाइन, सुरुङ, भवन र औद्योगिकपरिसरको क्षेत्रमा निर्माण कार्य गर्दै आएको छ । यद्यपि, उनले राजनीतिको कार्यकारी जिम्मेवारी सम्हालेपछि निर्माण व्यवसायको सम्पूर्ण जिम्मेवारी आफ्ना भतिजहरूलाई सुम्पिएको दाबी गर्दै आएका छन् । बानियाँ २० साउन ०८२ मा मुख्यमन्त्री बनेका थिए ।

उनी पटक-पटक लाभको पदमा पुगेका छन् । ०७० मा संविधानसभा सदस्य बनेका थिए । ०७३ केन्द्र सरकारको गृह राज्यमन्त्री बने । ०७४ मा प्रदेशसभामा चुनाव जितेका उनी कांग्रेस संसदीय दलको नेता थिए । ०७९ को चुनावमा पनि जितेपछि उनी मुख्यमन्त्री बने ।

मुख्यमन्त्रीको प्रतिक्रिया- अनुसन्धानमा सहयोग गर्छु

छापामारीप्रति आपत्ति जनाउँदै मुख्यमन्त्री बानियाँले आफू सुशासन र पारदर्शिताको पक्षमा रहेको दाबी गरेका छन् । 'म लामो राजनीतिक यात्रापछि जनताको सेवामा समर्पित छु । सार्वजनिक खर्च कटौती र आर्थिक मितव्ययिताका लागि म निरन्तर प्रयासरत छु । योजना तथा बजेटमा पारदर्शिता कायम गरिएको छ,' उनले भने ।

उनले संवैधानिक र कानुनी दायराभित्र हुने हरेक अनुसन्धानलाई सकारात्मक रूपमा लिँदै अनुसन्धानमा पूर्ण सहयोग गर्ने प्रतिबद्धता जनाए । तर, पूर्वसूचनाविना गरिएको छापामारीले आफ्नो व्यक्तिगत र सामाजिक प्रतिष्ठामा चोट पुऱ्याएको भन्दै उनले असन्तुष्टि व्यक्त गरे । 'राज्यका निकायले बोलाउँदा उपस्थित हुने अवस्था रहँदारहँदै अकस्मात गरिएको छापामारीप्रति मेरो आपत्ति छ,' उनले थपे ।

अधिकतम खुद्राबिक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस फर्मकम्पनीले जापानबाट पैठारी गरेको देहायको मालबस्तुहरुको अधिकतम खुद्रा बिक्री मूल्य (MRP) निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

तपसिल

सि. नं.	मालबस्तुको बिवरण	आकार प्रकार	ब्राण्ड	मोडल	क्षमता	उत्पतिको मूलुक	इकाई	प्रति इकाई मूल्य	अधिकतम खुद्रा इकाई मूल्य (MRP)
1	RAV4 HYBRID	SUV	TOYOTA	AXAL64R-ANXGB	2487	JAPAN	1	21,300,000.00	21,300,000.00

युनाईटेड ट्रेडर्स सिण्डिकेट प्रा. लि.
आनन्दनगर, धुम्बाराही, काठमाडौं
एक्जीम कोड नं. : ३०००४७३७२०१००NP, फोन नं. : ४००८८०१-५

■ सांसदहरूका स्वकीयसचिवबारे दलहरू विभाजित

रास्वपा राख्ने पक्षमा, विपक्षी दलहरू विपक्षमा

कमलराज भट्ट/नयाँ पत्रिका

संघीय सांसदहरूको स्वकीयसचिव राख्ने कि नराख्ने भन्नेमा दलहरू विभाजित भएका छन्। राज्यकोषको भार घटाउन भन्दै अघिल्लो सरकारले खर्च कटौती गर्ने क्रममा प्रतिनिधिसभा र राष्ट्रिय सभामा ३३४ सांसदहरूको स्वकीयसचिव सुविधा खारेज गर्ने निर्णय गरेको थियो।

अघिल्लो सरकारको निर्णयलाई अर्थ मन्त्रालयले अहिले विज्ञप्ति जारी गरेर निरन्तरता दिने निर्णय गरेको थियो। तर, प्रतिनिधिसभाको पहिलो दल रास्वपाकै सांसदले स्वकीयसचिव चाहिने भनेर माग गरेपछि सभामुख डोलप्रसाद अर्यालको अगुवाइमा स्वकीयसचिव सुविधा कायम गर्न पहल सुरु भएको हो।

संसद् सचिवालयका प्रवक्ता एकराम गिरीका अनुसार संसद् सचिवालयले सांसदहरूबाट विषय उठेको भनेर कानुन न्याय तथा संसदीय मामिला मन्त्रालयसँग आवश्यक व्यवस्थापन गरिदिन भनेर पत्राचार गरेको थियो। त्यसपछि सरकारका तर्फबाट कुन-कुन दललाई चाहिने हो, दलगत रूपमा धारणा चाहियो भनेर माग गरेकामा सचिवालयले सबै दललाई पत्राचार गरेको गिरीले बताए। 'सरकारको त्यही धारणाका आधारमा प्रतिनिधिसभा सचिवले संसद्मा प्रतिनिधित्व गर्ने दल र स्वतन्त्र सांसदलाई के हो धारणा भनेर सोधी पठाएको अवस्था हो,' उनले भने।

सत्तारूढ रास्वपा प्रमुख सचेतक कवीन्द्र बुर्लाकोटीले सांसदहरूलाई स्वकीयसचिव आवश्यक छ भन्ने साझा धारणा रहेको बताए। 'सांसदहरूलाई कामकाजी बनाउन खोज अनुसन्धानको काम गर्न सक्ने खालको सचिवालय आवश्यक छ। त्यो खालको सचिवालय भयो भने आमनागरिकको सरोकार राख्ने विषयमा खोज अनुसन्धान हुन सक्छ। संसद्मा उठाउन सहयोगी पनि हुन्छ। सांसदको सचिवालय हुँदा कामकाज बलियो हुन्छ। कस्तो खालको भन्दा स्वकीयसचिव एउटा होला। अर्को साझा रूपमा अनुसन्धानमा सघाउने खालको रिसोर्सफुल संसद् सचिवालय चाहिन्छ,' उनले भने, 'आवश्यक छ भन्ने सबैतिर छ। स्रोत कति चाहिन्छ, खर्च कति, आउटपुट कति हुन्छ भन्ने कुरा भइरहेको छ। प्रभावकारी बनाउन सचिवालय आवश्यक छ।'

प्रमुख प्रतिपक्षी कांग्रेस सांसद योगेश गौचनले सबै सांसदले निवेदन दिएर स्वकीयसचिव मान्पर्ने कुरा सरकारबाट आएको भन्दै त्यो मान्य नहुने बताए। 'निवेदन हालेर किन माग्ने ? यो व्यक्तिगत कुरा होइन, संसद् सचिवालयको कुरा हो। संसद् सचिवालयलाई सशक्त बनाउने कि नबनाउने राज्यको कुरा हो। संसद्लाई अनुसन्धानमुखी, क्षमतावान् बनाउने कि नबनाउने कुरा हो। हामी निवेदन हालेर माग्दैनौं,' उनले भने।



● **कवीन्द्र बुर्लाकोटी**
प्रमुख सचेतक, रास्वपा



सांसदको सचिवालय हुँदा कामकाज बलियो हुन्छ। कस्तो खालको भन्दा स्वकीयसचिव एउटा होला। अनुसन्धानमा सघाउने खालको रिसोर्सफुल संसद् सचिवालय चाहिन्छ। आवश्यक छ भन्ने सबैतिर छ। स्रोत कति चाहिन्छ, खर्च कति, आउटपुट कति हुन्छ भन्ने कुरा भइरहेको छ। प्रभावकारी बनाउन सचिवालय आवश्यक छ।

● **गुरु बराल**
नेता, एमाले



निवेदन दिँदैनौं। यो विषयमा कुनै पनि प्रतिनिधिसभाका सदस्य वा अरू सदस्यको सामर्थ्य विकासको सन्दर्भ आफ्नो ठाउँ छ। तर, यो प्रतिनिधिसभा सदस्य वा दलहरूले धारणा पेस गर्ने विषय होइन। अनुसूचीको विषय हो। हिजो खारेज गरेको छ। यो सरकारको स्वविवेकको विषय हो। हाम्रो कुनै धारणा छैन।

● **योगेश गौचन**
सांसद, कांग्रेस



सरकारले गरेको प्रस्ताव हामी मान्दैनौं। निवेदन हालेर किन माग्ने ? यो व्यक्तिगत कुरा होइन, संसद् सचिवालयको कुरा हो। संसद् सचिवालयलाई सशक्त बनाउने कि नबनाउने राज्यको कुरा हो। संसद्लाई अनुसन्धानमुखी, क्षमतावान् बनाउने कि नबनाउने कुरा हो। हामी निवेदन हालेर माग्दैनौं।

● **युवराज दुलाल**
प्रमुख सचेतक, नेकपा



स्वकीयसचिव राख्ने, नराख्ने ऐनबाटै सरकारलाई प्रत्यायोजित छ। अनुसूचीमा फेरबदलको कुरा हो। सांसदहरूले निवेदन हालेर स्वकीय चाहियो भन्ने अभ्यास छैन। सरकार आफ्नो जिम्मेवारीबाट पन्छिन सांसदहरूलाई राय माग्दै छ। यो विषय पठाउनु नै गलत हो। संसद् सचिवालयले पत्र लेख्नु पनि उचित छैन।

एमाले सांसद गुरु बरालले पनि स्वकीय नमाग्ने बताए। उनले संसद्का पदाधिकारीको सुविधासम्बन्धी ऐनको अनुसूची सरकारले हेरफेर गरेको र स्वकीयसचिव राख्ने वा हटाउने अधिकार पनि कार्यकारीकै भएकाले दलहरूको कुनै धारणा नभएको स्पष्ट पारे। 'निवेदन दिँदैनौं। यो विषयमा कुनै पनि प्रतिनिधिसभाका सदस्य वा अरू सदस्यको सामर्थ्य विकासको सन्दर्भ आफ्नो ठाउँ छ। तर, यो प्रतिनिधिसभा सदस्य वा दलहरूले धारणा पेस गर्ने विषय होइन। अनुसूचीको विषय हो। हिजो खारेज गरेको छ। यो सरकारको स्वविवेकको विषय हो। हाम्रो कुनै धारणा छैन,' उनले भने।

नेकपा प्रमुख सचेतक युवराज दुलालले स्वकीयसचिव चाहियो भनेर विपक्षी दलहरूले माग नगर्ने बताए। 'स्वकीयसचिव राख्ने, नराख्ने ऐनबाटै सरकारलाई प्रत्यायोजित छ। अनुसूचीमा फेरबदलको कुरा हो। सांसदहरूले निवेदन हालेर स्वकीय चाहियो भन्ने अभ्यास छैन। सरकार आफ्नो जिम्मेवारीबाट पन्छिन सांसदहरूलाई राय माग्दै छ। यो विषय पठाउनु नै गलत हो। संसद् सचिवालयले पत्र लेख्नु पनि उचित छैन। कानुनमा जे व्यवस्था छ त्यहीअनुसार गरियोस्। सरकारको जे निर्णय हुन्छ त्यसमा सहमति हुन्छ,' उनले भने।

श्रम संस्कृति पार्टीका अध्यक्ष हर्कराज राईले पनि आफ्नो पार्टीले स्वकीयसचिव नलिने घोषणा गरिसकेका छन्। राप्रपा दलका नेता ज्ञानेन्द्र शाहीले पनि निवेदन हालेर स्वकीयसचिव नमाग्ने बताए। 'यो सरकारको निर्णयको विषय हो। हाम्रो केही छैन। हामी निवेदन हालेर स्वकीय देऊ भन्दैनौं,' उनले भने।

संसद् सचिवालयले १४ वैशाखमा संसदीय दललाई पत्र लेखेर सांसदलाई स्वकीयसचिवको सुविधा दिने सम्बन्धमा लिखित माग गरेको थियो। जवाफमा विपक्षी दलहरूले यो सरकारको क्षेत्राधिकार भएको भन्दै लेखेका छन्, 'संघीय संसद्का पदाधिकारी तथा सदस्यहरूको पारिश्रमिक र सुविधासम्बन्धी ऐन २०७३ मा यस सम्बन्धमा स्पष्ट व्यवस्था भएको र अनुसूची हेरफेर गर्ने अधिकार सरकालाई भएकाले यसबारे केही भनिरहनुपर्ने देखिएन।'

संसद्को प्रभावकारितामा सचेतकहरूको भूमिका खोजी

सभामुख डोलप्रसाद अर्यालले संसद्लाई प्रभावकारी बनाउन दलका प्रमुख सचेतक र सचेतकहरूको प्रभावकारी भूमिका खोजेका छन्। सोमबार संसद्मा प्रतिनिधित्व गर्ने दलका सचेतकहरूलाई बोलाएर सभामुख अर्यालले आपसी समन्वय, सहकार्य र संवाद गरेर सभा र समितिको कामलाई प्रभावकारी बनाउने भूमिका खेल्न अनुरोध गरेका हुन्। 'संसद्लाई मर्यादित व्यवस्थित बनाउन दलहरूको भूमिका सकारात्मक होस्। तपाईंहरूको योगदान होस्,' अर्यालले भने। बैठकमा डिजिटल हाजिरीको विषय उठेको थियो। प्रतिपक्षी दलहरूले अधिवेशन कहिले बस्ने भनेर जिज्ञासा राखेका थिए। सभामुख अर्यालले मंगलबार बस्ने मन्त्रिपरिषद् बैठकबाट निर्णय हुने जानकारी गराएका थिए।

दलका सचेतकहरूले सभामुखले अभिभावकीय भूमिका निर्वाह गर्नुपर्ने, सरकारसँग समन्वय गरेर जानुपर्ने, विधिभन्दा फरक तरिकाले काम नहुने वातावरण बनाउनुपर्ने धारणा राखेका थिए। सरकारले संसद्मा उठेका कुरालाई सम्बोधन गराउन भूमिका सभामुखले खेल्ने अपेक्षा राखेको नेकपाका प्रमुख सचेतक युवराज दुलालले बताए।

■ कांग्रेस कार्यसम्पादन समिति बैठक

उच्चस्तरीय कूटनीतिक संवादमार्फत सीमा विवाद समाधान गर्न सुझाव



प्रेम गौतम/नयाँ पत्रिका

प्रमुख प्रतिपक्षी दल कांग्रेसले नेपालको भौगोलिक अखण्डता र सार्वभौमिकताको सम्मान गर्न भारत र चीनलाई आग्रह गरेको छ। भारत र चीन दुवै छिमेकीसँग नेपालको ऐतिहासिक, बहुआयामिक र आत्मीय सम्बन्ध भएको वास्तविकतालाई आत्मसात् गर्दै उच्चस्तरीय कूटनीतिक वार्ता र संवादमार्फत सीमा विवाद समाधान गर्नुपर्नेमा कांग्रेसले जोड दिएको छ।

सभापति गगन थापाको सभापतित्वमा पार्टी केन्द्रीय कार्यालय सानेपामा सोमबार बसेको केन्द्रीय कार्यसम्पादन समिति बैठकले भारत र चीन दुवै देशले नेपालको सार्वभौमिकताप्रति संवेदनशील हुनेछन् भन्ने विश्वास लिएको छ। सरकारले भारत र चीन दुवै देशलाई पठाएको कूटनीतिक नोटलाई कांग्रेसले सकारात्मक रूपमा लिएको छ। कांग्रेसले ऐतिहासिक तथ्य, नक्सा, अभिलेख, दस्तावेज र प्रमाणका आधारमा थप प्रभावकारी कूटनीतिक भूमिका निर्वाह गर्न सरकारलाई अपिल गरेको छ। सीमासम्बन्धी अत्यन्त संवेदनशील विषयमा दलगत दृष्टिकोण र राजनीतिक मतभेदभन्दा माथि उठेर राष्ट्रिय सहमति र एकता कायम गरी साझा धारणा हुनुपर्नेमा कांग्रेसले जोड दिएको छ।

थापा र शर्माले खड्कासँग संवाद गर्ने



कांग्रेस सभापति गगन थापा र उपसभापति विश्वप्रकाश शर्माले निवर्तमान कार्यवाहक सभापति पूर्णबहादुर खड्कासँग पार्टीभित्र देखिएको विवाद समाधानको विषयमा केन्द्रित भएर छलफल गर्ने भएका छन्। मंगलबार खड्कानिवासमै पुगेर छलफल गर्ने कांग्रेस सहमहाममन्त्री उदयशमशेर राणाले जानकारी दिए। उनका अनुसार कार्यसम्पादन समिति बैठकमा पार्टीलाई एकढिक्का राख्न संसद् अघि बढाउने विषयमा छलफल भएको थियो। राणाका अनुसार बैठकमा सभापति थापा र उपसभापति शर्मासहितका नेताहरूले आन्तरिक एकता कायम राख्दै अगाडि बढ्ने बताएका थिए।

कांग्रेसले तत्कालीन सभापति सुशील कोइराला नेतृत्वको सरकारले लिपुलेक, कालापानी र लिम्पियाधुरालगायत महाकाली नदीपूर्वका सबै भूभाग नेपालको अविभाज्य भूमि भएकाले नेपाली भूमिको सार्वभौमिकताको सम्मान गर्न आग्रह गर्दै नेपालको सहमति र जानकारीविना दुई देशबिच भएको सहमतिले ऐतिहासिक यथार्थतालाई बदल्न सक्दैन भन्दै त्यसलाई तत्काल सच्याउन आग्रहसहित भारत र चीन दुवै सरकारलाई कूटनीतिक नोट पठाएको स्मरण गराएको छ।

कांग्रेसले सुकुमवासी र भूमिहीनमाथि सरकारले अमानवीय र क्रूर हर्कत गरेको भन्दै भर्त्सना गरेको छ। क्रूर व्यवहार तत्काल बन्द गर्न र वास्तविक भूमिहीन सुकुमवासी, भूमिहीन दलित तथा अव्यवस्थित बसोबासीको व्यवस्थापन गर्दा 'रुल बाई ल' (शक्ति र दमनको शासन) होइन, 'रुल अफ ल' (कानुनको शासन) अनुसार व्यवहार गर्न माग गरेको छ।

■ अधिवेशन गर्न नसकेका सबै भ्रातृ संगठन विघटन

कांग्रेसले अधिवेशन गर्न नसकेका भ्रातृ संगठन विघटन गरेको छ। अधिवेशन नभएका सबै भ्रातृ संघहरूको महाधिवेशनका लागि आवश्यक व्यवस्था गर्न सभापति गगन थापालाई जिम्मा दिएको छ। म्याद सकिएका भ्रातृ संगठनले गरेका निर्णय र मनोनयन स्वतः अवैध हुने कांग्रेसको निर्णय छ। 'पार्टीले निश्चित कार्यादेशसहित निर्देशक समिति बनाउँदासमेत अधिकांश भ्रातृसंघले कार्यतालिकामा तोकिएको समयमा महाधिवेशन नगरेको र अधिवेशन गर्न सक्ने आधारसमेत नदेखिएकाले म्याद थपिरहनु आवश्यक नरहेको तथा नेपाल तरुण दलका केन्द्रीय अध्यक्ष विद्वान् गुरुङ र नेपाल दलित संघका अध्यक्ष लोकबहादुर विश्वकर्माले राजीनामासमेत दिइसकेको हुँदा तत्तत् भ्रातृसंघका केन्द्रीय समितिहरू स्वतः विघटन भएका छन्। साथै, म्याद सकिएका समितिले त्यस अवधिमा गरेका निर्णय र मनोनयन पनि स्वतः अवैध भएका छन्,' निर्णयमा भनिएको छ। तरुण दल, नेविसंघ, दलित संघ, महिला संघलगायतका भ्रातृसंघका केन्द्रीय समितिहरू स्वतः विघटन भएका छन्। थारू संघको हकमा भने आगामी १६ र १७ जेठमा महाधिवेशन तय भइसकेकाले समयावधि थप गरेको छ।

कांग्रेसले सरकारले ल्याएका अध्यादेश र प्रतिनिधिसभा नियमावलीको मस्यौदालाई संविधान, नागरिक अधिकार र विधायिकी मनसायको आलोकमा सच्याउन आवश्यक अध्ययन गरी स्पष्ट धारणा निर्माण गर्न र संसद्मा प्रभावकारी उपस्थितिका लागि संसदीय दललाई निर्देशन दिएको छ।

संक्षेप

गोल्छालाई धरौटीमा थुनामुक्त गर्न परमादेश

काठमाडौं/ सर्वोच्च अदालतले व्यवसायी शेखर गोल्छालाई धितोपत्रसम्बन्धी ऐनको कसुरमा थप थुनामा नराख्न परमादेश जारी गरेको छ। सोमबार सर्वोच्चले संक्षिप्त आदेश जारी गर्दै उनलाई यो ऐनबमोजिमको कसुरमा अनुसन्धान गर्दा रिहा गर्न माग गरेको हो। न्यायाधीशद्वय महेश शर्मा पौडेल र श्रीकान्त पौडेलको इजलासले यस्तो आदेश दिएको हो। गोल्छाको हकमा उनकी श्रीमती सीमा गोल्छाले गत १४ वैशाखमा सिआइबीलगायतलाई विपक्षी बनाई बन्दीप्रत्यक्षीकरणको रिट दर्ता गराएकी थिइन्। 'यी निवेदकसँग प्रत्यर्थी अनुसन्धान अधिकारीले धरौट वा जमानत माग नगरी हिरासतमा राख्ने गरी भएको मिति ०८३/०१/११ र मिति ०८३/०१/२१ समेतका आदेश उत्प्रेषणको आदेशले बदर हुने ठहर्छ। अब, धितोपत्रसम्बन्धी कसुरका हकमा यी निवेदकसँग धरौटी वा जमानत माग गरी उल्लिखित दफा १०४ को कानुनी व्यवस्थाअनुसार आवश्यक अनुसन्धान गर्न र धरौटी वा जमानत दिन नसकेको अवस्थामा मात्र हिरासतमा राखी अनुसन्धान गर्न परमादेश जारी गरिएको छ,' आदेशमा छ।

ट्र्याक्टरले किच्दा बालकसहित दुईजनाको मृत्यु

कञ्चनपुर/ कञ्चनपुरका विभिन्न स्थानमा सञ्चालनमा रहेका इँटाभट्टामा गैरकानुनी रूपमा बालश्रमिक कार्यरत रहेको खुलेको छ। आइतबार राति पुनर्वास नगरपालिका-७ (च)गाउँको एक इँटाभट्टामा ट्र्याक्टरले च्याप्दा बालकसहित दुईको मृत्यु र अर्का बालक घाइते भएपछि बालश्रमिक कार्यरत रहेको तथ्य खुलेको हो। जिल्ला प्रहरी कार्यालय कञ्चनपुरका प्रहरी प्रवक्ता हेमबहादुर शाहीले पुनर्वासको न्यु जनता इँटा उद्योगमा काँचो इँटाको चट्टामा सुतेको अवस्थामा से१त ८८७६ नम्बरको ट्र्याक्टरको ठक्करबाट एक बालकसहित दुईजनाको मृत्यु भएको र अर्का बालक घाइते भएको जानकारी दिए। ट्र्याक्टरको ठक्करबाट गम्भीर घाइते भएका उत्तर प्रदेशका २७ वर्षीय अजय कुमार र सोही ठाउँका नौ वर्षीय पवन कुमारको मृत्यु भएको हो। ११ वर्षीय घुर्रा कुमार घाइते भएका छन्। उनको सेती प्रादेशिक अस्पतालमा उपचार भइरहेको छ। ट्र्याक्टरको ठक्करबाट गम्भीर घाइते पवन र अजयको उपचारका लागि धनगढी नवजीवन अस्पताल लगिएकोमा चेकजाँचकै क्रममा चिकित्सकले मृत घोषणा गरेका थिए।

नयाँ प्रशासनिक भवनबाट लुम्बिनी सरकारको सेवा

बुटवल/ लुम्बिनी प्रदेश सरकारले नवनिर्मित प्रशासनिक भवनबाट औपचारिक रूपमा सेवा सुरु गरेको छ। सोमबार मुख्यमन्त्री चेतनारायण आचार्यले नयाँ प्रशासनिक केन्द्रबाट दैनिक कामकाजको शुभारम्भ गरे। उनले संघीयता सुदृढीकरणका लागि प्रदेशलाई बलियो बनाउने लक्ष्यसहित प्रशासनिक केन्द्र निर्माण गरिएको बताए। 'सातै प्रदेशमध्ये लुम्बिनी प्रदेश राजधानी निर्माण, नामाकरण र प्रशासनिक केन्द्र निर्माणमा सफल भएको छ। यसले प्रदेशलाई थप उचाइमा पुऱ्याएको छ,' मुख्यमन्त्री आचार्यले भने। उनले समयमै आयोजना सम्पन्न गर्न सफल हुनु प्रदेश सरकारको महत्त्वपूर्ण उपलब्धि भएको पनि बताए। काठमाडौंस्थित शर्मासगुन जेभीले निर्माण सम्पन्न गरेको प्रशासनिक केन्द्रका लागि प्रदेश सरकारले २८ मंसिर ०७९ मा ठेक्का सम्झौता गरेको थियो।

देवानीसंहिताको दफा २१४(२) बदर

एकल महिलाले पुनर्विवाह गरेमा अंशबापत पाएको सम्पत्ति नपाउने व्यवस्था खारेज

काठमाडौं/ सर्वोच्च अदालतले देवानीसंहितामा विधवाले पुनर्विवाह गरेमा अंशबापत पाएको सम्पत्ति पहिलेका छोराछोरी नत्र आफैंले पाउने व्यवस्था खारेज गरेको छ। संविधानले दिएको समानताको हकको प्रतिकूल भएको भन्दै सो व्यवस्था खारेजको फैसला भएको हो। संहिताको दफा २१४ मा विधवाले अंश लिई भिन्न हुन सक्ने व्यवस्था गरेको छ। यसैको उपदफा (२) मा 'विधवाले अर्को विवाह गरेमा निजले अंशबापत पाएको सम्पत्ति त्यस्ती विधवाको अघिल्लो पतितर्फ छोराछोरी भएमा त्यस्ता छोराछोरीले र नभएमा निज आफैंले' पाउने व्यवस्था छ।



यो व्यवस्था विधवाको हकमा भए पनि विधुरको हकमा नभएको भन्दै रिट दर्ता भएको थियो। महिला, कानुन र विकास मञ्च र आफ्नोतर्फबाट समेत मीरा ढुंगानाले रिट ०७७ जेठमै रिट दर्ता गराएकी थिइन्। रिटमा मन्त्रिपरिषद्को कार्यालय, महिला मन्त्रालय, प्रतिनिधिसभाको कार्यालयलगायतलाई विपक्षी बनाइएको थियो। यो संविधानको धारा १६ सम्मानपूर्वक बाँच्न पाउने हक, १८ समानताको हक र धारा २५ सम्पत्तिको हकसँग बाझिने दाबी रिटमा थियो। यो व्यवस्था यी संवैधानिक व्यवस्थाका भावना, सिद्धान्त र मूल्य-मान्यताविपरीत निर्माण भएको र अस्तित्वमा रहिरहेको भन्दै यो भेदभावपूर्ण कानुनी व्यवस्थालाई अमान्य गर्न माग गरिएको थियो। यो मागलाई सदर गर्दै सर्वोच्चले संहिताको दफा २१४(२) समानताको हक प्रतिकूल रहेको भन्दै बदर गरेको हो। कायममुकायम प्रधानन्यायाधीश सपना प्रधान मल्ल तथा न्यायाधीशहरू कुमार रेग्मी, हरिप्रसाद फुयाँल, मनोजकुमार शर्मा र नहकुल सुवेदीको इजलासले यो फैसला गरेको हो।

हटाइयो उपत्यकाका ८० प्रतिशत अवैध संरचना

कपन क्षेत्रका १०७ अवैध संरचनामा डोजर

नयाँ पत्रिका

उपत्यकाका अवैध संरचना हटाउने कार्य सोमबार पनि जारी रह्यो। सोमबार काठमाडौंको कपनस्थित साततले क्षेत्रमा बनेका अवैध घरटहरामा डोजर चलाइयो। यस क्षेत्रमा एक दर्जनभन्दा बढी डोजर प्रयोग गरी पक्की संरचना भत्काइएको छ। जिल्ला प्रशासन कार्यालय काठमाडौंका अनुसार कपन क्षेत्रमा १०७ अवैध संरचना भत्काइएको छ।

शनिबार मात्रै एक हजार ७०२ घरटहरा हटाइएको थियो। आइतबार थप करिब १०२ र सोमबार १०७ अवैध संरचनामा डोजर चलाएको जिल्ला प्रशासन कार्यालयले जनाएको छ। सोमबार भत्काइएका संरचनामा छाप्रोदेखि ढलान घरसम्म छन्। साततले क्षेत्रमा सरकारी जग्गा मिचेर बनेका अवैध घरटहरा भत्काइएको जिल्ला प्रशासन कार्यालय काममाडौंले जनाएको छ। त्यस्तै, आइतबार अनामनगर, बालाजु र टेकु क्षेत्रका संरचना भत्काइएको थियो। यसबाहेक बागमती कडिडोरका अधिकांश संरचनामा डोजर चलाइसकिएको छ। मनोहरा क्षेत्र पनि खाली भइसकेको छ भने बालाजु र टेकुमा अवैध संरचना हटाइएको छ।

सरकारी तथ्यांकअनुसार हालसम्म १८ सय २७ परिवारका सात हजार ८०९ जना सरकारको सम्पर्कमा आएका छन्। विस्थापनपछि सुरक्षित बसोवासको खोजीमा रहेका हजारौंमध्ये ठुलो हिस्सा अझै सम्पर्कविहीन छन्। एक हजार चार सय ८० भन्दा बढी परिवारका करिब पाँच हजार चार ३० जना सरकारसँग सम्पर्कमा छैनन्। हालसम्म विस्थापितहरूलाई कीर्तिपुरस्थित राधास्वामी सत्संग भवन १४७, नयाँ बसपार्क र माछापोखरी क्षेत्रका होटेलहरू १८०, सुन्धारा क्षेत्रका होटेलमा २५ जना, भक्तपुरस्थित विद्युत् प्राधिकरणको तालिम केन्द्रमा ८१, बोडेस्थित कृषि तालिम केन्द्रमा ३०, धापाखेलको सेल्टरमा १० जनालाई राखिएको कामठाडौं महानगरपालिकाले जनाएको छ।

उपत्यका विकास प्राधिकरणका अनुसार सिनामंगलमा ६१०, गैरीगाउँमा ५०९, थापाथलीमा ८४०, टेकुमा १०८, बालाजुमा २२७, कपन क्षेत्रमा १०७, अनामनगरमा २३ र मनोहारामा ७७० घरटहरा भत्काइएको छ। सोमबार पनि अव्यवस्थित बसोवास हटाइने अधिकारीहरूले जनाएका छन् । ०७९ को तथ्यांकअनुसार उपत्यकाका नदीकिनार क्षेत्रमा ३४९६ वटा घरटहरा थिए। जिल्ला प्रशासन कार्यालय काठमाडौंका प्रमुख जिल्ला अधिकारी ईश्वरराज पौडेलले उपत्यकामा रहेको ८० प्रतिशत अवैध संरचना हटाइएको बताए। 'उपत्यकाका भत्काउनुपर्ने अवैध संरचना अझै छन्, यो अभियान निरन्तर छ, ८० प्रतिशत संरचना हटाइसकेका छौं,' उनले भने।



कपनको साततले क्षेत्रमा सोमबार अवैध संरचनामा चलेका डोजर।

अव्यवस्थित रूपमा बसेकालाई सुरक्षित ठाउँमा स्थानान्तरण गर्ने प्रधानमन्त्रीको प्रतिबद्धता



प्रधानमन्त्री बालेन्द्र शाहले हाल नदी-किनारबाट हटाइएकाहरूलाई सरकारले सुरक्षित स्थानमा स्थानान्तरण गर्ने बताएका छन्। सोमबार सामाजिक सञ्जालमार्फत उनले ज्यान जोखिममा रही असुरक्षित स्थानमा बसोवास गरिरहेका नागरिकहरूका लागि सुरक्षित तथा व्यवस्थित स्थानान्तरणको व्यवस्था गरिने बताए। प्रधानमन्त्री शाहले बस्ती व्यवस्थित गर्ने सरकारी प्रक्रियालाई लिएर भूमिहीन तथा अव्यवस्थित बसोवासमा रहन बाध्य नागरिकहरूमा उठिवास हुने हो कि भन्ने आशंका र त्रास उत्पन्न गराउने गरी त्रास फैलाउने प्रयास भइरहेको आरोप लगाएका छन्। 'काठमाडौं उपत्यकाका नदीकिनार तथा सरकारी स्वामित्वमा रहेका जग्गामा अवाञ्छित रूपमा अतिक्रमण भएको स्पष्ट भएका क्षेत्रहरूमा नेपाल सरकारले कानुनबमोजिम अघि बढाएको व्यवस्थापन प्रक्रियाका विषयमा विभिन्न टिप्पणी तथा व्याख्या सार्वजनिक भइरहेकाप्रति सरकारको ध्यानाकर्षण भएको छ,' उनले भनेका छन्, 'वास्तविक भूमिहीन नागरिकहरूको डिजिटल लगत संकलन, विवरण प्रमाणीकरण तथा स्पष्ट आधारमा अभिलेख तयार गर्ने कार्य प्रारम्भ गरिएको छ, यस प्रक्रियाबाट भूमिहीन नागरिकहरूको वास्तविक अवस्था पहिचान गरी व्यवस्थित, पारदर्शी र दिगो समाधानतर्फ सरकार अघि बढिसकेको छ, ज्यान जोखिममा रही असुरक्षित स्थानमा बसोवास गरिरहेका नागरिकहरूका लागि सुरक्षित तथा व्यवस्थित स्थानान्तरणको व्यवस्था गरिनेछ।'

कास्कीका भूमिहीन तथा अव्यवस्थित बसोवासी आन्दोलित

कास्की/ पोखरा महानगरपालिकाले नगरक्षेत्रभित्रका सार्वजनिक/ऐलानी/पर्ती जग्गा खाली गराउन ३५ दिन सूचना जारी गरेपछि कास्कीका भूमिहीन तथा अव्यवस्थित बसोवासी आन्दोलित भएका छन्। भूमिहीन तथा अव्यवस्थित बसोवासी सरोकार संघर्ष समिति कास्की गठन गरी उनीहरू आन्दोलनमा उत्रेका छन्। महानगरले ४ वैशाखमा निकालेको ३५ दिने सूचना खारेजको माग गर्दै सोमबार उनीहरूले पोखरामा प्रदर्शन गरे। विकल्प नदिएसम्म हाल बसिरहेको स्थानबाट कुनै पनि हालतमा नहट्ने र बसेको स्थान खाली नगर्ने भन्दै उनीहरूले प्रदर्शन गरेका हुन्। ३५ दिने सूचना खारेजी गर्न माग गर्दै नाराबाजी गरेका उनीहरूले पोखरा महानगरपालिकामा पुगेर ज्ञापनपत्रसमेत बुझाएका थिए।

पोखरा महानगरले नगरक्षेत्रभित्रका सार्वजनिक/ऐलानी/पर्ती जग्गा खाली गराउन ३५ दिने सूचना जारी गरेको थियो। महानगरप्रमुख धनराज आचार्यले यसअघि पहुँचका आधारमा हुँदै आएको सार्वजनिक सम्पत्तिको दोहन गर्ने प्रवृत्तिको अन्त्य गर्दै नगरक्षेत्रभित्र रहेका सार्वजनिक/ऐलानी/पर्ती जग्गा संरक्षणका लागि सूचना जारी गरिएको जानकारी दिए। सार्वजनिक जग्गामा भएका अतिक्रमण र अनधिकृत प्रयोगलाई रोक्न महानगर अघि बढेको र त्यसैका लागि सूचना जारी गरिएको उनले बताए। दिएको अवधिमा आफैं नहटाए महानगरले हटाउने र हटाउँदा लागेको शुल्क सम्बन्धित पक्षसँग असुलउपर गर्ने उनको भनाइ छ।

अध्यादेशबारे संवैधानिक शक्ति सन्तुलन र अभ्यास

अध्यादेश सरकारको कार्यकारी अधिकारको विषय हो, राष्ट्रपतिले जारी गर्ने वा नगर्ने भनी निर्णय गर्न पाउने स्वविवेकीय अधिकारको विषय होइन



● प्राडा गान्धी पण्डित

अग्रलेख

नेपालको संवैधानिक अभ्यास फेरि एकपटक गम्भीर बहसको केन्द्रमा छ। संविधानको धारा ११४ बमोजिम संवैधानिक परिषद् ऐनलाई संशोधन गर्ने प्रयोजनका लागि जारी गर्न भनी मन्त्रिपरिषद्ले सिफारिस गरेको अध्यादेशलाई राष्ट्रपतिले 'पुनर्विचारका लागि फिर्ता' पठाउनु सामान्य प्रक्रियागत निर्णयजस्तो देखिए पनि यसको संवैधानिक अर्थ, संरचनात्मक प्रभाव र यसले पार्न सक्ने दीर्घकालीन प्रभाव अत्यन्त गम्भीर हुने देखिन्छ।

यो कदम केवल राष्ट्रपतिले संविधानको धारा ६६ को दायराभित्र रहेर संवैधानिक अधिकार प्रयोग गरेको विषयका रूपमा हेरिनुहुँदैन, यो त राज्य शक्ति सन्तुलनको व्याख्यात्मक सीमा नाघ्ने गरी राष्ट्रपतिले धाबा बोलेको रूपमा पनि हेरिनुपर्छ। संवैधानिक परिषद् ऐनलाई संशोधन गर्ने अध्यादेश फिर्ता गर्ने राष्ट्रपतिले चालेको कदमबाट एउटा मूल प्रश्न स्पष्ट र खरो रूपमा प्रस्तुत हुन पुगेको छ, त्यो हो- के राष्ट्रपतिलाई अध्यादेश रोक्ने, फिर्ता गर्ने वा अस्वीकार गर्ने अधिकार संविधानले प्रदान गरेको छ ? संविधानको धारा ११४ मा संघीय संसद् नचलेको अवस्थामा तत्काल केही गर्न आवश्यक परेमा मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिले अध्यादेश जारी गर्न सक्नेछ भन्ने व्यवस्था गरेको छ। सो धाराको स्वाभाविक र शाब्दिक अर्थबाट राष्ट्रपतिले मन्त्रिपरिषद्को अध्यादेशको सिफारिसलाई जारी गर्नुपर्ने कर्तव्यबाहेक त्यसलाई जारी गर्नबाट रोक्ने वा फिर्ता गर्ने अधिकार राष्ट्रपतिलाई प्रदान गरेको देखिँदैन। संविधान निर्माताले धारा ११४ मस्यौदा गर्दा राष्ट्रपतिलाई अध्यादेश जारी गर्नुपर्ने कर्तव्यबाहेक फिर्ता गर्ने अधिकार प्रदान नगरेको स्पष्ट देखिन्छ। त्यस्तो मनसाय रहेको भए धारा ११३ मा जसरी संसद्ले परित गरेको विधेयकलाई राष्ट्रपतिले एकपटक फिर्ता पठाउन पाउने अधिकार दिइएको छ, सोहीअनुसारको भाष्य र शब्दको प्रयोग धारा ११४ मा पनि गरिने थियो। तर, त्यस्तो भाषाको प्रयोग र आशय प्रकट नगरिएको हुँदा अध्यादेश फिर्ता गरिनुले संवैधानको मर्म र भावनाविपरीत राष्ट्रपतिले आफूसँग हुँदै नभएको अधिकार विस्तार गर्न खोजेको देखिन्छ।

कार्यकारी शक्तिको स्पष्ट संवैधानिक संरचना : संविधानले राज्य शक्तिको संरचना स्पष्ट रूपमा विभाजन गरेको छ। धारा ७५ ले कार्यकारी अधिकार मन्त्रिपरिषद्मा निहित हुने व्यवस्था गरेको छ। यसको अर्थ राज्य सञ्चालन, नीति निर्माण, प्रशासनिक निर्णय र राजनीतिक जिम्मेवारी सबै निर्वाचित सरकारमा केन्द्रित हुनेछ भनी मन्त्रिपरिषद्लाई स्पष्ट कार्यकारी अधिकार प्रदान गरेको हुँदा मन्त्रिपरिषद् कार्यकारी अधिकार सम्पन्न निकाय हो। संविधानको समग्र संरचनाको अध्ययन र विश्लेषण गर्दा राष्ट्रपतिको भूमिका कार्यकारी होइन, आलंकारिक (सेरिमोनियल) हो। उनी राष्ट्राध्यक्षसम्म हुन्, जसको प्रमुख कर्तव्य संविधानको पालन र संरक्षण गर्नु हो।

धारा ६६ ले राष्ट्रपतिलाई संविधान र कानुनले प्रदान गरेको अधिकारसम्म प्रयोग गर्ने र संविधानमा तोकेको कर्तव्य पालन गर्ने व्यवस्था गरेको छ। यहाँ 'कर्तव्य' शब्द अत्यन्त महत्त्वपूर्ण छ। यसले स्पष्ट संकेत के गर्छ भने राष्ट्रपति पद कार्यकारी होइन, संविधानको पालन र संरक्षणकर्ता हो। शासन सञ्चालनको निर्णय, नीति निर्माण वा कानुनी आवश्यकताको मूल्यांकन गर्ने अधिकार राष्ट्रपतिमा निहित छैन। त्यसैले, अध्यादेशको अन्तरवस्तु हेर्ने, विश्लेषण गर्ने र त्यसका आधारमा अध्यादेश जारी गर्ने वा जारी नगरी फिर्ता गर्ने अधिकार राष्ट्रपतिलाई छैन।

धारा ११४ : भाषिक व्याख्या र संरचनात्मक सीमा : धारा ११४ मा उल्लेख भएको 'राष्ट्रपतिले अध्यादेश जारी गर्न सक्नेछ' भन्ने वाक्यांशलाई आधार बनाएर कतिपयले राष्ट्रपतिमा मन्त्रिपरिषद्ले सिफारिस गरेको अध्यादेश जारी गर्ने वा नगर्ने अधिकार रहेको भन्ने व्याख्या गर्न खोजेको देखिन्छ। तर, संवैधानिक व्याख्या केवल शब्दमा सीमित नरही संविधानको समग्र संरचना, प्रणालीगत सन्तुलन र संस्थागत भूमिकाका आधारमा गरिनुपर्छ।

यदि 'सक्नेछ' भन्ने शब्दलाई राष्ट्रपतिको आलंकारिक हैसियतलाई बिर्सिएर निजले पूर्ण र स्वतन्त्र रूपमा निर्णय गर्न पाउने अर्थमा व्याख्या गर्न खोजियो भने यसले राष्ट्रपतिलाई सेरिमोनियल हैसियतबाट कार्यकारी प्रमुखमा रूपान्तरण गर्न मद्दत पुग्छ, जसबाट उनले चाहेको अध्यादेश जारी गर्ने, नचाहेको नगर्ने वा अध्यादेश फिर्ता गर्ने परिपाटी सुरु हुन थाल्छ, जुन संसदीय शासन प्रणालीको मूल आत्मासँग प्रत्यक्ष रूपमा बाझिन्छ, किनभने संसदीय प्रणालीमा कार्यकारी शक्ति निर्वाचित सरकारमा निहित हुन्छ, राष्ट्रपतिमा कदापि होइन।

त्यसैले, यहाँ 'सक्नेछ' भन्ने शब्दलाई राष्ट्रपतिको अधिकारसित नजोडी मन्त्रिपरिषद्को अध्यादेश जारी गर्न पाउने कार्यकारी अधिकारसँग जोडेर व्याख्या गरिएमा मात्र त्यसले संविधानको मर्म र भावनालाई समेट्छ।

अध्यादेशको संवैधानिक प्रकृति : अध्यादेश एकपटक जारी भएपछि अनन्तकालसम्म कायम रहने कानुनी प्रावधान होइन। अध्यादेश त केवल संसद् नचलिरहेको अवस्थामा तत्काल कानुनको आवश्यकता पूरा गर्न प्रयोग गरिने अस्थायी विधायकी उपाय वा माध्यम हो, जसको सीमावधि अध्यादेश जारी भएको मितिबाट संसद्को पहिलो बैठक बोलाएको अवधिसम्म मात्र सीमित हुन्छ। सामान्यतः अध्यादेश तीन आधारभूत सिद्धान्तमा आधारित हुन्छ, पहिलो- अध्यादेश मन्त्रिपरिषद्ले चाहेको अवस्थामा मात्र जारी हुने हुँदा मन्त्रिपरिषद्को सिफारिस अनिवार्य हुन्छ। दोस्रो- अध्यादेश जारी गर्दा मोल्नुपर्ने राजनीतिक र कानुनी जोखिम सरकारले नै वहन गर्नुपर्ने हुँदा यसको जस र अपजस सरकार आफैंले नै वहन गर्नुपर्ने हुन्छ। तेस्रो- एकपटक अध्यादेश जारी गरेपछि पनि यसको वैधानिकता र आवश्यकताको



अन्तिम परीक्षण संघीय संसद्ले गर्ने अधिकार राख्छ। एकपटक जारी भएको अध्यादेशलाई संसद्ले अनुमोदन नगर्दासम्म त्यसले कानुनका रूपमा निरन्तरता पाउन सक्दैन। यसले स्पष्ट रूपमा के ईंगित गर्छ भने अध्यादेश सरकारको कार्यकारी अधिकारको विषय हो, राष्ट्रपतिले जारी गर्ने वा नगर्ने भनी निर्णय गर्न पाउने स्वविवेकीय अधिकारको विषय होइन। अध्यादेश जारी नगरी राष्ट्रपतिले सरकारको विशिष्ट कार्यकारी अधिकारमा अतिक्रमण गर्ने हैसियत राख्दैनन्। त्यसैले, अध्यादेशलाई रोक्ने, फिर्ता गर्ने वा अस्वीकार गर्ने अधिकार संविधानले राष्ट्रपतिलाई दिएको छैन र दिएको छ भनी घुमाउरो पाराले स्वीकार गर्न सकिँदैन।

> अध्यादेश फिर्ता गर्ने कदमलाई केवल राष्ट्रपतिले संविधानको धारा ६६ को दायराभित्र रहेर संवैधानिक अधिकार प्रयोग गरेको विषयका रूपमा हेरिनुहुँदैन, यो त राज्यको शक्ति सन्तुलनको व्याख्यात्मक सीमा नाघ्ने गरी राष्ट्रपतिले धाबा बोलेको रूपमा पनि हेरिनुपर्छ

विधेयक र अध्यादेशबिचको भिन्नता : संवैधानिक व्याख्याको परिप्रेक्ष्यमा विधेयक र अध्यादेशलाई एउटै दृष्टिले हेर्नु गम्भीर त्रुटि हो। किनभने, विधेयक संसद्ले पारित गर्छ र ऐनका रूपमा लागू गर्न राष्ट्रपतिसमक्ष प्रमाणीकरणका लागि पेस गरिन्छ। तर, संसद्ले प्रमाणीकरणका लागि पेस गरेको विधेयकलाई धारा ११३ बमोजिम राष्ट्रपतिले एकपटक पुनर्विचारका लागि फिर्ता पठाउन सक्छन्। त्यसरी फिर्ता गरिएको विधेयकलाई संसद्ले पुनः पारित गरेपछि राष्ट्रपतिले त्यस्तो विधेयकलाई अनिवार्य रूपमा प्रमाणीकरण गर्ने संवैधानिक व्यवस्था छ।

तर, अध्यादेश मन्त्रिपरिषद्को क्षेत्राधिकारभित्रको विषय हो। मन्त्रिपरिषद्ले कुनै विषयमा अध्यादेश जारी गर्न राष्ट्रपतिसमक्ष सिफारिस गर्छ भने राष्ट्रपतिले 'किन्तु, परन्तु' नभनी तुरुन्तै जारी गर्नु निजको संवैधानिक दायित्व हो, जसको व्यवस्था धारा ६६ मा गरिएको छ। उनलाई संविधानले अध्यादेश जारी गर्ने कर्तव्य तोकिदिएको छ, तसर्थ त्यस्ता अध्यादेशलाई जारी नगर्ने वा अस्वीकार गर्ने वा फिर्ता गर्ने अधिकार राष्ट्रपतिमा नरहेको धारा ११४ को शाब्दिक अर्थबाट स्पष्ट देखिन्छ। विधेयक र अध्यादेश जारी गर्न गरिएका संवैधानिक भिन्नता आकस्मिक होइन। यो संसदीय लोकतन्त्रको जानाजान गरिएको संस्थागत 'डिजाइन' हो, जसले कार्यकारी शक्ति मन्त्रिपरिषद्लाई मात्र प्रदान गरेको छ।

संवैधानिक परिषद्सम्बन्धी निर्णय तीनजना सदस्यको बहुमत वा चारजानाको बहुमतबाट परित हुनुपर्छ भन्ने विषय नीतिगत निर्णय हो। यस्तो अध्यादेश सरकारको कार्यकारिणी अधिकार क्षेत्रभित्रै पर्छ। यस्तो विषय संसद्मा बहसको विषय हुन्छ, तर राष्ट्रपतिको अधिकार क्षेत्रभित्र पर्दैन। राष्ट्रपतिले यसको औचित्यको मूल्यांकन गर्न थाल्नु केवल राष्ट्रपतिको कार्यकारी भूमिकाको विस्तार खोजेको मात्र होइन, यस्तो कदमले निजको 'सेरोमोनियल' भूमिकाको सट्टा कार्यकारी अधिकारको सीमा विस्तार गर्न खोजेको संकेतका रूपमा हेर्न सकिन्छ।

उत्तरदायित्व र शक्ति सन्तुलन : लोकतान्त्रिक शासन प्रणालीमा जहाँ शक्ति हुन्छ, त्यहीं उत्तरदायित्व पनि साथसाथै गाँसिएको हुन्छ। अध्यादेशका सन्दर्भमा त्यसको राजनीतिक उत्तरदायित्व सरकारको हुन्छ। किनभने, सरकार संसद् र जनता दुवैप्रति जिम्मेवार र उत्तरदायी हुन्छ, जबकि राष्ट्रपति यी कसैप्रति जिम्मेवार र उत्तरदायी हुनुपर्दैन। त्यस अर्थमा मन्त्रिपरिषद्ले सिफारिस गरेको अध्यादेश राष्ट्रपतिले जारी गर्नैपर्छ। अन्यथा, संविधानले परिकल्पना गरेको शक्ति र जिम्मेवारीबिचको सन्तुलन खल्बलिन पुग्छ।

अध्यादेश जारी नगर्ने अभ्यास र यसका जोखिम : राष्ट्रपतिबाट अध्यादेश फिर्ता पठाउने अभ्यास संस्थागत हुँदै गयो भने त्यसले संवैधानिक संरचनामा गम्भीर प्रभाव पार्न सक्छ। जस्तै- कार्यकारी निर्णय प्रक्रियामा दोहोरो नियन्त्रण, सरकारको कार्यकारी अधिकार र स्वायत्ततामा ह्रास, राष्ट्रपतिको राजनीतिक भूमिकामा अप्रत्यक्ष विस्तार एवं संसदीय प्रणालीको शक्ति सन्तुलन कमजोर हुन जान्छ। संवैधानिक विधिशास्त्रमा यस्तो अभ्यासलाई शक्तिको अनुचित विस्तार भनी बुझिन्छ, जुन दीर्घकालीन रूपमा संवैधानिक एवं संस्थागत अस्थिरताको मूल स्रोत बन्न सक्छ।

■ **पुनर्विचार गर्न भनी फिर्ता गरिएको राष्ट्रपतिको निर्णयको संवैधानिक सीमा**

समर्थकले यसलाई 'अस्वीकार होइन, पुनर्विचार मात्र' भन्ने तर्क प्रस्तुत गर्न सक्छन्। तर, संवैधानिक दृष्टिले प्रश्न अभिप्रायको होइन, अधिकारको हो। संविधानले अधिकार नदिएको कार्यलाई कुनै पनि नामले वैध बनाउन सकिँदैन। पुनर्विचार भन्ने शब्दले संवैधानिक सीमालाई विस्तार गर्न सक्दैन।

पुनः सिफारिसको संवैधानिक स्थिति : मन्त्रिपरिषद्ले सोही अध्यादेश पुनः सिफारिस गर्छ भने राष्ट्रपतिको भूमिका के हुन्छ ? संविधानले स्पष्ट प्रक्रिया नदिए पनि यसको मर्म स्पष्ट छ, मन्त्रिपरिषद्ले त्यस्तो अध्यादेश पुनः सिफारिस गरेमा राष्ट्रपतिले कुनै कारण वा बहाना नबनाई तुरुन्तै जारी गर्नुपर्ने संवैधानिक दायित्व रहेको छ। राष्ट्रपतिले कार्यकारी निर्णयलाई अवरुद्ध वा अवरोध गर्न सक्दैनन्। अन्यथा, शासन संवैधानिक प्रणाली नै निष्क्रिय र निष्प्रभावी हुन पुग्छ।

संविधानको संरक्षण : धारा ६१ मा राष्ट्रपतिले संविधानको पालन र संरक्षण गर्नु निजको कर्तव्य हुनेछ भनी व्यवस्था गरिएको छ। यसको अर्थ राष्ट्रपति आफैंले संविधानको पालना गर्नु र अरूको हस्तक्षेपबाट संविधानको संरक्षण गर्नु भन्ने हो। तसर्थ, सक्रिय र कार्यकारीका रूपमा राष्ट्रपतिले हस्तक्षेप गर्न पाउनुपर्छ भन्ने होइन। संरक्षणको वास्तविक अर्थ भनेको संविधानको सीमाभित्र रहनु, संस्थागत प्रक्रियालाई अवरुद्ध नगर्नु र शक्ति सन्तुलन कायम राख्नु भन्ने बुझ्नुपर्छ। संविधानको रक्षा वा संरक्षण यसको संरचना भत्काएर होइन, यसको सीमाभित्र रहेर गरिनुपर्छ।

निष्कर्ष : अन्ततः यो विवादलाई एउटा सामान्य प्रकृतिका रूपमा नहेरी संसदीय प्रणालीको संरचनात्मक आत्माको परीक्षणका रूपमा हेरिनुपर्छ। संविधानको व्यवस्थाअनुसार कार्यकारी अधिकार केवल मन्त्रिपरिषद्मा निहित छ। अध्यादेश जारी गर्न सिफारिस गर्ने वा जारी भएको अध्यादेश फिर्ता लिने आदि प्रक्रियागत अधिकार कार्यकारी संरचनाको एक हिस्सा हो। राष्ट्रपतिको भूमिका विधेयक प्रमाणीकरण र अध्यादेश जारी गर्ने औपचारिकतासम्म सीमित रहनु संवैधानिक सन्तुलनको अनिवार्य सर्त हो। यस सीमाबाहिर गई अभ्यास विस्तार गर्ने खोजियो भने यसले राज्यका कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाबिचको शक्ति सन्तुलन र शक्ति पृथकीकरणको भावना र मर्ममा चोट पुगी संवैधानिक संरचना नै क्रमशः अस्थिर र अस्पष्ट बन्न सक्छ। तसर्थ, अध्यादेश रोक्ने वा फिर्ता गर्ने अधिकार राष्ट्रपतिमा निहित छैन, मन्त्रिपरिषद्मा मात्र छ। यो संविधानले तोकेको कार्यकारी प्रक्रियाको बाध्यकारी हिस्सा मात्र हो, जसको अभ्यास सरकारको जिम्मेवारी र संसद्को मूल्यांकनको दायराभित्र पर्छ।

(प्राडा गान्धी वरिष्ठ अधिवक्ता हुन्)

---

३ प्रश्न

नेपाल सरकारका पूर्वसचिव **उमेश मैनाली**लाई



निजामती सेवामा ट्रेड युनियनको आवश्यकता कति छ ?

निजामती सेवाका न्यून वैतनिक नासु वा सो सरहका कर्मचरीका लागि गैरराजनीतिक चरित्रको आधिकारिक ट्रेड युनियन चाहिन्छ। तर, त्यस्तो ट्रेड युनियन राजनीतिक दलसँग आबद्ध हुनु भने हुँदैन। तर, अहिले पूरै ट्रेड युनियन खारेज गर्ने निर्णय गरिएको छ। यस्तो व्यवस्था आइएलओको अभिसन्धिविपरीत हुन जान्छ। निजामती सेवाका अधिकृत वा सोभन्दा माथिका कर्मचारीका लागि ट्रेड युनियनमा आबद्ध हुने अधिकार दिनै हुँदैन। तर, नासुसम्मका कर्मचारीका लागि यो अधिकार दिएको भए उनीहरूका हक अधिकारको सुरक्षाका लागि राम्रै हुने थियो। लोकतन्त्रमा न्यून वैतनिक कर्मचारीलाई पनि ट्रेड युनियन अधिकार नै दिँदैनौं भन्नचाहिँ मिल्दैन।

ट्रेड युनियनको खारेजीले कर्मचारीको वृत्ति विकास र सेवा प्रवाहमा कस्तो प्रभाव पर्ला ?

ट्रेड युनियनको खारेजीले कर्मचारीको वृत्ति विकास र सेवा प्रवाहमा कुनै प्रभाव पर्दैन। कर्मचारीको सेवा, सुरक्षा, हक अधिकारका लागि बार्गेनिङ गर्न आवश्यक पर्ने हो ट्रेड युनियन। कर्मचारीको छनोट र नियुक्ति लोकसेवा आयोगले मेरिट बेसमा गर्ने हो। पदोन्नति पनि लोकसेवाले नै गर्ने हो। यसमा ट्रेड युनियनको कुनै भूमिका हुँदैन। त्यसैले, खालि कर्मचारी कल्याणका लागि मात्र चाहिने हो ट्रेड युनियन।

निजामती कर्मचारीको गुनासो सुनुवाइको व्यवस्था कति प्रभावकारी होला ?

यस्तो गुनासो सुनुवाइको व्यवस्था गर्नुको खास अर्थ छैन। अहिले पनि मन्त्री, सचिव या हाकिमले मातहतका कर्मचारीको गुनासो सुनेकै छन्। यो कुनै नौलो व्यवस्था होइन।

प्रेरक प्रसंग

युधिष्ठिर र दुर्योधनको परीक्षा

गुरु द्रोणको आश्रममा पाण्डव र कौरव शिष्यहरूले शस्त्रविद्यामा राम्रै प्रगति गरिरहेका थिए। गुरु पनि प्रसन्न थिए। उनी आफ्ना शिष्यको योग्यता जाँच्न अनेक परीक्षा लिन्थे।

एक दिन गुरु द्रोणाचार्यले शिष्यको परीक्षा लिने विचार गरे। उनले दुर्योधनलाई बोलाएर भने- दुर्योधन, तिमी नजिकको गाउँबाट एकजना असल मान्छे खोजेर ल्याऊ। 'हवस् गुरुदेव' भन्दै दुर्योधन निस्किए। केही दिनपछि उनी एक्लै आश्रममा फर्किए। गुरुको अगाडि हात जोडेर उनले भने- गुरुदेव, मैले धेरै गाउँ र सहरको भ्रमण गरेँ। तर, कुनै असल मानिस भेट्न सकिनँ।

ठिकै छ, तिमी दुःखी नबन भन्दै गुरुले युधिष्ठिरलाई बोलाए। उनले भने- युधिष्ठिर, तिमी आसपासको गाउँमा जाऊ र एकजना खराब मानिस खोजेर ल्याऊ। 'हवस् गुरुदेव' भनेर बाटो लागे।

केही दिनपछि उनी पनि एक्लै आश्रममा फर्किए। गुरुले सोधे- युधिष्ठिर, तिमीले मैले भनेअनुसार खराब मानिस ल्यायौ त ? हात जोडेर युधिष्ठिरले भने- गुरुदेव, मैले सबैतिर खराब मान्छे खोजेँ, तर त्यस्तो मान्छे कतै पनि पाइनँ। सबै राम्रै राम्रा मान्छे मात्र भेटिए। युधिष्ठिरको कुरा सुनेर सबै शिष्यले सोधे- गुरुदेव, दुर्योधनले कोही पनि असल मान्छे भेटेनन् भने युधिष्ठिरले खराब मानिस भेटेनन्। यो कसरी सम्भव भयो ?

मुसुक्क मुस्कुराउँदै द्रोणले भने- यो सब आआफ्नो दृष्टिको प्रभाव हो। फूलको आँखामा फूलै संसार, काँडाको आँखामा काँडै संसार भनेको यही हो।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

कांग्रेस नेतालाई प्रश्न

यतिखेर देशको सबैभन्दा पुरानो र पटकपटक ठुला आन्दोलनको नेतृत्व गरेको र पटकपटक सरकार पनि सञ्चालन गरेको पार्टी नेपाली कांग्रेस गम्भीर संकटमा देखिन्छ। एकातिर निर्वाचनपछि पार्टी खुम्चिनुसम्म खुम्चिएको छ। अर्कातिर पूर्वसंस्थापन समूहका नेताका कारण पार्टी लगभग फुटको डिलमा पुगेको छ। अहिले वर्तमान नेतृत्वले क्रियाशील सदस्यता अद्यावधिक गर्नुपर्ने जुन निर्णय गरेको छ, यसमा दलका पुराना र मै हुँ भन्ने नेताले किन आपत्ति जनाइरहेका छन् ? के तिनले आफ्नो स्थानीय पार्टी एकाइसम्म पुगेर सदस्यता अद्यावधिक गर्न मिल्दैन ? के तिनले महाधिवेशनमा भाग लिन गाउँ कमिटीबाटै अनुमोदन हुनुपर्दैन ? के त्यतिकै आफूलाई 'सिनियर' नेता बताउन मिल्छ ?

● **सम्पूर्ण आचार्य**, गौरीघाट, काठमाडौं

सरकारलाई दुई सुझाव

सरकारले अहिले सुकुम्बासी बस्ती खाली गराएपछि एकातिर सरकारको वाहवाही पनि भइरहेको छ भने अर्कातिर सरकारको कदमको विरोध पनि भइरहेको छ। सरकारले तत्काल गर्नुपर्ने कामबारे दुई सुझाव यहाँ राख्न चाहन्छु। पहिलो, भत्काइएका संरचनाका भग्नावशेष तत्काल हटाएर त्यहाँ सडक र अन्य आवश्यक निर्माण कार्य तत्काल सुरु गरियोस्। दोस्रो, विस्थापितको लगत संकलन गरी वास्तविक सुकुम्बासीको पहिचान गरी स्थायी बसोवासको व्यवस्था मिलाइयोस्।

● **सुरञ्जन कायस्थ**, टीकाथली, ललितपुर

बिजुली किन पुगेन ?

जुम्लाको रिपीमा बिजुलीका पोल पुगे पनि बिजुली भने अझै नपुगेको समाचार पढियो। देशभर बिजुलीको पहुँच पुग्दै गर्दा अझै पनि यस्ता दुर्गम गाउँ बिजुलीको पहुँचदेखि बाहिरै छन्। तैपनि, सरोकारवाला निकाय, स्थानीय, प्रदेश र संघीय सरकार कसैले पनि यस्ता दुर्गम गाउँबस्तीलाई उज्यालो बनाउन चाहेको नदेखिनु दुःखद विषय हो। बिजुलीका लागि पोट पुगे पनि बिजुली नपुग्नु भनेको जनताप्रतिको घोर उपेक्षा हो। बिजुली छिटो देऊ।

● **गौरिका सन्ज्याल**, वीरेन्द्रनगर-६, सुर्खेत

छिमेकीसँगको सम्बन्धमा ध्यान देऊ

दुई छिमेकी देश भारत र चीनसँगको सम्बन्ध सुमधुर बनाउनु सरकारको पहिलो दायित्व हो। छिमेकी मुलुकसँगको कूटनीतिक सम्बन्ध कमजोर भएकाले हाम्रो देशको आर्थिक अवस्था पनि कमजोर भएको हो। हेर्दा सामान्य लाग्न सक्छ, तर यस विषयमा सरकारले ध्यान दिन आवश्यक छ। सरकार आफ्नो अडानमा बस्न नसक्ने कूटनीतिक अधिकारी पनि आफ्नै आसेपासे राख्ने, जसका कारण हाम्रा छिमेकीसितको सम्बन्ध कमजोर बन्दै गयो। भारत र चीनको सहयोग र साथविना हाम्रो देशको विकास सम्भव छैन। तर, त्यसो भन्दैमा उनीहरूले जे भन्छन्, त्यही मान्नुपर्छ भन्नेचाहिँ होइन। तर, इतीहास हेर्ने हो भने भारतसँगको असहमति हाम्रा लागि पटकपटक महँगो परेको छ। २०४६ होस् या ६२, ६३ नै किन नहोस्, भारतकै साथ र सहयोगले सफल भएका आन्दोलन हुन्। यसको गलत अर्थ नलागोस्, तितो यथार्थ यही हो। विश्वमा उदीयमान शक्ति राष्ट्रसँग पौंठेजोरी खेल्ने होइन, दुवैको जित हुने गरी सहमति, सम्झौता गर्नुपर्छ। अहिले लिपुलेक, कालापानीको बाटो हुँदै भारतीय तीर्थयात्री मानसरोवर जाने गरी बाटो सञ्चालन गरिएको भन्ने समाचार आएको छ। यस समस्याको दुवै देश बसेर समाधान खोज्नुपर्छ।

● **पुरुषोत्तम घिमिरे**, जोरपाटी, काठमाडौं
ghimirepuru@gmail.com

आकस्मिक होइन ओपेकबाट बाहिरिने युएईको निर्णय

लामो समयदेखि तेलसम्बन्धी नीति र क्षेत्रीय मुद्दामा साउदी अरबसँग बढ्दो तनावले अन्ततः युएईले साउदी नेतृत्वको समूह छाड्यो



देश/विदेश

● क्रिस्टियन कोयट्स उल्रिचसन

पेट्रोलियम निर्यातकर्ता देशको संगठन 'ओपेक'बाट बाहिरिने संयुक्त अरब इमिरेट्स (युएई)को निर्णयले यस समूहलाई निर्णायक समयमा कमजोर बनाउनेछ। साथै, यस प्रकरणले युएई र ओपेकको वास्तविक नेता साउदी अरबबिचको जारी तनावलाई पनि चित्रित गर्छ। युएईले अप्रिल २८, २०२६ मा मे १ देखि लागू हुने गरी ओपेक र ओपेक प्लस (जुन रुससमेत सहभागी ओपेकको विस्तारिक रूप हो)बाट बाहिरिने घोषणा गऱ्यो। युएई ओपेकको तेस्रो र ओपेक प्लसको चौथो ठुलो तेल उत्पादक देश थियो।

२८ अप्रिलमा युएईले गरेको घोषणा धेरैलाई आकस्मिक लाग्न सक्छ। तर, युएई र खाडी देशबिचका सम्बन्धमाथि नजर राखिरहेका पर्यवेक्षकले भने लामो समयदेखि युएईको राजधानी अबुधाबीमा ओपेकका नीतिप्रति असन्तुष्टि देख्दै आएका थिए। अझ यो घोषणामा युएई र साउदी अरबले वर्षौंदेखि अपनाएका तेल नीतिको भिन्नताका साथै कैयौं क्षेत्रीय मुद्दामा बढ्दो प्रतिद्वन्द्विता पनि झल्कन्छ। खाडीका दुई शक्तिशाली सुन्नी राष्ट्र साउदी र युएईबिचको यो दरार पछिल्लो समय डिसेम्बर २०२५ मा खुलेआम देखिएको थियो। त्यतिबेला युएई र साउदीले यमनमा समर्थन गरेका दुई समूहबिच ठुलो भिडन्त भएको थियो। साउदीको चेतावनीपछि र अबुधाबी पछि हट्यो, अनि मात्र तनाव कम भयो। त्यसबेलादेखिको कटुता इरानी आक्रमणको सामना गर्न तिनले देखाएको एकताले पनि पुर्न सकेन। यसैको पछिल्लो अभिव्यक्ति हुन सक्छ, युएईको ओपेक छाड्ने निर्णय।

ओपेकको गठन सन् १९६० मा विश्वका प्रमुख तेल उत्पादक राष्ट्रबिच तेलको उत्पादनमा सीमा निर्धारण गर्ने र त्यसमार्फत विश्वमा कच्चा तेलको मूल्य नियन्त्रण गर्ने माध्यमका रूपमा भएको थियो। सन् १९७१ मा सातवटा ससाना खाडी अधिराज्य मिलेर युएई स्थापना भएदेखि नै सो राज्य ओपेकको सदस्य छ। युएईका सात एकाइमध्ये सबैभन्दा प्रभावशाली अबुधाबी (जहाँ सो राज्यको कुल तेलको ९५ प्रतिशत तेल भण्डार छ) भने सन् १९६७ देखि नै समूहको सदस्य थियो।

सन् १९७० को दशकको मध्य र अन्त्यमा समूहको प्रभाव सबैभन्दा शिखरमा रहेको समयमा ओपेक तेल उत्पादक देश र उपभोक्ताबिचको शक्ति सन्तुलनलाई आकार दिन सक्ने अवस्थामा थियो। साथै, समूहले भर्खरै स्वतन्त्र भएका देशलाई पश्चिमी प्रभुत्व तोड्दै आफ्ना स्रोत राष्ट्रियकरण गर्ने 'प्लाटफर्म' दियो। उसो त पछिल्लो समय ओपेकबाट अन्य सदस्य नबाहिरिएका होइनन्। यसअघि सन् २०१९ मा कतार र सन् २०२४ मा अंगोला समूहबाट बाहिरिए। तर, युएईको बहिर्गमनको प्रभाव विगतको भन्दा धेरै ठुलो हुनेछ। ओपेकको कुल तेल उत्पादनको लगभग १२ प्रतिशत हिस्सा ओगटेको युएईको बहिर्गमनले कार्टेलको प्रभाव कमजोर हुन सक्छ। यस कदमले भविष्यमा तेल बजारमा परिवर्तन आउँदा द्रुत गतिमा प्रतिक्रिया दिने संस्थाको क्षमता कमजोर हुनेछ।

नोभेम्बर २०२० मा सम्पन्न ओपेक-प्लस शिखर



सम्मेलनअघि तेल नीतिको व्यवस्थापनबारे साउदी अरब र युएईबिच देखिएको मतभेदलाई ख्याल गर्ने हो भने कम्तीमा सम्भावित विभाजनको बिउ पाँच वर्ष पुरानो हो। त्यसपछि जुलाई २०२१ मा भएको ओपेक प्लसको अर्को बैठकमा दरार खुला रूपमा देखियो। युएई तेल उत्पादन बढाउन चाहन्थ्यो। तर, कोभिड-१९ महामारीपछि ओपेक सदस्यले तेल उत्पादन तीव्र रूपमा घटाए। साउदी तेल उत्पादन कम गरेर मूल्य उच्च राख्ने नीति अँगाल्न चाहन्थ्यो र भयो पनि त्यही।

आंशिक रूपमा यस नीतिपछाडि यी दुई खाडी राष्ट्का फरक परिस्थिति र आर्थिक नीति झल्किन्छ। साउदी सरकार आफ्नो 'भिजन २०३० परियोजना'अन्तर्गतका विशाल पूर्वाधार परियोजनाका लागि आवश्यक राजस्वका लागि तेलको उच्च मूल्य राखिरहन चाहन्छ। अर्कातर्फ, युएईको अर्थतन्त्र तेलमा मात्र निर्भर नभई बढी विविध छ। ऊ खासमा बजारमा सकेसम्म धेरै तेल पठाउन चाहन्छ।

अबुधाबीले इरानविरुद्ध अमेरिका-इजरायलले आक्रमण गर्नुअघि केही वर्षदेखि आफ्ना तेल पूर्वाधारमाथि उच्च लगानी गरिरहेको थियो। यी लगानीको उद्देश्य हाल युएईले प्रतिदिन ३४ लाख ब्यारेल तेल उत्पादन गरिरहेकोमा त्यसलाई सन् २०२७ सम्ममा ५० लाख ब्यारेलमा विस्तार गर्ने योजना छ। विश्वमा जीवाश्म इन्धन परित्याग गर्ने बहस चर्केकाले युएई भविष्यमा यसको माग घट्नुअघि नै आफ्नो स्रोत अधिकतम प्रयोग गर्न चाहन्छ। तर, यसमा अवरोध बनेको छ, ओपेक।

युएई नेतृत्वले क्षेत्रीयभन्दा राष्ट्रिय हितमा केन्द्रित हुन चाहेको कुरा स्पष्ट छ। यसैका लागि अबुधाबीले ओपेक समूहभित्रका सदस्यबाट टाढिने इच्छासमेत देखाएको छ। समूहलाई अबुधाबीले पुरानो विश्वको प्रतिनिधि मान्न थालेको छ। तिनलाई छाडेर ऊ अमेरिका र सम्भवतः इजरायलसँगको सम्बन्धलाई प्राथमिकता दिन जाँदै छ।

(उल्रिचसन अमेरिकाको टेक्ससस्थित राइस युनिभर्सिटीको बेकर इन्स्टिच्युटका मध्यपूर्व विभागका फेलो हुन्)

कन्भर्सेसनबाट

■ भारतमा विधान सभा निर्वाचन

फिल्म स्टारदेखि तमिलनाडु राजनीतिको केन्द्रमा थलपति

भारतका चारवटा राज्य र केन्द्र शासित प्रदेश पुडुचेरीमा अप्रिलमा सम्पन्न निर्वाचनको मतपरिणामसँगै धेरैको ध्यान अहिले तमिलनाडुमा केन्द्रित छ। सबैभन्दा रोचक नतिजा यस राज्यमा देखिएको छ, जहाँ अभिनय हुँदै राजनीतिमा प्रवेश गरेका विजय थलपति नेतृत्वको तमिलागा वेट्री कंजगम (टिभिके) पार्टी २३४ सदस्यीय विधानसभा निर्वाचनमा १०८ सिटमा अगाडि छ। दुई वर्षअघि मात्र स्थापना गरेको पार्टीले सत्तारुढ डिएमके र प्रमुख विपक्षी एडिएमकेलाई चुनौती दिएको छ। निर्वाचनमा मुख्यमन्त्री एमके स्टालिन नै पराजित भएका छन्। स्टालिनलाई टिभिकेका उम्मेदवार बिएस बाबुले पराजित गरेका हुन्। स्टालिन सन् २०११ देखि लगातार कोलाथुर निर्वाचन क्षेत्रबाट विजयी हुँदै आएका थिए र यसपटक पनि उनले सहजै जित्ने अनुमान गरिएको थियो। पार्टीको विजयसँगै थलपति मुख्यमन्त्री बन्ने निश्चितजस्तै बनेको छ।



को हुन् विजय थलपति ?

५१ वर्षीय विजयको पूरा नाम चन्द्रशेखर जोसेफ विजय हो। उनलाई प्रशंसकलेविजय थलपति भन्छन्। तमिल भाषामा थलपतिको अर्थ कमान्डर वा नेता हो। निर्वाचन अभियानमा टिभिकेले 'विजय आउनेछन्' भन्ने नारा चर्चामा थियो। पार्टीको नारालाई पुराना दलले सामान्य ठाने। तर, नतिजा अप्रत्यासित आयो।७० भन्दा धेरै चलचित्र खेलेका थलपतिले सन् २०२४ मा सक्रिय राजनीतिमा आउने घोषणा गरेका थिए। उनले गत वर्ष २७ डिसेम्बरमा फिल्म क्षेत्रबाट सन्न्यास लिएको घोषणा गरेका थिए।

थलपति सन् १९७७ मा राज्यको राजनीतिलाई पुनः परिभाषित गर्ने एम.जी. रामचन्द्रनपछि तमिलनाडुमा अभिनेताबाट मुख्यमन्त्री बन्ने लाइनमा छन्। उनको जन्म १९७४ मा चेन्नईमा जोसेफ विजय चन्द्रशेखरको रूपमा भएको थियो। विजयका बाबु एसए चन्द्रशेखर फिल्म निर्देशक र आमा साहित्री शोभा गायिका हुन्। उनले १९८४ मा आफ्नै बाबुको निर्देशनमा बनेको फिल्म 'भेत्री'बाट बालकलाकारका रूपमा सिनेमा यात्रा थालेका थिए।

संघर्षका ती दिन

विजयले बालकलाकारको रूपमा आफ्नो करिअर सुरु गरे, तर तुरुन्तै सफलता पाएनन्। उनका सुरुवाती चलचित्रहरू आलोचित बने। एउटा गहिरो व्यक्तिगत त्रासदीले पनि उनलाई केही झट्का दियो। विजयले दुई वर्षको उमेरमा आफ्नी कान्छी बहिनी विद्यालाई गुमाए। यसको असर उनको जीवनमा लामो समयसम्म परेको बताइन्छ। उनी आफ्नो प्रारम्भिक वर्षहरूमा बढी संयमित बने।

धिल्लीजस्ता चलचित्रहरूबाट उनको करिअरमा एउटा मोड आयो। सन् १९९० र २००० को दशकको अन्त्यतिर, उनले लभ टुडे, कुशी र थुल्लाथा मनमुम थुल्लमजस्ता धेरै हिट चलचित्र दिए। समयसँगै, विजय एक रोमान्टिक नायकबाट एक स्टारडममा रूपान्तरित भए। उनका चलचित्रहरूले सामाजिक विषयवस्तुहरूलाई बढ्दो रूपमा प्रतिबिम्बित गरे। आममानिसको पक्षमा बोल्ने व्यक्तिको रूपमा उनको पर्दामा रहेको छविले दर्शकहरूसँग बलियो सम्बन्ध निर्माण गर्न मद्दत गऱ्यो।

सिनेमादेखि राजनीतिसम्म

फेब्रुअरी २०२४ मा विजयले तमिलगा बेट्री कजगम (टिभिके) सुरु गरेर औपचारिक रूपमा राजनीतिमा प्रवेश गरे। यद्यपि, उनको राजनीतिक जग वर्षौंदेखि फ्यान क्लब, कल्याणकारी पहल, रक्तदान अभियान र राहत कार्यमार्फत खडा गरिएको थियो। उनले फिल्मबाट अलग भएर राजनीतिमा पूर्ण रूपमा ध्यान केन्द्रित गरेर निर्णायक कदम चाले। राजनीतिमा आगमनसँगै उनको लगभग तीन दशक लामो फिल्मी करिअर समाप्त भएको थियो। टिभिकेले बिस्तारै जिल्ला समितिहरू, निर्वाचन क्षेत्र एकाइहरू र बुथस्तरीय सञ्जालहरूसहित संगठनात्मक आकार लियो। पार्टीको सन्देश शिक्षा, रोजगारी, भ्रष्टाचारविरोधी शासनजस्ता मुद्दाहरूमा केन्द्रित छ।

पृथक् निर्वाचन शैली

थलपतिले अप्रिलमा सम्पन्न निर्वाचन अभियानमा अनौठो शैली अपनाएका थिए। त्यसो त उनलाई चुनावमा गठबन्धन गर्नेदेखि मुख्यमन्त्रीसम्मको प्रस्ताव आएको थियो। तर, उनले ती सबै प्रस्ताव अस्वीकार गरे। निर्वाचन अभियानमा उनले पुराना राजनीतिक दल र प्रवृत्तिको अन्त्य गर्ने भन्दै सिठी अभियान चलाएका थिए।

विजयले आफ्नो पार्टी टिभिकेको घोषणामा भाजपालाई 'वैचारिक शत्रु' र डिएमकेलाई 'राजनीतिक शत्रु' करार गरेका छन्। डिएमके र एआइएडिएमकेले जेन-जी पुस्ताको भावनालाई प्रतिनिधित्व गर्न नसक्ने उनको दाबी थियो। निर्वाचनमा पार्टीले युवा, महिला र मछुवा समुदायका मुद्दा उठाएका थियो।

बनर्जीलाई धक्का, मोदीको सपना पूरा

मतगणनामा पश्चिम बंगालमा भाजपाले ऐतिहासिक विजय हासिल गरेको छ। भाजपाले ममता बनर्जी नेतृत्वको त्रिणमूल कंग्रेसको 'शक्तिशाली आधार'लाई भत्काएर पश्चिम बंगालमा पहिलोपटक सरकार गठनको तयारी गरेको छ। पश्चिम वंगालको निर्वाचमा सन् २०११ देखि लगातार मुख्यमन्त्री बनेकी ममता बनर्जी नै पराजित भएकी छिन्। त्यस्तै, असाम राज्यमा भारतीय जनता पार्टी (भाजपा), पुडुचेरी प्रदेशमा भाजपा सम्मिलित एनडिए गठबन्धन र केरला राज्यमा कंग्रेस नेतृत्वको युडिएफ गठबन्धन विजयउन्मुख छन्।

कुल २९४ सिट रहेको पश्चिम बंगालमा भाजपा २०५ सिटमा अगाडि छ भने त्रिणमूल कंग्रेसले ८२ सिटमा अग्रता कायम गरेको छ। सरकार गठनका लागि सामान्य बहुमत जुटाउन १४८ सिट आवश्यक पर्छ। यसअघिको विधानसभा निर्वाचनमा त्यहाँ भाजपाले ७७ र त्रिणमूल कंग्रेसले २१४ सिट ल्याएका थिए। त्यस्तै, यसअघि निल रहेको भारतीय कंग्रेस भने अहिले दुई सिटमा अगाडि छ।

पश्चिम बंगालमा विजय भाजपाको वर्षौंदेखिको सपना थियो। यस राज्यमा भाजपाको विजय



प्रधानमन्त्री नरेन्द्र मोदीको १२ वर्षे शासनकालको सबैभन्दा महत्त्वपूर्ण सफलतामध्ये एक हो। 'पश्चिम बंगाल जित्नु भाजपाका लागि ठुलो विजय हो। यो आशाको भूमि हो, जुन लामो समयदेखि आफ्नो पकडबाट बाहिर थियो' लेखक तथा पत्रकार निलान्जन मुखोपाध्यायको भनाइ उद्धृत गर्दै बिबिसीले उल्लेख गरेको छ। विश्लेषकहरूले यो परिणामलाई अचानक भएको उथलपुथलको रूपमा नभई दशक लामो राजनीतिक परियोजनाको परिणामको रूपमा हेरेका छन्। हारपछि पश्चिम बंगालकी मुख्यमन्त्री ममता बनर्जीले निर्वाचन आयोग र सरकार मिलेर निर्वाचनमा धाँधली गरेको आरोप लगाएकी छिन्।

केरलामा कंग्रेसको अपेक्षाभन्दा बढी सिट

केरलामा कंग्रेस नेतृत्वको गठबन्धनले अपेक्षाभन्दा बढी जित हासिल गरेको छ। केरलामा, कंग्रेस नेतृत्वको संयुक्त लोकतान्त्रिक मोर्चा (युडिएफ) ले लगातार दुई कार्यकालपछि वाम लोकतान्त्रिक मोर्चा (एलडिएफ) लाई पराजित गऱ्यो। योसँगै भारतमा कम्युनिस्ट नेतृत्वको अन्तिम राज्य सरकारको पनि पतन भएको छ।

निर्वाचपछिका अधिकांश सर्वेक्षणले केरलामा कंग्रेस नेतृत्वको संयुक्त लोकतान्त्रिक मोर्चा (युडिएफ) को जित हुने भविष्यवाणी गरेका थिए, तर गठबन्धनले अपेक्षाभन्दा राम्रो परिणाम ल्यायो। युडिएफ उम्मेदवार सत्तारुढ वाम लोकतान्त्रिक मोर्चा (एलडिएफ) का धेरै गढमा विजयी भएका छन्। सत्ताविरोधी बलियो मनोभावले युडिएफको पक्षमा काम गरेको देखिन्छ। कुल १४० सिट रहेको केरलामा युडिएफ ८९ सिटमा अगाडि छ भने एलडिएफ ३५ सिटसहित दोस्रो स्थानका लागि संघर्षरत छ। अधिल्लो निर्वाचनमा शून्यमा रहेको भाजपाले तीन सिट ल्याएको छ। केरलामा सरकार गठनका लागि सामान्य बहुमत पुऱ्याउन ७१ सिट ल्याउनुपर्ने हुन्छ।

असममा भाजपाको विजयी यात्रा निरन्तर

असममा भाजपाले अघिल्लो निर्वाचनमा भन्दा धेरै सिट जितेको छ भने कंग्रेसले सन् २०२१ को निर्वाचनको तुलनामा केही सिट गुमाएको छ। भाजपाले व्यापक सत्ताविरोधी लहरलाई पन्छाएर राज्यमा आफ्नो पकड कायमै राखेको हो। निर्वाचन परिणामसँगै भाजपाले लगातार तेस्रोपटक सरकार बनाउने तयारी गरिरहेको देखिन्छ। १२६ सदस्यीय विधानसभाको दुईतिहाइभन्दा बढीमा भाजपा गठबन्धन सहज रूपमा अगाडि छ।



सरकार गठनका लागि सामान्य बहुमत पुऱ्याउन ६४ सिट जित्नुपर्नेमा भाजपाको सय नाघेको छ। यो नतिजाले पार्टीको अग्रणी राष्ट्रिय नेताहरूमा मुख्यमन्त्री हिमन्त विश्व शर्माको स्थान बलियो बनाउने सम्भावना छ। निर्वाचनको समयमा शर्माले आफू विजयी भएमा पार्टीले वनजंगल क्षेत्रबाट अतिक्रमणकारीलाई हटाउने वाचा गरेका थिए। विजयसँगै उनी असमको फेरि मुख्यमन्त्री बन्दै छन्।

(एजेन्सीको सहयोगमा)

इतिहासमा आज



सन् १९४९ : काउन्सिल अफ युरोप स्थापना। यो युरोपेली एकीकरणका लागि काम गर्ने पहिलो संगठन थियो। यसमा ४७ सदस्य देश छन् र युरोपेली संघ (इयू)बाट पूर्ण रूपमा अलग संस्था हो।

सन् १८१४ : दुई निर्वासनमध्ये पहिलो निर्वासन बिताउन फ्रान्सका शासक नेपोलियन बोनापार्टले इल्बा टापुमा अवतरण गरे।

सन् १९४५ : हल्यान्ड र डेनमार्क नाजी नियन्त्रणबाट मुक्त।

सन् १९५५ : पश्चिम जर्मनीले दोस्रो विश्वयुद्धपछि पूर्ण सार्वभौमसत्ता प्राप्त गऱ्यो। संघीय गणतन्त्र जर्मनीको स्थापना सन् १९४९ मा भएको थियो। यसको अस्थायी राजधानी बोन थियो। सन् १९९० मा पूर्वी र पश्चिम जर्मनीको पुनर्मिलनपछि बर्लिनलाई देशको राजधानी घोषणा गरियो।

अमेरिकी सेना हर्मुज पुगे आक्रमण गर्छौं : इरान

तेहरान/ इरानको सेनाले अमेरिकी सेनाले हर्मुजको जलमार्गमा पुग्ने वा प्रवेश गर्ने प्रयास गरेमा आक्रमण गर्ने चेतावनी दिएको छ। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले हर्मुजको जलमार्गबाट अलपत्र जहाज बाहिर निकाल्न परियोजना स्वतन्त्रता नामक नौसेना अभियानको घोषणा गरेपछि तेरानको चेतावनी आएको हो। ट्रम्पले अभियानको सञ्चालन आगामी केही घण्टामा सुरु हुने तय भएको बताएका छन्। इरानको विदेश मन्त्रालयले युद्ध अन्त्य गर्ने आफ्नो पछिल्लो १४बुँदे प्रस्तावमा वासिंटनको प्रतिक्रियाको मूल्यांकन गरिरहेको बताएको छ। ट्रम्पले तेहरानको प्रस्तावलाई 'अस्वीकार्य' भनेका थिए।

अमेरिका-इरान युद्ध सुरु भएदेखि लगभग २० हजार नाविक र दुई हजार जहाज जलमार्गमा अड्किएका अन्तर्राष्ट्रिय समुद्री संगठनका प्रमुखले गत हप्ता भनेका थिए। तर, इरानी सेनाले जोड दिएको छ कि जलमार्गमा उसको नियन्त्रण रहन्छ र तेहरानले त्यहाँ प्रवेश गर्न खोज्ने कुनै पनि विदेशी सशस्त्र सेना (विशेषगरी आक्रामक अमेरिकी सेना) लाई आक्रमण गर्नेछ। इरानको विदेश मन्त्रालयका प्रवक्ता इस्माइल बघाईले इरानमाथि अमेरिका-इजरायल युद्ध एकतर्फी, अवैध र अन्तर्राष्ट्रिय कानुनको विरुद्धमा भएको टिप्पणी गरेका छन्। युद्ध अवैध भएको अमेरिकी क्षेत्रीय सहयोगीलाई पनि थाहा भएको उनको भनाइ छ। तेहरानमा साप्ताहिक पत्रकार सम्मेलनमा बोल्दै बघाईले युद्धमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा भाग लिने सबै देश जिम्मेवार भएको बताए। जर्मन चान्सलर फ्रेडरिक मर्जलगायत युरोपेली नेताले युद्धले महादेश र विश्वका लागि ठुलो मूल्य निम्त्याएको पुष्टि गरेका उनले बताए।

मालीमा किन असफल भइरहेको छ विद्रोहीविरुद्धको कारबाही ?

विद्रोहीविरुद्धको लडाइँमा सरकारी संयन्त्र कमजोर देखिएपछि सशस्त्र समूह स्थानीय क्षेत्रमा प्रमुख शक्तिका रूपमा देखा परेका छन्



● नोरमन सेमपिज्जा



● मुहम्मेद दियाए

(सेमपिज्जा युनिभर्सिटी मोहम्मेद फोर्थ पोलिटेनिकका सहप्राध्यापक हुन् भने दियाए सोही विश्वविद्यालयका पिएचडी उम्मेदवार हुन्।)

मालीमा सशस्त्र समूह केवल युद्ध गर्ने छापामार मात्र होइनन्, उनीहरू देशको ठुलो भूभागमा जटिल भूमिकामा देखिन्छन्। सशस्त्र समूहले राज्य नपुगेको स्थानमा व्याप्त भूमि विवाद मिलाउने, भ्रष्टाचार नियन्त्रण गर्ने र भैझगडाजस्ता मुद्दा मिलाएर स्थानीयस्तरमा वैधता हासिल गरिरहेका छन्।

माली सन् २०१२ देखि निरन्तर राजनीतिक उथलपुथलबिच गुज्रिरहेको छ। १४ वर्षअघि केन्द्रमा सैन्य कु भएको थियो भने देशको पश्चिमी भागलाई सशस्त्र समूहले कब्जा गरेका थिए। त्यसयता संक्रमणकालीन सरकार गठन गर्ने बारम्बारका प्रयास असफल भए। असफलतामाझ गत वर्ष मे महिनामा सैन्य सरकारले सबै राजनीतिक दललाई विघटन गर्दै प्रतिबन्धको घोषणा गऱ्यो।

त्यसअतिरिक्त मालीले फ्रान्स, अमेरिका र पछिल्लो समय रुसजस्ता बाह्य शक्तिको सैन्य हस्तक्षेपको सामना गऱ्यो। ती सबै शक्तिले मालीमा बढ्दो अतिवादी शक्तिलाई नियन्त्रणमा लिने प्रयासमा हस्तक्षेप गरेको दाबी गरे। बाह्य शक्ति तथा देशकै सरकारी सेनाको प्रयासका बाबजुद अल कायदा र इस्लामिक स्टेटसँग सम्बन्धित समूहको प्रभाव झन् बढिरहेको छ। विद्रोहीको बढ्दो शक्तिबिच गत महिना (अप्रिल)को अन्त्यमा सैन्य सरकारविरुद्ध पृथकतावादी र मुस्लिम अतिवादी (जिहादी) समूहले देशभर समन्वित आक्रमण गरे। आक्रमणमा रक्षामन्त्री जनरल सादियो कामारा नै मारिए।

पछिल्लो एक दशकको अवधिमा भएका विदेशी हस्तक्षेप प्रायः स्थलमा के भइरहेको छ भन्ने राम्ररी नबुझीकनै कार्यान्वयन गरिए। अतिवादी समूहले देशमा व्याप्त भूमि विवाद, भ्रष्टाचार र स्रोतका लागि कायम प्रतिस्पर्धाजस्ता मुद्दालाई उठाएर स्थानीयस्तरमा वैधता हासिल गरिरहेका छन्। सरकारी संयन्त्र तथा सुरक्षा बलको कमजोरीले 'जमात नुसरत अल-इस्लाम वाल-मुस्लिमिन (जेएनआइएम)' र 'इस्लामिक स्टेट इन ग्रेटर सहारा(आइएसजिएस)' जस्ता समूहको शक्ति सुदृढ भइरहेको छ। यी समूहले कहिले गठबन्धन बनाएर र त कहिले आफ्ना मुद्दामा स्थानीय गुनासोलाई जोडेर आफ्नो स्वीकार्यता बढाउँदै गए। त्यस क्रममा समूहले कहिलेकाहीँ वैचारिक उद्देश्यभन्दा तत्कालीन मुद्दालाई प्राथमिकता दिएको पाइन्छ। हामीले गरेको अध्ययनमा पनि सहेल क्षेत्रमा सशस्त्र समूह अहिले सरकारी संयन्त्र पछि हटेपछि उत्पन्न रिक्तता भर्दै स्थानीय क्षेत्रमा प्रमुख शक्तिका रूपमा देखा परेको पायौं।

फ्रान्स, अमेरिका र रुसजस्ता बाह्य शक्ति मुख्यतः आतंकवाद नियन्त्रण र राज्य निर्माणमा केन्द्रित हुँदा समूहले स्थानीय शासनमा पुऱ्याइरहेको योगदानलाई बेवास्ता गरेको पाइयो। सशस्त्र समूहले स्थानीय क्षेत्रमा प्रायः अत्यावश्यक सेवा प्रदान गर्दै स्थानीय वैधता प्राप्त गरेको कुरा यी शक्तिको ध्यानमा नगएको पाइयो। स्थानीयस्तरमा सशस्त्र समूहको भूमिकालाई मान्यता दिनुको अर्थ उनीहरूलाई स्वीकार गर्नु वा वैधता दिनु होइन। यद्यपि, यो वास्तविकतालाई बेवास्ता गर्दा पटकपटक असफलता हात लागिरहेको छ। अर्थात्, जब हस्तक्षेप खालि सैन्य कारबाहीमा मात्र केन्द्रित हुन्छ, तब आममानिसले ती समूहलाई किन स्विकारिरहेका छन् भन्ने कुरामा अन्योल सिर्जना हुने जोखिम बढ्छ।

हामीले गरेको अध्ययनको निष्कर्षले सशस्त्र समूहलाई पराजित गर्ने वा केन्द्रीकृत राज्य नियन्त्रण पुनर्स्थापित गर्ने कुरामा मात्र जोड दिने नीतिले काम नगर्ने देखाएको छ। अध्ययनले शासन, वैधता र स्थानीय निकायका सन्दर्भमा गैरराज्य सशस्त्र समूहलाई पनि एकीकृत गर्ने मिहिन दृष्टिकोण बढी उपयोगी हुने देखाउँछ। गैरराज्य सशस्त्र समूहले कोलम्बिया, सिरिया र दक्षिण सुडानजस्ता देशमा पनि शासन गरेका उदाहरण पाइन्छन्।

■ शक्ति अभ्यासकर्ताका रूपमा सशस्त्र समूह

मालीमा सशस्त्र समूह केवल युद्ध गर्ने छापामार मात्र होइनन्, देशको ठुलो भूभागमा तिनले जटिल भूमिका निभाउँछन्। मालीभित्र कार्यरत समूहको सही संख्या अनुमान गर्न कठिन छ। सबैभन्दा ठुलो समूह जमात नुसरत अल-इस्लाम वा अल-मुस्लिमिन पाँच निकायको गठबन्धन हो। यसले आफूसँग देशभर दश हजारभन्दा बढी लडाकु रहेको दाबी गर्छ।

अल्जेरियाको सिमाननजिक लामो समयदेखि राज्यको उपस्थिति छैन्। सशस्त्र समूहहरूले यही शून्यतामा प्रवेश गरेका छन्। विद्रोहीले स्थानीय विवाद समाधान गर्नेदेखि विभिन्न नियम लागू गर्छन्। सो क्षेत्रका बासिन्दाका लागि 'राज्य'को अनुभव गराउने निकाय भनेकै तिनै समूह हुन्।

दैनिक असुरक्षाका साथ बाँचिरहेका समुदायका लागि यी कार्य अमूर्त नभई तिनको दैनिक जीवनलाई आकार दिने प्रक्रियाको हिस्सा हो। हामीले गरेको अध्ययनले सशस्त्र समूहको उपस्थिति स्विकार्नुको अर्थ आमजनसंख्याले यी समूहसँग सहमत जनाउँछन् वा तिनका विचारधारालाई समर्थन गर्छन् भन्ने नरहेको देखियो। तथापि, जब मानिससँग विकल्प नै बाँकी रहँदैन, उनीहरू जस्तो कठिनाइमा पनि अनुकूलन हुने प्रयास गर्छन्।

बाँच्न आवश्यक भएकाले उनीहरूले सशस्त्र समूहका नियम पालना गर्छन्। अर्थात्, बाँच्न नियम पालना गर्नु र समूहका विचार समर्थन गर्नुको भिन्नता महत्त्वपूर्ण छ। यही कुराले यी समूहलाई हराउन किन यति गाह्रो भइरहेको छ भनेर यथार्थलाई व्याख्या गर्न सघाउँछ। तिनको शक्ति हतियारबाट मात्र नभई स्थानीय वास्तविकतालाई आफ्नो गतिविधिमा कतिसम्म जोडे भन्ने कुराले निर्धारण गर्छ।

■ असफल सैन्य कारबाही

मालीमा सशस्त्र समूहविरुद्ध चालिएका अन्तर्राष्ट्रिय प्रयास धेरै हदसम्म यी समूहविरुद्ध लड्न र मालीको सरकारी प्रभाव सबै भेगमा पुनर्स्थापित गर्ने कुरामा केन्द्रित छ। यसका पछाडि राम्रो नियत भए पनि सैन्य हस्तक्षेपका क्रममा प्रायः आवश्यक विषय बेवास्तामा पर्छन्। जस्तो- सन् २०१३ मा फ्रान्सले सैन्य हस्तक्षेप गऱ्यो। फ्रान्सेली सेनाले चलाएको 'अप्रेसन सर्भल'को क्रममा देशको उत्तरी भागमा इस्लामवादीलाई अगाडि बढ्नबाट नियन्त्रण फिर्ता लिन माली सेनालाई मद्दत गऱ्यो। उद्देश्य, अतिवादी फौजलाई राजधानी बामाकोतर्फ अगाडि बढ्नबाट रोक्नु थियो।

तर, फ्रान्सको हस्तक्षेपले द्वन्द्व समाप्त भएन। धेरै लडाकु ग्रामीण क्षेत्रतर्फ सरे, जहाँ राज्यको उपस्थिति कम थियो। त्यहाँ विद्रोहीले स्थानीय समुदायसँग सम्बन्ध निर्माण गरे। गाईवस्तु पालन आम्दानीको प्रमुख स्रोत रहेको मध्य मालीमा पहिलेदेखि फुलानी र डोगोन समुदायबिच हिंसा हुने गर्थ्यो। अतिवादी समूहले यो हिंसाको मध्यस्थता गरेर आफू बलियो हुने माध्यम पायो। विद्रोहीले स्थानीय गतिशीलता आफ्नो मजबुतीका लागि प्रयोग गर्दा राज्यका संस्थालाई बलियो बनाउने प्रयासमा थप धक्का लाग्यो। केही ठाउँमा सरकारी सुरक्षा बल अप्रभावी भएकाले अपमानजनक हार व्यहोरे। यो वास्तविकता देखेका आममानिस जुन शक्तिले आफ्नो क्षेत्रमा सुरक्षा प्रदान गर्न सक्छ, उही शक्तितर्फ फर्किन लागे, भलै त्यो शक्ति सशस्त्र समूह नै किन नहोस्।

त्यसमाथि बाह्य संलग्नता बढ्दो रूपमा खण्डित रह्यो। बढ्दो पश्चिमविरोधी भावनाबिच फ्रान्सको फिर्ती र रुसी-सम्बद्ध सेनाको आगमनले कहिलेकाहीँ विरोधाभाषी हस्तक्षेप सिर्जना गऱ्यो। जति फरक शक्ति भित्रिन्छन्, त्यति नै तिनको एजेन्डा फरक हुन्छन्। त्यसमाथि तिनको उपस्थिति सधैँ बढ्दो सुरक्षामा अनुवाद हुँदैन। केही अवस्थामा यसले तनावलाई झन् बढाइदिन्छ र पहिले नै कमजोर संस्थामाथिको विश्वासलाई थप कमजोर बनाइदिन्छ। यसले परिस्थिति थप खराब बनाउन सक्छ। बिचमा फसेका आमनागरिकले दैनिक कठिन छनोटको सामना गर्नुपर्छ।

■ न्यायको पहुँचमा सुधार आवश्यक

अध्ययनले स्थानीय वास्तविकतालाई सुनेर थप आधारभूत दृष्टिकोण सुरु गर्नुपर्ने देखाउँछ। यस दृष्टिकोणले सशस्त्र समूहलाई पहिलो त जरा गाड्न सहज बनाउने अवस्था सम्बोधन गर्नुपर्ने कुरामा जोड दिइन्छ। यसको अर्थ देशका सबै भागमा न्याय र सुरक्षामा पहुँच सुधार गर्नुपर्छ। साथै स्थानीय संस्थालाई थप सबल बनाउने र आममानिसको गुनासोलाई गम्भीरतापूर्वक सुन्ने प्रवृत्ति बढाउनुपर्ने हुन्छ। अर्थात्, वैधता माथिबाट थोपरिएको नभई भुइँ तहबाट माथि निर्माण गरिएको हुनुपर्छ।

मालीको अनुभवले सैन्य कारबाहीले हासिल गर्न सक्ने उपलब्धिको स्पष्ट सीमा रहेको पाठ दिन्छ। अर्थात्, जबसम्म सैन्य हस्तक्षेपले स्थानीय शासन र आममानिसले बाँच्नका लागि गर्नुपर्ने दैनिक वास्तविकतालाई बेवास्ता गर्छ, तिनले स्थायी परिवर्तन ल्याउने सम्भावना न्यून रहन्छ। परिवर्तनविना सशस्त्र समूहलाई निर्मूल गर्ने उद्देश्य हासिल हुन गाह्रो पर्छ। किनभने, धेरै स्थानमा उनीहरू आममानिसको जीवनको हिस्सा बनेका छन्।

द कन्भर्सेसनबाट

अर्थ पत्रिका
नयाँ पत्रिका
मंगलबार २२ वैशाख ०८३

सेबोन अध्यक्ष बन्न ४७ जना आकांक्षी

नयाँ पत्रिका

नेपाल धितोपत्र बोर्ड (सेबोन)को अध्यक्ष पदमा आकांक्षीहरूको भिड लागेको छ। आइतबारसम्ममा १५ जना आकांक्षी देखिएकामा सोमबार एकै दिनमा ३२ जनाले आवेदन दिएको अर्थ मन्त्रालयले जानकारी दिएको छ। गत १५ वैशाखमा सिफारिस समितिले धितोपत्र बोर्डको रिक्त अध्यक्ष पदपूर्तिका लागि आवेदन खुलाएको थियो। सात दिनभित्र कार्यालय समयमा मन्त्रालयमा आवेदन दिनुपर्ने म्याद थियो।

०८० मा खुलाएको आवेदनमा १९ जनाको आवेदन परेको थियो। जसमध्ये छनोट भएर सन्तोषनारायण श्रेष्ठलाई सरकारले नियुक्ति दिएको थियो। विगतमा सरकारले राजनीतिक पहुँचका आधारमा नियुक्ति दिने प्रवृत्ति हाबी हुँदा विज्ञहरूले आवेदन नदिने र तुलनात्मक रूपमा कम व्यक्तिले आवेदन दिने गरेको जानकारहरू बताउँछन्। तर, नयाँ सरकारले प्रतिस्पर्धात्मक विधिबाट नियुक्ति गर्ने अपेक्षाले आवेदन दिनेको भिड लागेको हुन सक्ने अर्थ मन्त्रालयका अधिकारीहरू बताउँछन्।

मन्त्रिपरिषद्ले राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. गुणाकर भट्टको संयोजकत्वमा अर्थसचिव डा. घनश्याम उपाध्याय र नेपाल बैंकर्स संघका पूर्वअध्यक्ष भुवनकुमार दाहाल सदस्य रहने गरी सिफारिस समितिले गठन गरेको थियो। नियुक्तिको कार्ययोजना समिति आफैंले तय गर्ने व्यवस्था छ। गत ४ वैशाखमा सन्तोषनारायण श्रेष्ठले राजीनामा दिएपछि उक्त अध्यक्ष पद रिक्त छ। सरकारले अध्यादेशमार्फत बोर्डको सञ्चालक समिति सदस्य पदमुक्त गरिसकेको छ।

नागरिक उड्डयन प्राधिकरणको महानिर्देशक बन्न २१ जनाको आवेदन

नेपाल नागरिक उड्डयन प्राधिकरणको महानिर्देशक पदका लागि २१ जनाले आवेदन दिएका छन्। रौतहटका प्रभाकरचन्द्र मल्लिक, उत्सवराज खरेल (चितवन), बाराका श्यामकिशोर साह र सर्लाहीका प्रमोदकुमार चौधरीले आवेदन दिएका छन्। त्यस्तै, संखुवासभाका मुरारीप्रसाद पौडेल, कास्कीकी जसोधा सुवेदी (रेग्मी), बझाङका तबराज जोशी, मोरङका जगन्नाथ निरौलाले आकांक्षा देखाएका छन्। रुपन्देहीका विष्णु गौतम, धनुषाका प्रेमनाथ ठाकुर, काठमाडौंका डा. विलोचन पौडेल, कैलालीका देवेन्द्रप्रसाद पाण्डेय, भक्तपुरका टेकनाथ सिटौला, गोरखाका अर्जुन बस्नेत, दैलेखका लक्ष्मीप्रसाद उपाध्याय, दाङका उमेशकुमार पन्थी, नुवाकोटका इ. दीपेन्द्र श्रेष्ठ, अछामका ज्ञानेन्द्र भुल, काठमाडौंका सुभाष झा, ललितपुरका मुकेश डंगोल र सिराहाका सञ्जयकुमार पनि प्रतिस्पर्धामा छन्।

वायुसेवा निगममा पाँच सदस्यका लागि २७ इच्छुक

नेपाल वायुसेवा निगमको सञ्चालक समिति सदस्य नियुक्तिका लागि १२ वैशाखमा सार्वजनिक आह्वान गरिएको थियो। आवेदन दर्ता गर्ने अन्तिम मिति सोमबार थियो। आवेदन दिनेमा डा. दीपकप्रसाद बाँस्तोला, कास्कीका लीलाराज ढकाल, स्याङ्जाका गौतम पाण्डे, मकवानपुरका वेदप्रसाद उप्रेती, डडेलधुराका श्रीराम गौतम, भक्तपुरका भगीरथप्रताप सिंह, कैलालीका मनोजकुमार श्रेष्ठ भडेल, मकवानपुरका महेश्वरभक्त श्रेष्ठ, ललितपुरका शमशेर पराजुली, लमजुङका बलराम पौडेल, झापाका अमृतमान श्रेष्ठ, काठमाडौंका चिरञ्जीवी उपाध्याय, परमेश्वर दहाल, उपेन्द्रबहादुर कार्की, मदनकुमार बराल, अच्युतराज पहाडी र राजुबहादुर केसी, मोरङका विष्णुबाबु मिश्र, लमजुङकी रूपा लामिछाने, विन्दु पन्थी, धनुषाका योगराज कँडेल शर्मा, चितवनका प्रबिन भट्टराई, सुर्खेतका मनोज भारती, रामेछापकी मिरा पाण्डे, स्याङ्जाका मोहनीलाल खनाल, धादिङका ऋषिराम पण्डित, बैतडीका डा. भीमबहादुर चन्द र गुल्मीका योगराज कँडेल रहेका छन्।

२६ प्रतिशतले घट्यो चियाको निर्यात

मध्यपूर्वको तनावका कारण ढुवानी भाडा वृद्धिले चिया निर्यातमा समस्या

झापामा चिरञ्जीवी घिमिरे



दमकस्थित हिमालय महालक्ष्मी चियाबगानमा चिया टिप्दै मजदुर। तस्बिर : नयाँ पत्रिका

अमेरिका-इरान युद्धले मध्यपूर्वी देशमा देखिएको तनावका कारण नेपाली चिया निर्यातमा पनि प्रभाव परेको छ। ढुवानी भाडा महँगो हुँदा विशेष गरेर मध्यपूर्वी र युरोपियन देशमा निर्यात हुने नेपाली चियामा प्रभाव देखिएको हो। मेची भन्सार कार्यालय काँकडभिट्टाका अनुसार गत आर्थिक वर्ष ०८१/८२ को चैत मसान्तको तुलनामा चालू आर्थिक वर्षको चैत मसान्तसम्म चिया निर्यात २६ दशमलव ७३ प्रतिशतले घटेको छ।

गत आर्थिक वर्ष ०८१/८२ को चैत मसान्तसम्म तीन अर्ब २७ करोड २० लाख ७२ हजार मूल्यबराबरको एक करोड २८ लाख १८ हजार तीन सय दशमलव १५ केजी चिया पूर्वीनाकाबाट भारत हुँदै विभिन्न मुलुक निर्यात भएको थियो। तर, चालू आर्थिक वर्षको चैत मसान्तसम्म दुई अर्ब ५८ करोड १९ लाख ८५ हजार रुपैयाँ मूल्यबराबरको ९९ लाख ४३ हजार ७९४ दशमलव ८० केजी चिया मात्रै निर्यात भएको मेची भन्सार कार्यालय काँकडभिट्टाले जनाएको छ।

चिया तथा कफी विकास बोर्ड क्षेत्रीय कार्यालय झापाका प्रमुख इन्द्रप्रसाद अधिकारीले अमेरिका-इरान युद्धका कारण मध्यपूर्वमा देखिएको तनावले चियाको निर्यातमा प्रभाव देखिएको बताए। भारतले अनेक बहानामा नेपाली चियामा अवरोध गर्नु र युद्धका कारण मध्यपूर्वी देश र युरोपियन देशमा निर्यात गर्न भाडा महँगो हुँदा निर्यात घटेको उनको भनाइ छ।

'अहिले सिटिसी र अर्थोडक्स दुवै चिया भारतमा एकदम कम गएको छ। अहिले भारतले पनि कडाइ गरेको छ। मध्यपूर्वी देश र युरोपमा जाने चिया कन्टेनर र पानीजहाजको भाडा बढेका कारण जान सकेको छैन,' उनले भने, 'पहिला युरोपतिर अर्थोडक्स धेरै जान्थ्यो। अहिले माग नै गर्दैनन्। जसले गर्दा निर्यात घटेको छ।'

■ सिटिसी चियाको उत्पादन घट्यो

तराईमा उत्पादन हुने सिटिसी चिया भने रोगका कारण उत्पादन नै घट्दा निर्यात कम भएको छ। 'लुपर नामक किराका कारण सिटिसी चियाको उत्पादन नै करिब २० देखि २५ प्रतिशत घटेको छ,' चिया तथा कफी विकास बोर्ड क्षेत्रीय कार्यालय झापाका प्रमुख इन्द्रप्रसाद अधिकारीले भने, 'रोग नियन्त्रणका लागि हामीले जनचेतनामूलक कार्यक्रम त गरेकै छौं। तर, बजेट र कार्यक्रम नहुँदा पर्याप्त कार्यक्रम नै गर्न सकिएको छैन। चिया उत्पादन घट्दा निर्यात पनि घटेको हो।'

अमेरिका-इरान युद्धका कारण हवाई र पानीजहाज भाडा करिब तीन सय प्रतिशत वृद्धि भएको चिया उत्पादक उदय चापागाईं बताउँछन्। 'भाडावृद्धि तीन सय प्रतिशत भएको छ। भाडा बढे पनि बन्द गर्न सक्दिनँ। नोक्सान नै भए पनि पठाउनुपर्छ। ढुवानी खर्च बढ्दा निल्नु न ओकल्नु भएको छ। सरकारले करमा छुट दिँदैन। सरकारले सहयोग गरेन,' उनी भन्छन्, 'सरकारले चिया उत्पादकलाई प्रोत्साहन गर्नुपर्छ। तर, हामीकहाँ सरकार छैन। यो त प्रशासनिक इकाइ मात्र हो। प्रशासनिक इकाइले दैनिक काम मात्र गर्छ। मिसन र भिजन हुँदैन।'



■ चिया निर्यातमा भारतको कडाइ

नेपाली चिया निर्यातमा भारतले वेला-वेलामा ल्याब परीक्षणको नाममा अवरोध गर्ने गरेको छ। यसअघि मार्च अन्तिम सातादेखि अप्रिल पहिलो सातासम्म भारतले परीक्षणको नाममा चिया बोकेका मालवाहक सवारी मेची पुलमा रोकिएका थिए। तर, त्यसपछि खुला गरे पनि फेरि ल्याब परीक्षणका नाममा मे १ अर्थात् शुक्रबारबाट परीक्षण अनिवार्य गरेको छ। यद्यपि, शुक्रबार नेपालमा सार्वजनिक बिदा भएकाले चिया भारत निर्यात नभएको नेपाल चिया उत्पादनक संघका अध्यक्ष आदित्य पराजुलीले बताए। जसका कारण फेरि रोक्ने-नरोक्ने/टुंगो नलागेको उनको भनाइ छ।

भारतले गुणस्तर नियन्त्रणका नाममा टी बोर्ड अफ इन्डियाले 'स्ट्यान्डर अपरेटिङ प्रोसिजर'का लागि नेपालबाट भारत निर्यात हुने चिया अनिवार्य प्रयोगशालामा परीक्षण गर्नुपर्नेछ। २४ घण्टाभित्र बोर्डका अधिकारीहरूले पाँच कन्टेनरमध्ये कुनै एकबाट पाँच सय ग्रामका दुई सेट नमुना संकलन गर्ने भारतले जारी गरेको परिपत्रमा उल्लेख छ। नमुना संकलनपछि परीक्षणका लागि चियाको नमुना कलकत्ता पठाइन्छ। नमुनाको रिपोर्ट नआएसम्म चिया बोकेका कन्टेनर नाकामै रहन्छन्। नमुनाको रिपोर्ट आउन समय लाग्ने चिया उत्पादक उदय मैनाली बताउँछन्। यो नेपाली चियामा भारतको खराब नियत भएको मैनालीको भनाइ छ। 'ल्याब परीक्षणको नाममा भारतको अवरोध हो। यो अघोषित नाकाबन्दी हो। विगतदेखि नै रोक्दै आएको थियो। भारतले सधैं ल्याब परीक्षणको कारण देखाएर रोक्छ,' उनले भने, 'यो समस्या समाधानका लागि सिंहदरबार धेरै धायौं। तर, केही भएन।'

महागुथि बहुउद्देश्यीय सहकारी संस्था लि.
का.जि.का.म.न.पा.वडा नं. १८, काठमाण्डौं
फोन नं. ०१-५३६०८४८/५३५४२६६
Email: mahaguthi.sahakari@gmail.com

ऋणीलाई कर्जा चुक्ता गर्न आउने बारेको ३५ (पैंतीस) दिने सार्वजनिक सूचना

प्रकाशित मिति २०८३/०१/२२ गते मंगलबार

तपसिलमा उल्लेखित ऋणीले यस महागुथि बहुउद्देश्यीय सहकारी संस्था लि. बाट ऋण कर्जा लिए बापत संस्थालाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा ब्याज दैदस्तुर आदि नतिरी नबुझाई संस्था सँग भएको ऋण कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले ऋणीले लिएको ऋण कर्जा लगायत संस्थाको सम्पूर्ण लेना रकम चुक्ता भुक्तानी गर्न पटक पटक मौखिक तथा लिखित ताकेता गर्दा समेत हाल सम्म ऋण कर्जा चुक्ता गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नु भएकोले तपाईं तपसिलमा उल्लेखित ऋणीको नाउँमा रहेको बक्यौता रकम यथासिघ्र चुक्ता गर्न आउनु हुन ऋणी तथा धन जमानीको नाउँमा यो सूचना जारी गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र सहकारीमा सम्पर्क राखी आफुले लिएको ऋण कर्जाको साँवा ब्याज अन्य दैदस्तुर चुक्ता गर्नु होला भनी यो सूचना जारी गरिएको छ। अन्यथा प्रचलित कानून तथा सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ अनुसार धितो लेखिएको चल अचल सम्पत्तिहरु लिलाम बिक्री गरी संस्थाको लेना रकम असुल उपर गरिनुका साथै कर्जा सूचना केन्द्रमा कालो सूचीमा सूचिकृत गर्न समेत लेखि पठाउने व्यहोरा ऋणीलाई यसै सूचना मार्फत जानकारी गराइन्छ।

तपसिल

ऋणीको व्यक्तिगत विवरण	ऋण तमसुकमा साक्षी बस्ने धन जमानी/साक्षीको विवरण	धितो राखेको सम्पत्तिको विवरण
१. द्यौसी महर्जनको नाती जित नारायण महर्जनको छोरा का.जि.का.म.न.पा वडा नं.१२ ब्रम्हटोल बस्ने वर्ष ९० को **हर्ष बहादुर महर्जन**, (सदस्य नं. १७७२ ऋण खाता नं. ७७१-००४०४-२) भएको ऋणिलाई यस सहकारीमा सम्पर्क गरी ऋण कारोबारको हिसाब मिलानको लागि जानकारी गराइन्छ। (ऋणीको ना.प्र.नं. ७७९३ जारी मिति २०४०/०९/१५ जि.प्र.का. काठमाडौं मो.नं. ९८४१६२६९७२	(क) जित नारायण महर्जनको नाति हर्ष बहादुर महर्जनको छोरा का.जि. का.म.न.पा वडा नं. १२ ब्रम्हटोल बस्ने वर्ष ५८ को **रामकृष्ण महर्जन**, ना.प्र.नं. २७-०१-७५-७७७ जारी मिति २०४५/०१/२१ जि.प्र.का. काठमाडौं (ख) जित नारायण महर्जनको नाति हर्ष बहादुर महर्जनको छोरा का.जि.का.म.न.पा वडा नं.१२ ब्रम्हटोल बस्ने **महेन्द्र महर्जन** (ग) हर्ष बहादुर महर्जनको बुहारी रामकृष्ण महर्जनको पत्नि का.जि.का.म.न.पा वडा नं.१२ ब्रम्हटोल बस्ने वर्ष ५८ की **मिनी महर्जन**, ना.प्र.नं. ४७८७८ जारी मिति २०४७/०२/०७ जि.प्र.का. काठमाडौं	ललितपुर जिल्ला ल.पु.म.न.पा. वडा नं. सार्विक १च हाल १० कि.नं. ४७३ क्षे.फ. ०-३-३-० घरजग्गा

घर जग्गा बिक्री बारे सुचना

(प्रथम पटक प्रकाशित मितिः २०८३/०१/२२)

यस बैंकको आफ्नो स्वामित्वमा रहेको तपसिलमा उल्लेखित घर-जग्गा जे जस्तो अवस्थामा छ सोही अवस्थामा बोलपत्र मार्फत बिक्री गर्न लागिएको हुँदा सो घर-जग्गा खरिद गर्न इच्छुक व्यक्ति/फर्म/कम्पनी/संस्थाबाट निम्न लिखित शर्तहरुको अधिनमा रही आफूले के कति मूल्य तिरी लिन चाहेको हो सो मूल्य उल्लेख गरि यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र यस बैंकको तल उल्लेखित स्थानमा शीलबन्दी बोलपत्र पेश गर्न हुन यो सूचना प्रकाशित गरिएको छ।

तपसिल

जिल्ला	स्थान	कित्ता नं.	क्षेत्रफल
काठमाडौं	काठमाडौं म.न.पा. ०४, सुकेधारा	११	१८६.७८ वर्ग मि (०-५-३-२ रोपनी)

शर्तहरु :

१. शिलबन्दी बोलपत्र बुझाउँदा चाहिने सम्पुर्ण कागजातहरु घर जग्गा बिक्री गर्ने सम्बन्धी प्रस्ताव फारममा उल्लेखित छन्। ईच्छुक घरधनीहरुले सो प्रस्ताव फारम, बैंकको घण्टाघर, काठमाडौं स्थीत प्रशासन विभागबाट निःशुल्क प्राप्त गर्न सक्नुहुनेछ वा बैंकको website: www.nabilbank.com बाट डाउनलोड पनि गर्न सक्नु हुनेछ।

२. शिलबन्दी बोलपत्र खामबन्दी सहित खाम बाहिर **"घर जग्गा खरीद गर्ने सम्बन्धी शिलबन्दी बोलपत्र प्रस्ताव"** प्रष्ट रुपमा लेखि, प्रस्तावित ठाँउको नाम, सम्पर्क व्यक्तिको नाम र सम्पर्क नम्बर समेत उल्लेख गरि नबिल बैंकको **घण्टाघर, काठमाडौं स्थित कार्यालयको, प्रशासन विभाग**मा यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र अर्थात **मिति २०८३/०२/०५ गते दिउँसो ४:०० बजे** (बैंकिङ्ग समय) भित्र बुझाई सक्नु पर्नेछ।

३. प्राप्त बोलपत्रहरु यस बैंकको घण्टाघर, काठमाण्डौं स्थित कार्यालयको प्रशासन विभागमा **मिति २०८३/०२/०६ गते बिहान ११:०० बजे** बोलपत्र दाता र/वा निजका प्रतिनिधीहरुको रोहवरमा खोलिनेछ। तर बोलपत्र दाता वा निजको प्रतिनिधीको उपस्थिति नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन।

४. बिक्री गर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ।

५. बोलपत्रमा आफुले सकार गरी लिन चाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षरमा स्पष्ट सँग लेखिएको हुनु पर्नेछ र आफुले कबोल गरेको रकमको **कम्तिमा १० प्रतिशत**ले हुन आउने रकम धरौटी बापत यस बैंकको **घण्टाघर शाखामा खाता नं ९३२५४००१००६** मा रकम जम्मा गरी सो को सक्कल भौचरसमेत बोलपत्र साथ समावेश गरी पेश गर्नुपर्नेछ। धरौटी स्वरुप जम्मा गरिएको रकममा ब्याज दिईने छैन।

६. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण शुल्क/दस्तुर खरिद गरी लिने व्यक्ति/फर्म/कम्पनी/संस्था स्वयंले तिर्नु बुझाउनु पर्नेछ।

७. कुनै पनि कारण पर्न गई सम्पत्ति बिक्री गर्न नसकीने/नमिल्ने अवस्था श्रृजना हुन गएमा त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटी बापत जम्मा गरेको रकम सम्बन्धित बोलपत्र दातालाइ फिर्ता दिईनेछ। तर सो मा कुनै ब्याज प्रदानगरिने छैन। साथै बोलपत्र स्वीकृत हुदाँको अवस्थामा बैंकले उपलब्ध गराएको समयअवधि भित्र बोलपत्रदाताले बाँकी बक्यौता रकम भुक्तानी तथा नामसारी गरि नलिएको अवस्थामा उक्त धरौटी सकम जफत गरिने छ।

८. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ। रीत नपुऱ्याई दर्ता हुनआएको बोलपत्र उपर कुनै कारवाही हुने छैन।

९. बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको घण्टाघर, काठमाडौं स्थीत प्रशासन विभागमा, कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ।

NABIL BANK®
प्रशासन शाखा, घण्टाघर, काठमाडौं फोन नं. ०१-५९७१८७१

महिला नेतृत्वका लागि १४ बुँदे घोषणापत्र

काठमाडौं/ महिला नेतृत्व, उद्यमशीलता र आर्थिक सशक्तीकरणमा प्राथमिकता दिँदै उद्योग परिसंघ कोशी प्रदेशले घोषणापत्र जारी गरेको छ। सोमबार विराटनगरमा आयोजित महिला नेतृत्व सम्मेलनले महिलाको बहुआयामिक विकासका लागि नीतिगत सुधार र राज्यको सक्रिय भूमिका आवश्यक रहेको निष्कर्ष निकालेको छ। घोषणापत्रमा महिलाको राजनीतिक मात्र होइन, आर्थिक, सामाजिक, शैक्षिक र स्वास्थ्य क्षेत्रमा पनि नेतृत्व विस्तार गर्नुपर्नेमा जोड दिइएको छ।

पूर्वाधार निर्माणमा निजी क्षेत्रलाई खुला गर्छौं : अर्थमन्त्री

नयाँ पत्रिका



अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले सडक, पुल, सुरुङमार्गजस्ता पूर्वाधार निर्माणमा निजी क्षेत्रलाई खुला गर्ने घोषणा गरेका छन्। सोमबारदेखि काठमाडौंमा सुरु भएको नेपाल उद्योग वाणिज्य महासंघको ६० औं वार्षिक साधारणसभालाई सम्बोधन गर्दै उनले निजी क्षेत्रलाई विकासको साझेदार बनाउने बताएका हुन्।

सरकारले पुँजीगत खर्च गरेर मात्रै अब विकासमा कायापलट नहुने भन्दै उनले त्यसका लागि पनि पूर्वाधार निर्माणमा निजी क्षेत्रको सहभागिता आवश्यक रहेको उनले बताए। '२० खर्बको बजेट ल्याउँदा पनि अनिवार्य दायित्व १४ खर्ब छ,' उनले भने, 'पुँजीगततर्फ चार खर्ब बजेट छुट्याइन्छ। तर, दुई खर्ब पनि खर्च हुँदैन। अहिले सरकारले पुँजीगत खर्च गरेर कायापलट हुने अवस्था छैन। तसर्थ, अब पूर्वाधार निर्माणमा निजी क्षेत्रलाई भित्र्याउँछौं।' सकारले एक रुपैयाँ खर्च गर्दा निजी क्षेत्रले सात रुपैयाँ लगानी गर्ने गरी वातावरण बनाउनुपर्ने पनि उनको भनाइ छ।

यस्तै, महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेटलाई सुधारको प्रस्थान विन्दुका रूपमा ल्याउनुपर्ने बताए। अब आर्थिक सुधारको नेतृत्व निजी क्षेत्रले गर्नुपर्ने उनको भनाइ छ। कार्यक्रममा महासंघका वरिष्ठ उपाध्यक्ष तथा भावी अध्यक्ष अन्जन श्रेष्ठले निजी क्षेत्रलाई सरकारले सहकार्यकर्ता मान्नुपर्ने बताए। सोहीअनुसार आफूले काम गर्ने उनको भनाइ छ।

आज महासंघको निर्वाचन

महासंघको यो साधारणसभाले नयाँ कार्यसमितिसमेत छनोट गर्नेछ। साधारणसभाबाट हालका वरिष्ठ उपाध्यक्ष अन्जन श्रेष्ठ स्वतः अध्यक्ष हुँदै छन्। अन्य पदाधिकारी तथा सदस्य पदका लागि भने मंगलबार कमलादीस्थित प्रज्ञा भवनमा चुनाव हुँदै छ। चुनावमा स्पष्ट प्यानलसहित दुई पक्ष प्रतिस्पर्धामा उत्रिएका छन्। महासंघको निर्वाचनमा ७३ पदका लागि एक सय ३७ उम्मेदवार उत्रिएका छन्। वरिष्ठ उपाध्यक्षका आकांक्षीद्वय हेमराज ढकाल र सुरकृष्ण वैद्य प्यानलसहित चुनावमा होमिएका छन्। ढकाल प्यानललाई वर्तमान अध्यक्ष चन्द्रप्रसाद ढकाल र वैद्य प्यानललाई आगामी अध्यक्ष अन्जन श्रेष्ठको समर्थन रहेको देखिन्छ।

धान रोपाइँलाई मल आपूर्ति सहज गर्न भारतसँग जिटुजी सम्झौताको निर्णय

भारतबाट ८० हजार टन मल ल्याइने

अजित अधिकारी/नयाँ पत्रिका

असार-साउनको धान रोपाइँमा मल आपूर्ति सहज गर्न सरकारले भारतबाट जिटुजी सम्झौतामार्फत ६० हजार टन युरिया र २० हजार टन डिएपी ल्याउने निर्णय गरेको छ। सोमबार बसेको मन्त्रिपरिषद् बैठकले जिटुजी सम्झौता गरी मल ल्याउन कृषि तथा पशुपक्षी विकास मन्त्रालयलाई सैद्धान्तिक स्वीकृति दिने निर्णय गरेको सरकारका प्रवक्तासमेत रहेका शिक्षामन्त्री सस्मित पोखरेलले जानकारी दिए।

सरकारको स्वीकृतिपछि कृषि सामग्री कम्पनी लिमिटेडले भारतबाट मल ल्याउने प्रक्रिया अघि बढाउनेछ। कृषि सामग्रीका प्रबन्ध सञ्चालक विष्णुप्रसाद पोखरेलले मन्त्रिपरिषद्को निर्णय प्राप्त हुनासाथ भारतलाई पत्राचार गरेर खरिद प्रक्रिया अघि बढाइने बताए। तर, सबै प्रक्रिया पूरा गरेर मल ल्याउन करिब तीन महिना लाग्ने उनले जानकारी दिए। 'कृषि सामग्रीलाई मन्त्रिपरिषद्को पत्र प्राप्त हुनासाथ भारतलाई पत्राचार गरिहाल्छौं। हामीले गरेको मागअनुसार उनीहरूले खरिद गर्न देशभित्रै टेन्डर निकाल्छन्,' स्रोतले भन्यो, 'उक्त टेन्डर स्वीकृति भएपछि कुन कम्पनीबाट मल ल्याउने हो, त्यसबारे भारतले जानकारी दिन्छ र हामीले तोकिएको कम्पनीबाट मल किनेर ल्याउँछौं।'

उनले सबै प्रक्रिया ढुंग्याएर साउन अन्तिम साताबाट जिटुजीको मल ल्याउन सुरु हुने जानकारी दिए। हुर्केको रोपाइँलाई प्रयोग गर्न उपयुक्त हुने समयमा भारतीय मल आइपुग्ने उनले बताए। 'रोपाइँ सकेको केही समयमा युरिया हालेर गाँज हरियो बनाइन्छ। यसरी हरियो गाँज बनाउन प्रयोग गर्ने वेलाका लागि भारतीय मल आइपुग्छ,' उनले भने।

विगतमा पनि भारतबाट जिटुजी प्रक्रियामार्फत सरकारले मल ल्याउने गरेको छ। वार्षिक एक लाख टन मल जिटुजी माध्यमबाट खरिद गर्ने यसअघि नै दुई देशबिच समझदारी भइसकेको छ।



■ रोपाइँमा कम्तीमा दुई लाख टन चाहिने, गोदाममा डेढ लाख टन मौज्दात

असार र साउनको रोपाइँमा करिब दुई लाख टन अनुदानबापतको रासायनिक मलको माग हुने गरेको छ। तर, कृषि सामग्री र साल्ट ट्रेडिङको गोदाममा अहिले एक लाख ४७ हजार टन मात्रै मौज्दात रहेको कृषि तथा पशुपक्षी विकास मन्त्रालयले जनाएको छ। गोदाममा रहेको मल अहिले नियमित रूपमा बिक्री भइरहेका कारण असार-साउनमा माग बढ्ने वेलामा आपूर्ति सहज गर्न कठिन हुने अवस्था छ। कृषि मन्त्रालयका अनुसार रोपाइँको समयमा एक लाख २० हजार टन युरिया र ८० हजार टन डिएपी आवश्यक पर्छ। सरकारको गोदामा अहिले ९५ हजार टन युरिया र ५२ हजार टन डिएपी मौज्दात रहेको छ। मन्त्रालयका अनुसार कृषि सामग्रीको गोदाममा ७७ हजार युरिया र २३ हजार डिएपी गरेर एक लाख टन मौज्दात छ। त्यस्तै, पोटास १४ हजार टन मौज्दात रहेको पनि मन्त्रालयले जनाएको छ। साल्ट ट्रेडिङसँग २९ हजार डिएपी र १८ हजार टन युरिया मौज्दात रहेको छ। नियमित रूपमा वितरण गरिरहनुपर्ने भएकाले अहिलेको मौज्दात असार-साउनमा घट्ने कृषि सामग्रीका प्रबन्ध सञ्चालक विष्णुप्रसाद पोखरेलले जानकारी दिए। 'नियमित वितरण गर्दा असार-साउनको माग धान्नलाई अहिलेको मौज्दात परिमाण केही कम हुन सक्छ,' उनले भने, 'त्यसैले जिटुजीमार्फत भारतबाट तत्काल मल ल्याउने निर्णय भएको हो। भारतबाट जतिसक्दो छिटो मल ल्याउन सबै संयन्त्र प्रयोग गर्नेछौं।'

■ स्ट्रेट अफ हर्मुज बन्द हुँदा ३० हजार टन डिएपी रोकियो

कृषि मन्त्रालयका अनुसार ३० हजार टन डिएपी स्ट्रेट अफ हर्मुज बन्दका कारण रोकिएको छ। उक्त परिमाणको मल खरिदका लागि सबै टेन्डर प्रक्रिया सकेर सम्झौतासमेत भइसकेको र उत्पादन भएको देशबाट समेत चलान भइसकेको छ। जहाजमा रहेको मल हर्मुज जलमार्ग बन्द भएकाले अहिले बन्धक भएर बसेको मन्त्रालयले जनाएको छ।

■ अन्तर्राष्ट्रिय मूल्य अकासिँदा एक लाख १० हजार टन आयात प्रभावित

सरकारले मल खरिदका लागि गत मंसिरदेखि नै टेन्डर गरेको परिमाणमध्ये एक लाख १० हजार आयात नहुने अवस्था बनेको छ। कृषि सामग्री कम्पनीका प्रबन्ध सञ्चालक विष्णुप्रसाद पोखरेलका अनुसार आपूर्तिकर्तालले ६ सय डलर प्रतिटनमा टेन्डर प्रस्ताव गरेको मलको मूल्य अहिले बढेर ११ सय डलर प्रतिटन पुगेको छ। त्यसैले टेन्डर प्रक्रियामा सामेल भएका आपूर्तिकर्ता सम्झौताका लागि आएका छैनन्। मूल्य तीव्र दरमा बढिरहेका कारण आपूर्तिकर्ता सम्झौताका लागि तयार नभएका हुन्। मल खरिदको ठेक्का सम्झौता भएको ९० दिनपछि मात्रै नेपाल भित्रन सुरु हुने गरेको छ। लामो प्रक्रिया र छिटो मूल्य वृद्धिका कारण आपूर्तिकर्ताले जोखिम नमोलेको कृषि सामग्रीले जनाएको छ।

विश्व बैंकबाट पौने आठ अर्ब ऋण लिइने

विश्व बैंकबाट लिइएको सहुलियत ऋणबाट सरकारले उद्योगहरूलाई परम्परागत बोइलरलाई इलेक्ट्रोनिक बोइलरले प्रतिस्थापन गर्न कर्जा दिने

काठमाडौं/ सरकारले उद्योगहरूको परम्परागत बोइलरलाई इलेक्ट्रोनिक बोइलरले प्रतिस्थापन गर्ने कार्यक्रमका लागि विश्व बैंकबाट पौने आठ अर्ब रुपैयाँ सहुलियत ऋण लिने भएको छ। मन्त्रिपरिषद्को सोमबारको बैठकले विश्व बैंकबाट प्राप्त हुने पाँच करोड २० लाख अमेरिकी डलर सहुलियत ऋण र ५० लाख अमेरिकी डलर अनुदान स्वीकार गर्ने निर्णय गरेको हो। हाल इँटालगायत विभिन्न क्षेत्रका उद्योगहरूले कोइलालगायतका ऊर्जा प्रयोग गरेर परम्परागत रूपमा बोइलर प्रयोग गर्दै आएका छन्। त्यस्ता परम्परागत बोइलरलाई विद्युतीय (इलेक्ट्रोनिक्स)ले प्रतिस्थापन गर्ने सरकारले कार्यक्रम अघि सारेको छ। कार्यक्रमअन्तर्गत बोइलर प्रतिस्थापनका लागि विश्व बैंकबाट प्राप्त कर्जा कार्यविधि बनाएर सरकारले उद्योगहरूलाई ऋण दिनेछ।

'परम्परागत बोइलरलाई इलेक्ट्रोनिकले प्रतिस्थापन गर्न उद्योगहरूलाई कर्जा उपलब्ध गराउने र वायु गुणस्तर मापन क्षमता बढाउने प्रयोजनका लागि विश्व बैंकबाट प्राप्त हुने ५२ मिलियन अमेरिकी डलरबराबरको सहुलियत ऋण तथा पाँच मिलियन अमेरिकी डलरबराबरको अनुदान स्वीकार गर्ने निर्णय गरेको छ,' मन्त्रिपरिषद्को निर्णयमा उल्लेख छ। नेपाल राष्ट्र बैंकले सोमबारका लागि तोकेको अमेरिकी डलरको खरिद मूल्यअनुसार विश्व बैंकबाट प्राप्त हुने सहुलियत ऋण सात अर्ब ८८ करोड ११ लाख रुपैयाँ र अनुदान ७५ करोड ७८ लाख रुपैयाँबराबर हुन्छ।

जेन-जी प्रदर्शनमा ध्वस्त पोखराको भाटभटेनी पुनः सञ्चालनमा



कास्की/ जेन-जी आन्दोलनका क्रममा २४ भदौमा भएको आगजनी र तोडफोडका कारण ध्वस्त भएपछि बन्द रहेको पोखरास्थित भाटभटेनी सुपर मार्केट एन्ड डिपार्टमेन्टल स्टोर पुनः सञ्चालनमा आएको छ।

पोखरा- ९, न्युरोडस्थित स्टोर नयाँ लुक्समा पुनः सञ्चालनमा आएको स्टोरका सञ्चालक मीनबहादुर गुरुङले सोमबार सेवा सुरु गरेका थिए। गुरुङले जेन-जी आन्दोलनका क्रममा स्टोरका १२ शाखा ध्वस्त भएकोमा पोखरामा सञ्चालनमा आएको पाँचौं शाखा रहेको र अन्य सात शाखा सञ्चालनको तयारी हुँदै गरेको जानकारी दिए।

सञ्चालनमा आउन बाँकी रहेका शाखा वैशाखबाटै सञ्चालनमा ल्याउने गरी काम भइरहेको बताए। स्टोरमा घरेलु एवं स्थानीय उत्पादन, अन्तर्राष्ट्रिय गुणस्तरका आयातित सामान, दैनिक उपभोग्य वस्तु, खाद्यान्न, किचन, तयारी पोसाक, रेडिमेडका विभिन्न सामान, विद्युतीय उपकरण, फर्निचर, खेलौनालगायतका सबै सामान गाहकको रोजाइअनुसार उपलब्ध रहेको प्रमुख सञ्चालन अधिकृत पानु पौडेलले जानकारी दिए।

स्टोरले १३ वर्षअघि पोखरामा आफ्नो पहिलो शाखा विस्तार गरेको थियो, जुन तत्कालीन अवस्थामा स्टोरको छैटौं शाखाका रूपमा सञ्चालनमा आएको थियो। स्टोर सञ्चालनमा आए पनि बाहिरी भागमा निर्माण र मर्मतको काम जारी रहेको पौडेलले बताए।

प्रिमियरको उद्यमशील प्रदर्शनीमा व्यावसायिक प्रस्तावदेखि लगानीसम्म



काठमाडौं/ प्रिमियर इन्टरनेसनल आइबी कन्टिनम स्कुलद्वारा उद्यमशील प्रदर्शनी कार्यक्रम आयोजना गरेको छ। सो कार्यक्रमले युवा नवप्रवर्तक, उद्योग क्षेत्रका विद्वान् तथा अभिभावकलाई एकै स्थानमा ल्याएको थियो। साथै, विद्यार्थीद्वारा सञ्चालित व्यावसायिक अवधारणाको प्रेरणादायी प्रस्तुति पनि दिइएको थियो।

कार्यक्रममा कक्षा ११ का एनइबी व्यवस्थापनका विद्यार्थी र आइबिडिपी प्रथम वर्षका विद्यार्थीले स्थानीय नेपाली स्रोतमा आधारित पूर्ण व्यावसायिक अवधारणा निर्माण गरेका थिए। प्रत्येक समूहले आफ्नो व्यावसायिक योजनामा लगानीको अपेक्षा गरेका थिए। यसले वास्तविक स्टार्टअप इकोसिस्टमको अनुभव दिलाउँदै कक्षाकोठाभन्दा बाहिरको व्यावहारिक सिकाइलाई प्रोत्साहन गरेको आयोजक विद्यालयले जनाएको छ।

कार्यक्रममा ६ वटा नवप्रवर्तनशील व्यावसायिक अवधारणा प्रस्तुत गरिएका थिए। जसमा प्राकृतिक सामग्रीबाट बनेको मच्छर भगाउने मिस्ट, फुरनदाना आधारित स्वास्थ्यकर खाजा र भेगन डेयरी विकल्प उत्पादन शृंखला थिए। यस्तै, परम्परागत ढाका कपडामा आधारित व्यवसाय, सातै प्रदेशका अचारलाई समेट्ने व्यवसाय र दिगो काठजन्य उत्पादनमा आधारित व्यवसायका अवधारणा प्रस्तुत गरिएको हो। यीमध्ये, ढाका कपडामा आधारित व्यवसायलाई सर्वोत्कृष्ट व्यावसायिक प्रस्ताव प्रस्तुति उपाधिसहित प्रमाणपत्र प्रदान गरिएको थियो।

यस पहलले अनुभवात्मक सिकाइको महत्त्वलाई उजागर गर्दै विद्यार्थीलाई वास्तविक जीवनका चुनौतीसँग प्रत्यक्ष रूपमा संलग्न गराएको बताइएको छ। कार्यक्रमले युवा पुस्ताको सिर्जनशीलता र उद्यमशील क्षमताका साथै स्थानीय स्रोतको उपयोगमार्फत विश्वस्तरीय समाधान निर्माण गर्न सकिने सन्देश पनि सम्प्रेषण भएको आयोजकको भनाइ छ।

जुम्लाको रिपीमा पोल पुगेको एक वर्षमा पनि आएन बिजुली

जुम्ला/ सदरमुकाम खलंगा बजारमा राष्ट्रिय प्रसारण (ग्रिड) पुगेको एक दशक भयो। तर, जिल्लाका अधिकांश दुर्गम गाउँमा प्रसारणलाइन छैन। तिला गाउँपालिका- ६ स्थित दुर्गम रिपी गाउँमा विद्युत्का पोल पुगेको झन्डै एक वर्ष बितिसक्दा पनि बिजुली बलेको छैन। पूर्वाधार पुगेर पनि विद्युत् सेवा सञ्चालन नहुँदा स्थानीय समस्यामा परेका छन्।

बिजुली अभावमा स्थानीय बासिन्दा अहिले पनि झरो र टुकीका भरमा बस्नुपरेको छ। साँझ परेपछि बाहिर निस्कनै कठिन हुने, बालबालिकालाई पठनपाठन गर्नसमेत समस्या परेको छ। नियमित टुकी र झरो प्रयोग गर्दा धुवाँका कारण स्वास्थ्यमा असर पर्ने जोखिम छ।

उज्यालो अभावमा राति अध्ययन गर्न कठिन हुने, मोबाइल तथा अन्य उपकरण चार्ज गर्न टाढा जानुपर्ने बाध्यताले सूचना र सञ्चारबाट पनि टाढा हुनुपरेको छ। स्थानीय सरकार सञ्चालन भएको आठ वर्ष र गाउँमा पोल गाडेको एक वर्षभन्दा बढी समय बितिसक्दा पनि अझै रिपीवासी अन्धकारमै रात कटाउन बाध्य भएका छन्।

यस्तै, गाउँमा साना उद्योग, कुटानी-पिसानी मिल तथा अन्य आर्थिक गतिविधि सञ्चालन हुन नसक्दा स्थानीयको आय-आर्जनमा समेत असर परेको स्थानीय गोरबहादुर रावत बताउँछन्। 'सडक पुगेको छैन। पोल पुगेको वर्ष दिनभन्दा बढी समय भइसक्दा पनि बिजुली आएन,' उनले भने, 'आधारभूत आवश्यकताभित्र पर्ने बिजुली विस्तार नहुँदा समस्या झेलिरहेका छौं। एक वर्षअघि गाडिएका पोल अधिकांश ढल्ने अवस्थामा छन्। तर, बत्ती बल्ने छाँटकाँट देखिएको छैन।'

तिला गाउँपालिका- ६ का अध्यक्ष जंगबहादुर रोकायाका अनुसार आगामी दसैँसम्म गाउँमा बिजुली बल्ने गरी काम भइरहेको छ। तिलाको रारा सेरीबजार हुँदै पुरुगाउँ, जुम्लाकोट, मानेचौर सुडी रिपीमा बिजुली बल्ने उनको भनाइ छ।

डि.एम.एस. बुट इन्डस्ट्रिज प्रा.लि. (DMS BOOT Industries Pvt.Ltd.) को नाममा रहेको एन.आई.सी. एशिया बैंक लि., कमलादी शाखाको साविक सञ्चालक दिपेन्द्र थापाले हस्ताक्षर गरेको खाली चेक हराएको सम्बन्धमा सर्वसाधारणलाई जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

उपरोक्त सम्बन्धमा साविक डी.एम.एस. बुट इन्डस्ट्रिज प्रा.लि. (**DMS BOOT Industries Pvt. Ltd.**) का हामी सञ्चालकहरू मिति २०७७ सालमा कम्पनीको सबै शेयर बिक्री गरी स्वतन्त्रपूर्वक बसेका छौं। साविक डी.एम.एस. बुट इन्डस्ट्रिज प्रा.लि.लाई हामीले मिति २०७० सालदेखि मिति २०७२ सालसम्म (१) सोनाम ग्याछो - अध्यक्ष, (२) प्रकाशनाथ ढुंगेल - सदस्य, (३) दीपेन्द्र थापा - सदस्य भई सञ्चालन गरी आएका थियौं। हामीले कम्पनीको उत्पादनका लागि चाहिने आवश्यक स्थानीय कच्चा पदार्थ खरिद गर्नका लागि भनेर साविक सञ्चालक प्रकाशनाथ ढुंगेललाई विश्वासको आधारमा खाली चेकमा हस्ताक्षर गरेर दिने गरिएको थियो। तत्कालीन समयमा सञ्चालक प्रकाशनाथ ढुंगेलले यस कम्पनीबाट शेयर बिक्री गरी सञ्चालक पदबाट बर्हिगमन हुने बखत हरहिसाब मिलान गर्ने क्रममा १९ थान हस्ताक्षर भएका खाली चेकहरू फिर्ता नगर्नु भएको र पटक-पटक माग गर्दा आलटाल गरी नबुझाएपछि सम्पूर्ण चेकहरू बैंकको सिस्टमबाट रद्द गराई मिति २०७४/१२/२५ गते डी.एम.एस. बुट इन्डस्ट्रिज प्रा.लि.को एन.आई.सी. एशिया बैंक, कमलादी शाखाको चल्ती खाता नं. ३२१८१६७६५१५२४००१ समेत बन्द गरिएको जानकारी गराउँछौं।

डि.एम.एस. बुट इन्डस्ट्रिज प्रा.लि.ले हस्ताक्षर भएको खाली चेक बुक हराएको भनी खाता बन्द गरेको १९ थान चेकमध्येमा २ थान चेक (०००७७२६३७ र ०००७७२६३९) दुरुपयोग भएको जानकारी भएको हुनाले **डी.एम.एस. बुट इन्डस्ट्रिज प्रा.लि.**का बाँकी चेक नं. ०००७७२६२२ देखि ०००७७२६३६ साथै ०००७७२६३८ र ०००७७२६४० सम्मका १७ थान हस्ताक्षर भएका खाली चेक दुरुपयोग गरी कुनै कम्पनी वा व्यक्तिको नाममा चेक काटी दिएमा उक्त चेक बैंकमा सटही नहुने, नचल्ने, **MICR (Magnetic Ink Character Recognition)** चेक लागू हुनुपूर्व अवस्थाका पुराना सटही गर्न नमिल्ने (**Invalid Cheque**) चेक भएको व्यहोरा सर्वसाधारणको जानकारीका लागि अनुरोध गर्दछौं।

साविक अध्यक्ष : सोनाम ग्याछो
साविक सदस्य : दिपेन्द्र थापा

सामान्य बढ्यो सुनचाँदीको मूल्य

काठमाडौं/ नेपाली बजारमा सुनचाँदीको मूल्यमा सामान्य वृद्धि भएको छ। सोमबार सुनको मूल्य तोलामा तीन सय रुपैयाँले बढेको छ भने चाँदीको मूल्य २० रुपैयाँले उकालो लागेको छ। नेपाल सुनचाँदी व्यवसायी महासंघका अनुसार सो दिन सुन प्रतितोला दुई लाख ९४ हजार आठ सय रुपैयाँ पुगेको छ। आइतबार दुई लाख ९५ हजार एक सय रुपैयाँमा कारोबार भएको थियो। त्यस्तै, चाँदीको मूल्य प्रतितोला पाँच हजार ३० रुपैयाँ कायम भएको छ। आइतबार चाँदी पाँच हजार १० रुपैयाँमा कारोबार भएको थियो।

मौला कालिका हाइड्रोपावर कम्पनी लि.

सत्रौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

दोस्रो पटक प्रकाशित : २०८३/०१/२२

मिति २०८३/०१/०५ गते बसेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार यस कम्पनीको सत्रौं वार्षिक साधारण-सभा देहाय बमोजिमको मिति, स्थान र समयमा निम्न बमोजिमका विषय र प्रस्ताव उपर छलफल तथा निर्णय गर्न बस्ने भएकाले सम्पूर्ण शेयरधनी महानुभावहरूलाई उपस्थितिको लागि अनुरोध सहित यो सूचना प्रकाशित गरिएको छ।

सभा बस्ने मिति, स्थान र समय :

मिति : २०८३/०१/३० गते शनिवार (तद्नुसार १३ मे २०२६)
स्थान : देवपुर, देवघाट गाउँपालिका, तनहुँ स्थित कम्पनीको साईट कार्यालय।
समय : बिहानको १०:०० बजे।

छलफलका बिषयहरू

क) सामान्य प्रस्तावहरू :

१. सत्रौं वार्षिक साधारण सभाको लागि सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने।
२. लेखापरीक्षकको प्रतिवेदन सहित २०८२ आषाढ मसान्तको वासलात, आ.व. २०८१/८२ को नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण तथा अनुसूचीहरू उपर छलफल गरी पारित गर्ने।
३. आ.व. २०८२/८३ को लागि लेखापरिक्षक नियूक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने।
४. शेयर लगानी अनुमोदन सम्बन्धमा।

ख) विविध।

सञ्चालक समितिको आज्ञाले
प्रमुख कार्यकारी अधिकृत

Notice for the Invitation for Bid

Date of Publication: May 5, 2026

Citizens Bank International Ltd. (hereinafter referred as the Bank) invites sealed bids from registered Nepalese contractors for the Interior Finishing and Allied Works of its Offices located at Charikot (Dolakha), Belbas (Rupendehi) and Dharapani (Nawalparasi east), Nepal under the terms & conditions outlined below:

1. **Scope of Job:** Civil Works, Electrical Works, Furniture works and Maintenance Works.
2. A complete set of Bid documents may be purchased during office hours from General Service Department of the Bank at Head Office, Narayanhiti Path, Kathmandu upon payment of NPR 1,000.00 (Nepalese Rupees One Thousand only), nonrefundable; latest by 11:00 hours latest May 11, 2026 No joint venture (JV) is allowed.
3. Sealed tender should be submitted to Head Office of the Bank by 17:00 hours latest May 11, 2026
4. All other information are mentioned in the bid documents.
5. The Bank, at its sole discretion; reserves all the rights to accept or reject the "Bids" received from the bidders, wholly or partly; any or all the bids without assigning reason whatsoever.

Citizens Bank

General Service Department (GSD)
P.O.Box 19681
Narayanhiti Path, Kathmandu, Nepal
Telephone : +977- 01-4527842, 01-4527843
Fax 977-01-4527077, Email: gsd@ctznbank.com

THE BANKER BANK OF THE YEAR 2024 NEPAL | THE BANKER BANK OF THE YEAR 2025 NEPAL

www.ctznbank.com

कर्जा भुक्तानी गर्ने सम्बन्धि ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति २०८३/०१/२२ गते नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस ज्योति विकास बैंक लिमिटेडको शाखा कार्यालय पथरीबाट निम्न बमोजिम कर्जा लिने ऋणीहरुले लिनु भएको ऋण कर्जाको समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि तिर्न बुझाउनको लागि पटक पटक फोन मार्फत, मौखिक एवं लिखित रुपमा अनुरोध गरी तरताकेता गर्दा समेत बैंकको अनुरोधलाई बेवास्ता गरी कर्जा भुक्तानी नगर्नु भएकोले कर्जा भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्बजनिक सूचना प्रकाशित गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र बैंकमा सम्पर्क राखी कर्जा सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण बक्यौता रकम चुक्ता भुक्तान गर्नुहोला। अन्यथा प्रचलित ऐन, कानून एवं यस बैंकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकको लेना रकम असुल गरिनुका साथै ऋणी, संचालक, प्रोप्राइटर, जमानीकर्ता समेत लाई कर्जा सूचना केन्द्रको कालोसूचिमा नाम सूचिकृत गर्न समेत लेखि पठाइने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ। साथै धितोबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, प्रचलित ऐन कानून अनुसार ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र सम्बन्धीत कर्जा चुक्ता गर्न गराउन हुन ऋणी, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा अनुरोध गरिन्छ।

तपसिल

क्र.स	ऋणीको नाम, ठेगाना	
१.	**नाम : अशिन राई** ना.प्र.प.नं. ७४९९८, जि.प्र.का. मोरङ्ग, जारी मिति : २०६०/०२/२९ बाबुको नाम: टेक बहादुर राई, बाजेका को नाम : बजेर सिं राई ठेगाना : इटहरा गा. वि.स. वडा नं .२, मोरङ्ग, हाल : रतुवामाई-१०, मोरङ्ग	
	व्यक्तिगत जमानतकर्ताहरुको विवरण	
	१. **नाम :.सुनिता राई** ना.प्र.प.नं. ३५७४४६०, जि.प्र.का. झापा जारी मिति : २०६२/०१/१३ पतिको नाम : अशिन राई ससुराको को नाम : टेक बहादुर राई ठेगाना : गरामनी गा. वि.स. वडा नं .९, झापा हाल : रतुवामाई-१०, मोरङ्ग	२. **नाम : टेक बहादुर राई** ना.प्र.प.नं. : ४५९७३, जि.प्र.का. मोरङ्ग जारी मिति : २०३६/०३/११ बाबुको नाम: बजिर सिं राई बाजेको नाम : बम बहादुरं राई ठेगाना : राजघाट गा. वि.स. वडा नं .४, मोरङ्ग हाल : रतुवामाई-१०, मोरङ्ग
	धितोमा रहेको सम्पतिको विवरण	
	टेक बहादुर राईको नाममा मालपोत कार्यालय बेलबारी, मोरङ्गमा दर्ता श्रेष्ता कायम रहेको मोरङ्ग जिल्ला, राजघाट वडा नं. नक्सा नं. ४/म स्थित कित्ता नं.५०९ को क्षेत्रफल ०-१२-५-१(वि.क.धु) भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत	
२.	**ऋणीको नाम, ठेगाना**	**ऋणी तथा जमानीकर्ता**
	नाम : गंगा कृषी फर्म दर्ता नं. १४७१३/०७५/७६, घरेलु तथा साना उधोग कार्यालय, विराटनगर, मोरङ्ग, दर्ता मिती : २०७५/०९/०९ पान नं :६०९३३२३४०, दर्ता मिती : २०७५/११/२३ ठेगाना : कानेपोखरी - ३ ,मोरङ्ग **प्रोप्राईटर : देश बहादुर कार्की**	**नाम : देश बहादुर कार्की** ना.प्र.प.नं. १०३४–१०६८,जि.प्र.का. मोरङ्ग जारी मिति : २०५२/०९/३० बाबुको नाम : डिल्ली बहादुर कार्की बाजेको नाम : नर बहादुर कार्की ठेगाना : होक्लाबारी गा.वि.स. वडा नं .४, मोरङ्ग हाल: कानेपोखरी गा.पा वडा नं .३, मोरङ्ग
	व्यक्तिगत जमानतकर्ताहरुको विवरण	
	१. **नाम : डिल्ली बहादुर कार्की** ना.प्र.प.नं. ०५-३७१-३७४६१०५७-२०६१, जि.प्र.का मोरङ्ग जारी मिति : २०४५/०१/१० बाबुको नाम : नर बहादुर कार्की बाजेको नाम : हस्तविर कार्की ठेगाना : होक्लाबारी गा.वि.स. वडा नं .४, मोरङ्ग हाल : कानेपोखरी गा.पा वडा नं .३, मोरङ्ग	२. **नाम : चण्डिका बस्नेत** (**कार्की**) ना.प्र.प.नं. ०५३०६५/५३, जि.प्र.का मोरङ्ग जारी मिति : २०६३/१२/३० पतिको नाम: देश बहादुर कार्की ससुराको नाम : डिल्ली बहादुर कार्की ठेगाना : होक्लाबारी गा.वि.स. वडा नं .४, मोरङ्ग हाल : कानेपोखरी गा.पा वडा नं .३, मोरङ्ग
	धितोमा रहेको सम्पतिको विवरण	
	१.गँगा माया कार्की को नाममा मालपोत कार्यालय बेलबारी मोरङ्गमा दर्ता श्रेष्ता कायम रहेको मोरङ्ग जिल्ला, बयरबन गा वि.स.वडा नं. २ ख स्थित कित्ता नं. ७७७ को क्षेत्रफल २-२-११-० भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत २.चण्डिका बस्नेत कार्की को नाममा मालपोत कार्यालय बेलबारी मोरङ्गमा दर्ता श्रेष्ता कायम रहेको मोरङ्ग जिल्ला, बयरबन गा वि.स.वडा नं. २ ख स्थित कित्ता नं. ८७५ को क्षेत्रफल ०-७-१९-० भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत। ३. डिल्ली बहादुर कार्की को नाममा मालपोत कार्यालय बेलबारी मोरङ्गमा दर्ता कायम रहेको मोरङ्ग जिल्ला, होक्लाबारी गा वि.स.वडा नं. ४ ख स्थित कित्ता नं. २७५ र २८० को क्षेत्रफल क्रमश: ०-२-०-० र ०-२-०-० भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।	

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालय :
का.म.न.पा. वडा नं ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६/०७/०८/०९/१०
शाखा कार्यालय: पथरी फोन नं. ०२१-५५५४८२/८३
website: www.jbbl.com.np, Email:info@jbbl.com.np

सांग्रिला डेभलपमेन्ट बैंक लि.

Shangri-la Development Bank Ltd.
स्थानीय विकासको आधार
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजत प्राप्त संस्था)

केन्द्रीय कार्यालय : बालुवाटार, काठमाण्डौ
फोनः ०१-४५२१८६१/६२/६३

कर्जा चुक्ता गर्ने बारे ३५ दिने अत्यन्त जरूरी सूचना

सूचना प्रकाशित मितिः २०८३/०१/२२ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस डेभलपमेन्ट बैंकबाट कर्जा सुरक्षण वापत तपसिलमा उल्लेखित सम्पत्ति धितो जमानतमा राखी तपसिलका ऋणीहरुले यस डेभलपमेन्ट बैंकको विभिन्न शाखा कार्यालय/कार्यालयबाट विविध कर्जा शीर्षक अन्तर्गत लिनु भएको कर्जाको साँवा, व्याज तथा हर्जाना रकम समेत शर्त बमोजिम यस डेभलपमेन्ट बैंकमा समय समयमा दाखिला गर्नु पर्नेमा हाल सम्म नतिरी नबुझाई कर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नु भएको र सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत बक्यौता रकम चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नु भएको हुनाले यो सूचना प्रकाशित भएको मितिले ३५ (**पैतिस**) **दिन** भित्र यस डेभलपमेन्ट बैंकमा सम्पर्क राखी यस डेभलपमेन्ट बैंकलाई तिर्न बुझाउनु पर्ने बाँकी ऋणको साँवा, व्याज, हर्जाना व्याज तथा अन्य दे-दस्तूर रकम समेत चुक्ता भुक्तान गर्नु हुन सम्बन्धित ऋणी तथा जमानीकर्तालाई यसै सूचना मार्फत सूचित गरिन्छ। अन्यथा यस डेभलपमेन्ट बैंकको नीति नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंकिङ्ग कसूर ऐन २०६४, यस बैंकको ऋण असुली नीति २०८० एवं प्रचलित कानून बमोजिम धितो लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी यस डेभलपमेन्ट बैंकको लेना बाँकी रकम असुल उपर गर्ने तर्फ कारवाही गरिने र सो धितोबाट यस डेभलपमेन्ट बैंकको सम्पूर्ण रकम असुल उपर हुन नसकेमा प्रचलित कानून बमोजिम सम्बन्धित ऋणी तथा जमानीकर्ताको अन्य चलअचल जायजेथा सम्पत्तिबाट समेत असुल उपर गरिने र ऋणी तथा जमानीकर्तालाई कालोसूचीमा समेत सूचिकृत गरी आवश्यक कानुनी कारवाही भई जाने व्यहोरा समेत सम्बन्धित सबैलाई सूचित गरिन्छ।

तपसिल

ऋणी/जमानतकर्ताको विवरण	जमानतकर्ताको विवरण
१. क) ऋणीः न्यू सुशान्त किराना एण्ड सप्लायर्स दर्ता गर्ने कार्यालय : वाणिज्य कार्यालय, धनगढी, कैलाली प्रा.फ.र.नं. : २६१९९/०७५/७६, दर्ता मिति : २०७५/०६/२६ फर्मको ठेगाना : लम्की चुहा न.पा.-०१, कैलाली पान नं. : ६०२०७७२४४ **ख) ऋणी/जमानतकर्ताको नामः तृप्ता रावल** बाबुको नाम : हंशराज रावल पतिको नाम : सुशील कुमार रायमाझी ससुराको नाम : दल बहादुर रायमाझी ठेगाना : टीकापुर-०९, कैलाली हाल : लम्कीचुहा-१, कैलाली ना.प्र.नं.: ९२, जारी मिति : २०५१/०४/२० जारी गर्ने कार्यालय : जि.प्र.का. कैलाली **कर्जा लिएको शाखा : लम्की, कैलाली**	**क) प्रोपाईटरको नामः सुशील कुमार रायमाझी** बावुको नाम : दल वहादुर रायमाझी बाजेको नाम : लिला बहादुर रायमाझी ठेगाना : पिपलडाडा-०३, पाल्पा हाल : लम्कीचुहा-१, कैलाली ना.प्र.नं.: ७४८६१, जारी मिति : २०५५/११/१३ जारी गर्ने कार्यालय : जि.प्र.का., पाल्पा **ख) नामः सुशान्त कुमार रायमाझी** बाबुको नाम : सुशील कुमार रायमाझी बाजेको नाम : दल बहादुर रायमाझी ठेगाना : पिपलडाँडा-०३, पाल्पा हाल : लम्कीचुहा-१, कैलाली ना.प्र.नं.: ३९-०१-७२-०७२४३ जारी मिति : २०७२/०८/१६ जारी गर्ने कार्यालय : जि.प्र.का., पाल्पा
सुरक्षणमा रहेको धितोको विवरण : श्री मालपोत कार्यालय टिकापुर, कैलालीमा तृप्ता रावतको नाममा दर्ता कायम रहेको कैलाली जिल्ला, बलिया-०८, स्थित कित्ता नं. ७०११ को क्षेत्रफल ११८.५२ व.मी. रहेको घर/जग्गा तथा सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत।	

ऋणी/प्रोप्राइटर/जमानतकर्ताको विवरण	जमानतकर्ताको विवरण
२. ऋणीः बलीराम गल्ला भण्डार दर्ता गर्ने कार्यालय : वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण दर्ता नं. : ४८६३०/०७७ दर्ता मितिः २०७७/०७/२७ पान नं.: ६१४१९२९७७ ठेगाना : ओमसतिया-०४, रुपन्देही **प्रोप्राइटर/जमानतकर्ताको नामः अनिल यादव** बाबुको नाम : सोमनाथ यादव बाजेको नामः रज्जु यादव ठेगानाः बसन्तपुर-०८, रुपन्देही हाल : ओमसतिया-०४, रुपन्देही ना.प्र.नं.: ३७१०२१/४१६९१, जारी मितिः २०६७/०३/२८ जारी गर्ने कार्यालयः जि.प्र.का. रुपन्देही **कर्जा लिएको शाखा : भैरहवा** **जमानतकर्ताको विवरण** **क) नामः सुनिल यादव** बाबुको नामः सोमनाथ यादव बाजेको नाम : रज्जु यादव ठेगानाः बसन्तपुर-०८, रुपन्देही हालः ओमसतिया-०४, रुपन्देही ना.प्र.नं.:२/३१५६८, जारी मिति : २०६३/०२/२१ जारी गर्ने कार्यालय : जि.प्र.का. रुपन्देही	**ख) नाम : सोमनाथ यादव** बाबुको नाम : रज्जु यादव बाजेको नाम : बनारसी यादव ठेगानाः बसन्तपुर-०८, रुपन्देही हालः ओमसतिया-०४, रुपन्देही ना.प्र.नं.: १/९८, जारी मितिः२०४६/०८/२८ जारी गर्ने कार्यालयः जि.प्र.का. रुपन्देही **ग) नामः इसरावती देवी यादव** बाबुको नामः सुकै अहिर पतिको नाम : सोमनाथ यादव ससुराको नामः रज्जु यादव ठेगानाः बसन्तपुर-०८, रुपन्देही हालः ओमसतिया-०४, रुपन्देही ना.प्र.नं.:२/२३३, जारी मितिः२०५४/०१/१८ जारी गर्ने कार्यालयः जि.प्र.का. रुपन्देही **घ) नाम : प्रमिला यादव** बाबुको नाम : लोलै यादव पतिको नाम : सुनिल यादव ससुराको नामः सोमनाथ यादव ठेगानाः बसन्तपुर-०८, रुपन्देही हालः ओमसतिया-०४, रुपन्देही ना.प्र.नं.: ३७-०१-७३-०५७३५ जारी गर्ने कार्यालयः जि.प्र.का. रुपन्देही जारी मिति : २०७३/०६/०२
सुरक्षणमा रहेको धितोको विवरण : श्री मालपोत कार्यालय रुपन्देहीमा अनिल यादवको नाममा दर्ता कायम रहेको रुपन्देही जिल्ला, बसन्तपुर न.पा./गा.वि.स. वडा नं. ८ स्थित कि.नं. १८१६, २१०३ र २४०७ को क्षेत्रफल क्रमशः २१.१६, २१५.८६ र ३८.१० व.मी. रहेको घर/जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।	

ऋणी/प्रोप्राईटर/जमानतकर्ताको विवरण	जमानतकर्ताको विवरण
३. ऋणीः न्यू फेसन टेलर्स दर्ता गर्ने कार्यालयः घरेलु तथा साना उद्योग कार्यलय, बर्दिया दर्ता नं. : ४८/३९५४/०७६/७७, दर्ता मितिः २०७६/०४/१६ पान नं.: ६१११९१११३ ठेगाना : गुलरिया-०७, बर्दिया **प्रोप्राईटर/जमानतकर्ताको नामः तरन्नुम सिद्धिकी** बाबुको नाम : वसीर मनिहार पतिको नामः इमामुल हक मनिहार ससुराको नामः मन्सुर मनिहार ठेगाना :गुलरिया-०८, बर्दिया, हालः गुलरिया-०७, बर्दिया ना.प्र.नं.: ३६६८३, जारी मितिः २०६२/१२/२० जारी गर्ने कार्यालय : जि.प्र.का., बर्दिया **कर्जा लिएको शाखा : गुलरिया**	**क) नामः इमामुल हक मनिहार** बाबुको नाम : मन्सुर मनिहार बाजेको नामः अनिश अहमद मनिहार ठेगानाः गुलरिया-०६, बर्दिया हाल : गुलरिया-०७, बर्दिया ना.प्र.नं.: ६५-०१-७६-००४५६ जारी गर्ने कार्यालय : जि.प्र.का.बर्दिया जारी मिति : २०७६/०१/११ **सुरक्षणमा रहेको धितोको विवरण :** श्री मालपोत कार्यालय बर्दियामा तरन्नुम सिद्धिकीको नाममा दर्ता कायम रहेको बर्दिया जिल्ला, गुलरिया उ.म.न.पा/गा.पा. वडा नं. ३ स्थित कि.नं. ९२३ को क्षेत्रफल १६९.३२ व.मी. रहेको घर/जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

ऋणी/प्रोप्राईटरको विवरण	जमानतकर्ताको विवरण
४. ऋणीः श्री सदाशिव कन्सट्रक्शन दर्ता गर्ने कार्यालयः घरेलु तथा साना उद्योग विभाग दर्ता नं.: ४७/१४८३/०६९/०७० दर्ता मिति : २०६९/०९/०५, पान नं.: ३०५७२०६५४ ठेगाना : मगरागाडी-०४, बर्दिया **प्रोप्राईटर/जमानतकर्ताको नामः देपिन्द्र बस्नेत** बाबुको नाम : इन्द्र बहादुर बस्नेत बाजेको नाम : भिमा बस्नेत ठेगानाः मगरागाडी-०४, बर्दिया ना.प्र.नं.: १-७४५, जारी मिति :२०५०/१२/२८ जारी गर्ने कार्यालय : जि.प्र.का., बर्दिया **कर्जा लिएको शाखा : नेपालगंज** **जमानतकर्ताको विवरण** **क) नाम : याम कुमारी रोका क्षेत्री** बाबुको नाम : नन्दलाल रोका क्षेत्री पतिको नामः देपिन्द्र बस्नेत ससुराको नामः इन्द्र बहादुर बस्नेत ठेगानाः सीतापुर-०४, बाँके ना.प्र.नं.: ३२२३, जारी मितिः२०५४/११/०३ जारी गर्ने कार्यालय : जि.प्र.का., बाँके	**ख) नाम : महेश्वरी बस्नेत** पतिको नामः इन्द्र बहादुर बस्नेत ससुराको नाम : भिमा बस्नेत ठेगाना : वानियाभार-०७, बर्दिया ना.प्र.नं.: २९५२०, जारी मितिः२०३६/०२/२८ जारी गर्ने कार्यालय : जि.प्र.का बर्दिया **ग) नाम : नेवुला बस्नेत** बाबुको नाम : देपिन्द्र बस्नेत बाजेको नाम : इन्द्र बहादुर बस्नेत ठेगाना : बारबर्दिया-०६, बर्दिया ना.प्र.नं.: ६५-०१-७६-०७१०६ जारी मिति : २०७६/११/२० जारी गर्ने कार्यालय : जि.प्र.का,, बर्दिया **घ) नाम : निर्जला बस्नेत** बाबुको नाम : देपिन्द्र बस्नेत बाजेको नाम : इन्द्र बहादुर बस्नेत ठेगाना : बारबर्दिया-०६, बर्दिया ना.प्र.नं.:६५-०१-७८-०३८२५ जारी मितिः २०७८/०७/२३ जारी गर्ने कार्यालय : जि.प्र.का., बर्दिया
सुरक्षणमा रहेको धितोको विवरण : १) श्री मालपोत कार्यालय नेपालगंजको लगत श्रीमती याम कुमारी रोका क्षेत्रीको नाममा दर्ता श्रेस्ता कायम रहेको बाँके जिल्ला, नेपालगंज न.पा. वडा नं. १३ स्थीत कि.नं. ४२४ को क्षेत्रफल १८६ व.मी. रहेको घर/जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत। २) श्री मालपोत कार्यालय गुलरियाको लगत श्रीमती महेश्वरी बस्नेतको नाममा दर्ता श्रेस्ता कायम रहेको बर्दिया जिल्ला, मगरागाडी गा.वि.स. वडा नं. ०४ स्थीत कि.नं. ३२२ र ३२३ को क्षेत्रफल क्रमशः ४५ र ४७५ व.मी. रहेको घर/जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।	

ऋणीको विवरण	जमानतकर्ताको विवरण
५. ऋणीः कल्पना रानाभाट बाबुको नाम : ख्याम वहादुर रानाभाट पतिको नामः प्रशान्त कुमार सिंह ससुराको नाम : सुरेन्द्र प्रताप सिंह ठेगाना : भाटखोला-०५, स्याङ्जा हाल : रामग्राम-१०, नवलपरासी ना.प्र.नं. : ६२१९२ जारी मितिः २०५७/१०/२४ जारी गर्ने कार्यालय : जि.प्र.का., स्याङ्जा **कर्जा लिएको शाखा : भुमही**	**क) नाम : प्रशान्त कुमार सिंह** बाबुको नाम : सुरेन्द्र प्रताप सिंह बाजेको नाम : ध्रुवनारायण चौधरी ठेगाना : रामपुरखडौना-०८, नवलपरासी, हाल : रामग्राम-०८, नवलपरासी ना.प्र.नं. : ५६९८४, जारी मिति : २०५७/०९/१७ जारी गर्ने कार्यालय : जि.प्र.का., नवलपरासी **ख) नाम : सिमरन सिंह** बाबुको नाम : प्रशान्त कुमार सिंह बाजेको नाम : सुरेन्द्र प्रताप सिंह ठेगाना : सरावल-०६, नवलपरासी, हाल : रामग्राम-०३, नवलपरासी ना.प्र.नं. : ३६-०१-७८-०४५४७, जारी मिति : २०७८/०८/०८ जारी गर्ने कार्यालय : जि.प्र.का., नवलपरासी (व.सु.प)

का.नि.इ.नं.१२८/०६३/६४, म.क्षे.हु.नि.इ.न. १७/०६९/७७०

एक सातापछि महिला साफ च्याम्पियनसिपको प्रशिक्षण सुरु



नयाँ पत्रिका

अखिल नेपाल फुटबल संघ (एन्फा)ले एक सातापछि महिला साफ च्याम्पियनसिप प्रतियोगिताका लागि बन्द प्रशिक्षण सोमबारदेखि सुरु गरेको छ। एन्फाले यसअघि १५ वैशाखदेखि तयारी सुरु गर्ने भनेको थियो। तर, मोफसलमा आयोजना भइरहेका महिला गोल्डकप फुटबल प्रतियोगिताका कारण एन्फाले तोकिएको समयमा खेलाडीलाई बन्द प्रशिक्षण सुरु गर्न सकेन। झापा र पोखरामा आयोजित महिला गोल्डकपमा क्लोज क्याम्पमा रहेका सबैजसो खेलाडीले प्रतिस्पर्धा गरेका थिए। खेलाडी मैदानमा व्यस्त रहँदा नै प्रशिक्षण सुचारु गर्न नसकिएको एन्फाले जनाएको छ।

झापामा भएको पहिलो संस्करणको चन्द्रगढी महिला गोल्डकपमा नेपाल एपिएफले उपाधि भिडन्तमा त्रिभुवन आर्मी क्लबलाई हराएको थियो। आर्मी र एपिएफबाट खेलेका अधिकांश खेलाडी प्रारम्भिक ३५ घोषित टोलीमा थिए। यसको लगत्तै पोखरामा पनि पहिलो संस्करणको महिला गोल्डकप भयो। चार टोलीमा सहभागी भएको महिला गोल्कडपमा नेपाल पुलिस क्लबले एपिएफलाई पाखा लगाउँदै उपाधि हात पारेको थियो।

यी दुवै गोल्डकपको समाप्तिसपछि एन्फाले आफ्नो सम्पर्कमा आएका खेलाडीलाई प्रशिक्षणमा डाकेको हो। पहिलो दिनको प्रशिक्षणमा १४ खेलाडी मात्र उपस्थित भएका थिए। 'पहिलो दिनमा कम खेलाडी आएका छन्, तर हामीलाई मंगलबारदेखि प्रशिक्षणमा संख्या बढ्ने आशा छ,' एन्फाले भनेको छ, 'अहिले मोफसलमा आयोजना भइरहेका महिला गोल्डकप प्रतियोगिता पनि सकिएका छन्। प्रतियोगितामा सहभागी भएका खेलाडी बिस्तारै प्रशिक्षणमा जोडिनेछन्।'

एन्फाले साफ च्याम्पियनसिपका लागि महिला टोलीको मुख्य प्रशिक्षकमा नवीन न्यौपानेलाई जिम्मेवारी दिएको छ। मुख्यप्रशिक्षक न्यौपानेले नै सुरुमा ३५ खेलाडीलाई क्लोज क्याम्पमा डाकेका हुन्। उनले गत साता प्रशिक्षण सुरु गर्ने भने पनि खेलाडी नहुँदा स्थगित भएको थियो। अहिले धेरैजसो खेलाडी मोफसलमै छन्। उनीहरू काठमाडौं आउन केही समय लाग्ने देखिएको छ। 'पोखरामा चार टोली सहभागी हुँदा तत्काल खेलाडी प्रशिक्षणमा आउने सम्भावना भएन,' एन्फाले भन्यो, 'सबै खेलाडी आबद्ध हुँदा हामीलाई प्रशिक्षणमा कुनै समस्या हुनेछैन।'

२६ वैशाखदेखि बुटवलमा प्रतियोगिता

एन्फाले साफ च्याम्पियनसिपका लागि क्लोज क्याम्प सुरु गरे पनि आगामी शनिबारदेखि बुटवलमा दोस्रो राष्ट्रिय महिला फुटबल प्रतियोगिता हुँदै छ। यस प्रतियोगितामा विभागीय टोलीले नै प्रतिस्पर्धा गर्नेछन्। उनीहरूले बुटवलमा सहभागिता जनाउँदा प्रशिक्षणमा समस्या आउन सक्ने देखिन्छ। विशेषतः विभागीय टोलीले भाग लिँदा उसका खेलाडी प्रशिक्षणमा हुनेछैनन्। बुटवलमा सहभागी प्रतिस्पर्धा नगर्ने खेलाडीबिच मात्र प्रशिक्षण हुनेछ। यसैगरी, अहिले नेपाली राष्ट्रिय महिला टोलीका पहिलो सेटका खेलाडी पनि विदेशमा व्यावसायिक लिग खेलिरहेका छन्। प्रीति राई, रेनुका नगरकोटे, सरू लिम्बू, गोलरक्षक तथा पूर्वकप्तान अञ्जिला तुम्बापो सुब्बा विदेशी लिगमा छन्। मुख्य प्रशिक्षक न्यौपानेले तत्काल केही समयका लागि सिनियर खेलाडीको साथ पाउन गाह्रो छ।

आयोजकलाई दुई साताभित्र खेलाडीको लिस्ट पठाउनुपर्ने

भारतले आगामी १२ देखि २२ जेठसम्म दक्षिण एसियाली महिला साफ च्याम्पिनयसिप प्रतियोगिता आयोजना गर्दै छ। प्रतियोगितामा ६ राष्ट्रले भाग लिनेछन्। आयोजक भारतसँगै भुटान, नेपाल, श्रीलंका, बंगलादेश र माल्दिभ्सले प्रतिस्पर्धा गर्नेछन्। यसअघि अन्तर्राष्ट्रिय नियमअनुसार प्रतियोगिता सुरु हुनु कम्तीमा दुई साताअघि खेलाडीको अन्तिम सूची पठाइसक्नुपर्नेछ। अन्तर्राष्ट्रिय नियमअनुसार प्रतियोगिताको पहिलो खेल सुरु हुनु १० देखि १४ दिनभित्र सहभागी राष्ट्रले आ-आफ्ना अन्तिम खेलाडीको सूची पठाउनुपर्ने हुन्छ। यसपटक एन्फासँग खेलाडीको नाम पठाउन कम्तीमा तीन साताको समय बाँकी छ। एन्फाले खेलाडी तयारीदेखि अन्तिम सूची आयोजकलाई पठाउन लगभग २१ दिनको समय छ। मुख्य प्रशिक्षक न्यौपानेले यस अवधिमा प्रशिक्षण गराएका खेलाडीबिच उत्कृष्ट प्रदर्शन गरेकालाई अन्तिम सूचीका रूपमा तयार गर्नेछन्। उनले सम्भवतः झापा, पोखरा र बुटवलमा खेलाडीको प्रदर्शनका आधारमा पनि खेलाडी छनोट गर्न सक्छन्।

यसअघि महिला टोलीले फिफाको प्रत्येक संलग्नमा आयोजना हुने अन्तर्राष्ट्रिय फिफा फुटबल प्रतियोगितामा खेल्न पाएन। राष्ट्रिय खेलकुद परिषद्ले एन्फामाथि निलम्बन गरेपछि एन्फाले खेलाडीको सूची पठाउन पाएन। एन्फाले प्रशासनिक काममा समस्या भएको जनाउँदै अन्तिम समयमा फिफा सिरिजबाट नाम फिर्ता लिएको थियो। फिफाले तत्कालै नेपालको स्थानमा इन्डोनेसियालाई अवसर दियो। यसपटक एन्फाले खेलाडीलाई साफ च्याम्पियनसिपमा सहभागी गराउने उद्देश्यका साथ प्रशिक्षण सुरु गरिएको जनाएको छ। एन्फा निलम्बनमा पर्नुअघि खेलाडीले फिफा सिरिजका लागि तयारी थालेका थिए।

६ पटकको उपविजेता नेपाल

महिला साफ च्याम्पियनसिपमा नेपालले एकपटक पनि उपाधि जित्न सकेको छैन। तर, प्रतियोगितामा नेपाल पनि उपाधि दाबेदार टोली नै हो। नेपाल अहिलेसम्म ६ पटक उपविजेता भएको छ। सन् २०१०, ०१२, ०१४, ०१९, ०२२ र ०२४ को संस्करणमा नेपालले फाइनल गुमाएको थियो। भारतले भने सर्वाधिक पाँचपटक उपाधि जितेको छ। बंगलादेशले लगातार पछिल्लो दुई संस्करण हात पारेको छ। दक्षिण एसियाली फुटबल महासंघले साफ च्याम्पियनसिपको 'ड्र' निकाल्दा नेपाल समूह 'ए'मा छ। तुलनात्मक रूपमा नेपाल सहज समूहमा छ। यस समूहमा नेपालले भुटान र श्रीलंकासँग प्रतिस्पर्धा गर्नेछ। समूह 'बी'मा उपाधि दाबेदारहरू भारतसँगै बंगलादेश र माल्दिभ्स छन्। नेपालले १२ जेठमा भुटानसँग पहिलो खेल खेल्नेछ।

दर्शक नआएपछि क्यानले आधा घटायो टिकट मूल्य

क्यानले आइसिसी विश्वकप लिग-२ सिरिजमा नेपालको खेल हुँदा चार सय रुपैयाँ राखेको थियो। त्रिवि क्रिकेट मैदानमा दर्शकको उपस्थिति पातलो भएपछि मंगलबार नेपाल र ओमानबिचको खेलका लागि दुई सय रुपैयाँ तोकेको छ।



नयाँ पत्रिका

नेपाल क्रिकेट संघ (क्यान)ले कीर्तिपुरस्थित त्रिभुवन अन्तर्राष्ट्रिय क्रिकेट मैदानमा दर्शकको उपस्थित खासै नभएपछि मंगलबार नेपाल र ओमानबिचको खेलका लागि टिकट मूल्य आधा घटाएको छ। अहिले त्रिवि मैदानमा आइसिसी विश्वकप क्रिकेट लिग-२ अन्तर्गत आयोजक नेपाल, युएई र ओमानबिच त्रिकोणात्मक एकदिवसीय सिरिज चलिरहेको छ।

क्यानले सोमबार विज्ञप्तिमार्फत सिरिजको अन्तिम खेलमा दुई सय रुपैयाँ तिरेर दर्शकले खेल हेर्न सक्ने जनाएको छ। यसअघि नेपाल र युएईबिचको टी-२० आई सिरिजमा सात सय ५० रुपैयाँ टिकट मूल्य राखिएको थियो। त्यसपछि क्यानले विश्वकप लिग-२ का लागि चार सय टिकट मूल्य राख्यो। नेपालले ओमान र युएईसँग खेल्दा दर्शकले चार सय रुपैयाँ खर्चेका थिए। यसैगरी, युएई र ओमानबिचको दुवै खेलको टिकट मूल्य आधा घटाइएको थियो। मूल्य चर्को हुँदा नै लिग-२ मा क्यानले सोचेजस्तो दर्शकको उपस्थिति भएन। मूल्य बढी भएका कारण नै रंगशालामा समर्थक नपुगेको आलोचना क्यानले सामना गर्नुपरेको थियो।

पूर्वखेलाडीदेखि समर्थकसम्मले टिकटको मूल्य धेरै भएको टिप्पणी गरेका थिए। यसअघि घरेलु मैदानमा नेपालको अन्तर्राष्ट्रिय खेल हुँदा दर्शक भरिएका हुन्थे। लगभग दुई वर्षपछि घरेलु खेलाडीले त्रिवि मैदानमा प्रतिस्पर्धा गरिरहँदा दर्शकको साथ पाउन सकेनन्। फ्लडलाइट र प्यारापिट जडानपछि त्रिवि मैदानमा पहिलोपटक अन्तर्राष्ट्रिय एक दिवसीय सिरिज भएको हो। तर, १० हजार क्षमताको प्यारापिट भने खाली छ।

गत शुक्रबार सार्वजनिक बिदामा नेपालकै खेल भए पनि दर्शक आएनन्। यस दिन क्यान र घरेलु खेलाडीले मैदानमा दर्शक भरिने आशा गरेका थिए। तर, अपेक्षाअनुसार दर्शक मैदानमा पुगेनन्। नेपालको खेलका वेला चौर भरिने त्रिवि क्रिकेट मैदानमा प्यारापिट बनेपछि भएको अन्तर्राट्रिय खेलमा भने अधिकांश रित्तै हुन पुगे।

दर्शक नआउँदा घरेलु खेलाडी पनि निराश

सिरिजअन्तर्गत युएईविरुद्धको दोस्रो खेलमा शतकीय इनिङ्स खेलेका नेपालका उपकप्तान दीपेन्द्रसिंह ऐरीले समेत दर्शक रंगशाला नपुग्दा आफूलाई दुःख लागेको बताएका थिए। खेलपछि ऐरी मात्र नभएर सोमपाल कामीले समेत घरेलु दर्शकलाई मैदानमा आएर नेपालको खेल हेर्न आग्रह गरेका थिए। 'यस मैदानमा हामीले हजारौं दर्शकमाझ प्रतिस्पर्धा गर्‍यौं, तर अहिले निकै कम उपस्थिति भइरहेको छ,' शतकीय इनिङ्स खेलेपछि आयोजित पत्रकार सम्मेलनमा ऐरीले भनेका थिए, 'मैदानसम्म आएर हामीलाई समर्थन गर्न अनुरोध छ।'

घरेलु मैदानमा दर्शकको उपस्थितिमा प्रतिस्पर्धा गर्दा रमाइलो लाग्ने बताएका थिए। 'पहिला दर्शक आउनुहुन्थ्यो। अहिले टी-२० खेलमा पनि आउनुभएन, विश्वकप लिग-२ मा पनि आउनुभएन। खै के भएको हो, थाहा छैन। हामी खेलाडीलाई दर्शक आउनुहुन्छ भन्ने अपेक्षा थियो,' उनले भने, 'दर्शक हुनुभयो भने एकदमै सपोर्ट हुन्छ।'

अहिलेसम्म सिरिजका तीन खेल खेल्दा नेपालले दुई खेलमा जित र एक खेलमा हार निकालेको छ। नेपालले पहिलो खेलमा युएईलाई ३७ रनले हराएको थियो। दोस्रो खेलमा युएईमाथि डकवर्थ लेविसअनुसार ६ रनले नेपालले बाजी मारेको थियो। क्यानले आगामी शृंखलाका लागि टिकट मूल्य समायोजन गर्ने कि नगर्नेबारे कुनै बताएको छैन।

प्लानिङ ब्वाइजलाई हराउँदै फ्रेन्ड्स सेमिफाइनलमा



मकवानपुरमा पोष्टराज अधिकारी

आठौं संस्करणको बागमती गोल्डकप फुटबल प्रतियोगिताअन्तर्गत सोमबार फ्रेन्ड्स क्लब सेमिफाइनलमा प्रवेश गरेको छ। सहिद स्मृति रंगशालामा भएको क्वार्टरफाइनलमा फ्रेन्ड्सले प्लानिङ ब्वाइज युनाइटेडलाई टाइब्रेकरमा ३-२ ले पराजित गर्दै अन्तिम चारको स्थान पक्का गरेको हो। निर्धारित ९० मिनेटको खेल गोलरहित बराबरीमा सकिएको थियो। त्यसपछि खेलको निर्णय टाइब्रेकरबाट भयो। टाइब्रेकरमा प्लानिङ ब्वाइजका कप्तान फागुराम थारू र शिशिरले गोल गरेका थिए।

प्लानिङ ब्वाइजका प्रतापसिंह राई, पूजन थापा र निङ्मा घिसिङका प्रहार असफल भए। फ्रेन्ड्सका सुदर्शन श्रेष्ठ, प्रशान्त लक्ष्मी र दीपेश गुरुङले गोल गरे। कप्तान रूपेश केसी र योगेश गुरुङका प्रहार सफल भएनन्। खेलमा उत्कृष्ट प्रदर्शन गरेका फ्रेन्ड्सका महेन्द्र कार्की म्यान अफ दी म्याच हुँदै १० हजार रुपैयाँ पाएका छन्। फ्रेन्ड्सले अब फाइनल प्रवेशका लागि सर्लाहीको बागमती युथ क्लबसँग प्रतिस्पर्धा गर्नेछ।

प्रतियोगिताअन्तर्गत २६ वैशाखमा फाइनल हुनेछ। आयोजकसहित १० टोली सहभागी प्रतियोगिताका विजेताले १० लाख रुपैयाँ र उपविजेताले पाँच लाख रुपैयाँ पुरस्कार प्राप्त गर्नेछन्। प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडीले एक लाख रुपैयाँ हात पार्नेछन्। विधागत उत्कृष्ट खेलाडीले जनही २५ हजार रुपैयाँ प्राप्त गर्ने आयोजकले जनाएको छ।

■ पेसावरले जित्यो पाकिस्तान सुपर लिग



एजेन्सी / पेसावर जाल्मीले पाकिस्तान सुपर लिग २०२६ को फाइनलमा हैदराबाद किङ्समेनलाई पराजित गर्दै दोस्रोपटक उपाधि जितेको छ। अस्ट्रेलियन अलराउन्डर आरोन हार्डीले अलराउन्ड प्रदर्शन गरेपछि पेसावरले उपाधि हात पारेको हो। पेसावरले सन् २०१७ पछि दोस्रोपटक उपाधि हात पारेको हो। यसअघि इस्लामाबाद युनाइटेड र लाहोर कलन्दर्सले मात्र एकभन्दा बढी उपाधि जितेका छन्। आरोनले बलिङमा चार विकेट र ब्याटिङमा नटआउट ५६ रनको योगदान दिएका थिए। पेसावरले उपाधि भिडन्तमा हैदराबादलाई पाँच विकेटले हराएको हो। पराजित गर्दै पेसावरले दोस्रोपटक उपाधि जितेको हो। आरोनको उत्कृष्ट बलिङ स्पेल सामना गर्न नसकेको हैदराबादले एक सय २९ रन मात्र बनाएको थियो। पेसावरले पाँच विकेटको क्षतिमा जित निकाल्यो। हैदराबादले खडा गरेको योगफल पाकिस्तान सुपर लिगको फाइनलकै कम योगफल पनि हो।

खेल संक्षेप

बागमतीलाई बेसबल उपाधि

काठमाडौं / दोस्रो राष्ट्रिय बेसबल फाइभ च्याम्पियनसिपको उपाधि बागमती प्रदेशले जितेको छ। रोमाञ्चक फाइनल भिडन्तमा सुदूरपश्चिम प्रदेशलाई १४-८ ले हराउँदै बागमतीले स्वर्ण पदकमाथि कब्जा जमाएको हो। लुम्बिनी प्रदेश तेस्रो भएको छ। विजेता बागमतीले ३० हजार, उपविजेता सुदूरपश्चिमले २० हजार र तेस्रो हुने लुम्बिनीले १० हजार रुपैयाँ पुरस्कार पाएको आयोजकले जनाएको छ। यसैगरी, बागमतीका दीपेश माझी उत्कृष्ट खेलाडी घोषित भएका छन्। उनले टोलीलाई जिताउन महत्त्वपूर्ण भूमिका खेलेका थिए। आयोजक कमिटीका संयोजक सुरेन्द्र थपलियाले प्रतियोगितामा सात प्रदेश र एक विश्वविद्यालय गरी कुल आठ टोलीले भाग लिएका थिए।

ह्यान्डबलका रेफ्रीलाई प्रशिक्षण

कास्की / दक्ष रेफ्री उत्पादनसँगै प्राविधिक विकास गर्ने उद्देश्यसहित पोखरामा ह्यान्डबलका रेफ्रीहरूको प्रशिक्षण सम्पन्न भएको छ। नेपाल ह्यान्डबल संघको आयोजनामा चलेको पाँचदिने प्रशिक्षण सोमबार सकिएको हो। प्रशिक्षणमा पाँच प्रदेश र विभागीय टोलीका गरी २५ जना रेफ्रीहरूको सहभागिता रहेको संघका महासचिव केशव पाठकले जानकारी दिए। प्रशिक्षणमा सहभागीलाई नयाँ नियमहरू, रेफ्रीको भूमिका, खेल सञ्चालनका लागि आवश्यक प्राविधिक पक्षसम्बन्धी प्रशिक्षण भारतीय मुख्य प्रशिक्षकद्वय अनुपसिंह कास्वान र तेजवीर सिंहले दिएका थिए। संघका अध्यक्ष पीताम्बर तिम्सिनाले सातै प्रदेशमा युवा प्रतिभा पहिचान, खेलाडी उत्पादन र प्राविधिक विकासका कार्यक्रमलाई थप प्रभावकारी बनाइने बताए। पाँचदिने प्रशिक्षणले नेपाली ह्यान्डबलमा दक्ष प्राविधिक जनशक्ति उत्पादन गर्दै खेलको स्तर अभिवृद्धि गर्न महत्त्वपूर्ण योगदान पुऱ्याउने उनले बताए।

बाल व्यवसायी फाइनलमा

काठमाडौं / साबिक विजेता मनास्लु र बाल व्यवसायी केन्द्र माबि चौथो वडा अध्यक्ष कप अन्तरविद्यालय छात्र फुटबल प्रतियोगितामा सोमबार फाइनलमा प्रवेश गरेका छन्। काठमाडौं महानगरपालिका वडा ७ को आयोजनामा भइरहेको प्रतियोगिताको सेमिफाइनलमा मनास्लुले हिलारी 'बी'लाई १-० गोलले पराजित गऱ्यो। चाबहिलस्थित चन्द्रविनायक पार्कको मैदानमा भएको अर्को सेमिफाइनलमा बाल व्यवसायीले पशुपति मित्र माबि 'बी'लाई १-० गोलले हरायो। प्रतियोगिताको फाइनल मंगलबार हुनेछ। सेभेन ए साइड स्वरूपको नकआउट प्रतियोगिताको विजेताले ३० हजार र उपविजेताले १५ हजार रुपैयाँ पाउनेछन्। विधागत चार उत्कृष्ट खेलाडी जनही दुई हजार पाँच सय नगदबाट पुरस्कृत हुनेछन्।

नेपाललाई चार स्वर्ण

काठमाडौं / चीनको हाइनान ओपन अन्तर्राष्ट्रिय तेक्वान्दो च्याम्पियनसिपमा नेपाली खेलाडीले चार स्वर्ण जितेका छन्। नेपाली टोलीका प्रशिक्षक इन्द्रराज खड्काका अनुसार भिजन तामाङले दुई स्वर्ण जितेका छन्। भिजनले व्यक्तिगत पुम्सेको १९ वर्षमुनि उमेर समूह र ४९ केजी तौल समूहमा स्वर्ण जित्न सफल भए। आयुश बोहराले पनि स्वर्णसहित कांस्य पदक हात पारे। ब्रेकिङ इभेन्टमा स्वर्ण जितेका आयुशले व्यक्तिगत पुम्सेमा भने कांस्यमा सीमित भए। सन्दीप बस्नेतले पनि ब्रेकिङमा स्वर्ण प्राप्त गरे। प्रतियोगिता २ देखि ४ मेसम्म चीनको सान्यामा भएको थियो।

इन्टर मिलान २१औँपटक इटालियन सिरी 'ए' च्याम्पियन

तीन खेलअघि इन्टर मिलानले उपाधि जित्दा साबिक विजेता नेपोलीसँग शीर्ष स्थानमा १२ अंकको लियो अग्रता

एजेन्सी



इन्टर मिलान २१औँपटक सिरिए 'ए' लिग च्याम्पियन बनेको छ। इन्टर मिलानले तीन खेलअगाडि उपाधि हात पारेको छ। उपाधि हात पार्ने क्रममा आइतबार राति इन्टर मिलानले पार्मालाई २-० ले हरायो। च्याम्पियन बन्न इन्टर मिलानलाई एक अंकको आवश्यकता थियो। घरेलु मैदान सान सिरोमा विपक्षी पार्मालाई हराउँदै सानदार ढंगले उपाधि जित्यो। इन्टर मिलानको जितमा मार्कस थुराम र हेनरिक मखितार्यानले एक-एक गोल गरेका थिए। इन्टर मिलानले साबिक विजेता नोपोलीभन्दा १२ अंकको स्पष्ट अग्रता बनाएको छ।

फ्रान्सेली स्ट्राइकर मार्कसमले पहिलो हाफको इन्जुरी समयमा इन्टर मिलानलाई १-० को अग्रता दिलाए। खेलको ८०औँ मिनेटमा वैकल्पिक खेलाडीका रूपमा मैदान प्रवेश गरेका लाउटारो मार्टिनेजको पासमा मखितार्यानले इन्टर मिलानलाई २-० को जित दिलाए। खेल सकिएपछि मैदानमा निला र सुनौला रिबनहरू उडाइएको थियो। इन्टर मिलानका प्रशिक्षक क्रिस्टियन चिभुका लागि प्रशिक्षकका रूपमा यो पहिलो महत्त्वपूर्ण उपाधि हो। एक खेलाडीका रूपमा उनले इन्टर मिलानबाटै तीनपटक सिरी 'ए' लिग जितेका थिए। सिरी 'ए' लिगको १२औँ स्थानमा रहेको पार्माविरुद्ध इन्टर मिलानले पूरै खेल नियन्त्रणमा राखेको थियो। उसले खेलमा ५९ प्रतिशत बल पोसेसन बनाएको थियो। इन्टर मिलानले विपक्षीको पोस्टमा १२ पटक आक्रमण गऱ्यो। पछिल्ला ६ खेलमा मात्र १९ गोल गरेको इन्टर मिलानले ३५ मध्ये २६ खेलमा जित निकालेको छ।

म्यानचेस्टर युनाइटेड च्याम्पियन्स लिगमा

म्यानचेस्टर युनाइटेडले सोमबार राति रोमाञ्चक प्रतिस्पर्धामा लिभरपुललाई ३-२ ले निराश बनाएको छ। जितसँगै युनाइटेड दुई वर्षपछि युरोपको प्रतिष्ठित फुटबल प्रतियोगिता च्याम्पियन्स लिगमा छनोट भएको छ। युनाइटेडका लागि युवा खेलाडी कोबी मैनुले खेलको ७७औँ मिनेटमा निर्णायक गोल गरेका थिए। उनले तीन दिनअघि मात्र युनाइटेडसँग पाँच वर्षको नयाँ सम्झौता गरेका थिए।

खेलको पहिलो हाफमै युनाइटेडले लिभरपुलविरुद्ध २-० को अग्रता लिएको थियो। युनाइटेडका लागि म्याथ्युस कुन्हा र बेन्जामिन सेस्कोले गोल गरेका थिए। दोस्रो हाफमा लिभरपुलले आक्रामक खेल प्रस्तुत गर्दै २-२ को बराबरी गोल फर्काएको थियो। लिभरपुललाई डोमिनिक सोबोस्लाई र कोडी गाक्पोले गोल गर्दै बराबरीमा ल्याएका हुन्। दुवैले युनाइटेडका गल्तीमा गोल गरेका थिए।

युनाइटेडलाई कार्यवाहक प्रशिक्षक माइकल क्यारिकले प्रशिक्षण दिइरहेका छन्। उनको प्रशिक्षणमा युनाइटडले महत्त्वपूर्ण जित निकाल्यो। सन् २०१५-१६ को सिजनपछि युनाइटेडले दुवै लेगमा लिभरपुललाई एकै सिजनमा हराएको हो।

टोटनह्यामले भिल्लालाई हरायो

इंग्लिस प्रिमियर लिगमा टोटनह्यामले एस्टन भिल्लालाई २-१ ले हराएको छ। जितसँगै टोटनह्याम रेलिगेसन क्षेत्रबाट बाहिरिएको छ। खेलको १२औँ मिनेटमा कोनर गालाघरले उत्कृष्ट गोलमा टोटनह्यामले १-० को अग्रता लिएको थियो। उनले पोस्टभन्दा २५ यार्ड टाढाबाट सीधै गोल गरेका थिए। खेलको २५औँ मिनेटमा टोटनह्यामले रिचार्लिसनको हेडिङ गोलमा २-० को अग्रता बनायो। दोस्रो हाफमा टोटनह्यामले खेलमा बलियो पकड बनाउन सकेन। टोटनह्यामले दुई गोल रक्षा गर्ने रणनीतिका साथ प्रतिस्पर्धा गरेको थियो। जसका कारण एस्टोन भिल्लाले विपक्षीमाथि दबाब बनायो। खेलको अन्तिममतिर एस्टान भिल्लाले २-१ का लागि गोल फर्कायो। जितसँगै टोटनह्याम १७औँ स्थानमा उक्लिएको छ। टोटनह्यामले रेलिगेसन जोनमा रहेको वेस्ट ह्याम युनाइटेडमाथि एक अंकको दूरी बढाएको छ। वेस्ट ह्याम अघिल्लो खेलमा ब्रेन्टफोर्डसँग ३-० ले पराजित भएको थियो।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com